जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक २, २०८० साल वैशाख ८ गते शुक्रबार, नेपाल संवत् ११४३ (April. 21, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## जग्गाको कित्ताकाट खुल्यो

काठमाडौं। सरकारले जग्गाको कित्ताकाट खुला गरेको छ। मन्त्रिपरिषद् बैठकले मंगलबार भू-उपयोगसम्बन्धी पहिलो संशोधन नियमावली-०७९ लाई स्वीकृत गर्दै कित्ताकाट खुला गरेको सरकारकी प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले दिएकी छन्। 'भू-उपयोगसम्बन्धी पहिलो संशोधन नियमावली-०७९ स्वीकृत गर्ने निर्णय भएको छ, अहिलेसम्म अंशबन्डा, कारोबार र कित्ताकाटसम्बन्धी समस्याको सहजीकरण नियमावलीले गर्नेछ,' उनले भनिन्।

कित्ताकाट र घरजग्गा कारोबारसम्बन्धी बाँकी ८ पेजमा

## राजस्व संकलनमा कमी

काठमाडौं। चालु आर्थिक वर्षको ९ महिना सकिँदा सरकारको आम्दानीभन्दा खर्च २ खर्ब १९ अर्ब बढी देखिएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार साउनदेखि चैत मसान्तसम्म आउँदा सरकारले कुल ७ खर्ब २४ अर्ब आम्दानी गरेको छ भने सो अवधिमा ९ खर्ब ४३ अर्ब खर्च भएको छ।

सरकारी राजस्व संकलन निराशाजनक देखिँदा समग्र सरकारी आम्दानीमा असर परेको हो। ९ महिनामा सरकारले बजेटमार्फत लिएको लक्ष्यको आधा पनि राजस्व उठ्न सकेन। बजेटमार्फत सरकारले कुल १४ खर्ब ३ बाँकी ८ पेजमा

# राजनीतिक संरक्षण प्राप्त भ्रष्टाचारमा अख्तियारको मौनता

काठमाडौं। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नेतृत्वमा छन् प्रेमकुमार राई प्रमुख आयुक्तको रुपमा। उनी एमाले अध्यक्ष केपी शर्मा ओलीप्रति बफादार मानिन्छन्। ओली प्रधानमन्त्री भएका बेला राई अख्तियार प्रमुखमा नियुक्त भएका हुन्। संसदको संसदीय सुनुवाई समितिमा उनको योग्यताको परीक्षण हुन पाएन। ओलीले त्यसबेला संवैधानिक परिषद्को गठन प्रक्रियालाई नै संशोधन गरेर प्रधानमन्त्री, प्रधानन्यायाधीश र राष्ट्रिय सभाका अध्यक्ष मात्र संवैधानिक परिषद्मा रहने व्यवस्था गरे। सभामुख उपसभामुख र प्रतिपक्षी दलका नेता समेत संवैधानिक परिषद्का पदेन सदस्य हुने संवैधानिक प्रावधानविपरीत प्रधानमन्त्री प्रधानन्यायाधीश र राष्ट्रिय सभाका अध्यक्ष मात्र भए बहुमत पुग्ने नियमावली बनाएर रिक्त संवैधानिक अंगहरूमा ओलीले भटाभट आफ्ना मान्छे नियुक्त गरे। तिनै आफ्ना मान्छेहरूमध्येका हुन् राई। राईभन्दा अघि अख्तियारको प्रमुख आयुक्त थिए नवीन घिमिरे। घिमिरेले प्रमुखका रुपमा दुई वर्षसहित साडे पाँच वर्ष अख्तियारमा बिताए। विवादास्पद अख्तियार प्रमुख लोकमानसिंह कार्कीको पालामै सुरु भएको सानालाई बाँकी नराख्ने ठूलालाई छुनै नसक्ने प्रवृत्ति राईको नेतृत्वकालमा पनि देखियो।

रंगेहात र नक्कली प्रमाणपत्र तथा साना प्रवृत्तिका भ्रष्टाचार मुद्दा दायर गर्ने क्रममा केही वर्षयता अख्तियारले संख्या बढाइरहेको छ र सफलता पनि पाएको छ। तर ठूला अनियमितता राजनीतिक संरक्षण प्राप्त भ्रष्टाचार काण्ड र सत्ताको आडमा हुने अनियमिततामा अख्तियारले भ्रष्टाचार मुद्दा अघि बढाउन त टाढाको कुरा, आइन्दा यसो नगर भनेर चेतावनी समेत दिन सकेको छैन। जहाँबाट जसले नियुक्ति गरेको हो, उसकै इच्छा र इसाराअनुसार काम गर्दा ठूला भ्रष्टाचार छानबिनमा अख्तियार चुक्ने गरेको छ। शक्तिकेन्द्रको कृपाले नियुक्ति पाएकाहरू उनीहरूप्रति बफादार हुनु स्वाभाविकै हो। भ्रष्टाचार मुद्दा दायर गर्नुपर्ने तर शक्तिकेन्द्रको प्रभाव र राजनीतिक




दबाबका कारण अख्तियार अघि बढ्न नसकेका केही उदाहरणहरू यस्ता छन् :

**ट्रष्टको जग्गा**

नेपाल ट्रष्टको जग्गा र सम्पत्तिमाथि सत्ताको आडमा यति समूहले लिएको अस्वाभाविक र कानुन विपरीत लाभमा अख्तियार मौन मात्र बसेन, उसैको अनुकूल हुने गरी निर्णय समेत गरिदियो। दरबारमार्गस्थित नेपाल ट्रस्टको जग्गा लिज अनियमितताको उजुरी छानबिन नै नगरी टुंग्यायो। झन्डै ५ अर्ब रुपैयाँ अनियमितता भएको घटनामा अख्तियारले प्रारम्भिक अनुसन्धानबाट फाइल तामेली राखेको थियो। यही घटनामा महालेखा परीक्षकको कार्यालयले अनियमितता भएको निष्कर्षसाथ छानबिन गरी यकिन हुनुपर्ने निर्णय गरेको थियो।

अख्तियार स्रोतबाट प्राप्त कागजात अनुसार दरबारमार्गस्थित जग्गामा भवन बनाउने र ३० वर्षसम्म भाडामा लगाउने भनी थामासेर्कु ट्रेडिङले भवन निर्माणको १९ करोड २९ लाख रुपैयाँसहित ६ अर्ब ४५ करोड रुपैयाँ बुझाउने प्रस्ताव गरेको थियो। सुरुमा ६ अर्ब ४५ करोड रुपैयाँमा ३० वर्ष लिजमा लिन तयार कम्पनीले पछि त्यति रकम तिर्न सकिँदैन भनेर एक अर्ब २९ करोड रुपैयाँ मात्रै सम्झौता गर्ने प्रस्ताव गरेको थियो। प्रस्ताव खुरु खुरु स्वीकार गरेर राज्यकोषमा ४ अर्ब ८६ करोड रुपैयाँ नोक्सान हुने गरी सम्झौता भएकोमा अख्तियारले देखेको नदेख्यै गरी जोगायो। अख्तियार नेतृत्वले यति चतुऱ्याइँ गऱ्यो कि प्रारम्भिक तहमै उजुरी तामेलीमा राखिदिएर अख्तियारको वार्षिक प्रतिवेदन लगायतमा अभिलेख नै नरहने बनाइदियो।

सामान्यतया छानबिन परेको बाहेकका पक्षलाई पत्रबाट जानकारी दिने चलन नभए पनि तत्कालीन अनुसन्धान अधिकृत उपसचिव बाबुराम खतिवडाले थामासेर्कुमा पनि पत्र पठाएका थिए। ट्रस्टको कार्यालयमा पठाएको पत्रमआ उजुरी तामेलीमा पठाइएको उल्लेख छ। अस्वाभाविक बढी मूल्यांकन भएका कारण पछि दुवै पक्ष समझदारीमा आउनुपर्ने स्थिति सिर्जना हुन आएको देखिँदा उप्रान्त कानुन बमोजिम ट्रस्टको जग्गा लिजमा दिने व्यवस्था गर्ने पत्रमा भनिएको थियो। नेतृत्वको निर्देशनअनुसार काम गरेकाले तत्कालीन उपसचिव खतिवडा सहसचिवमा बढुवा भएर फेरि अख्तियारकै कन्चनपुर कार्यालयका प्रमुख बनेका थिए। थामासेर्कुका प्रमुख सोनाम लाक्पा शेर्पा हुन्। उनी केपी ओली निकटस्थ पर्यटन व्यवसायी हुन्। उनी सगरमाथा आरोही प्रथम नेपाली महिला भनेर राष्ट्रिय विभूति घोषणा गरिएकी पासाङ ल्हामु शेर्पाका पति हुन्। सोनामका भाइ आङछिरिङ शेर्पा यति एयरलायन्सका प्रबन्ध निर्देशक थिए। उनी ताप्लेजुङमा हेलिकप्टर दुर्घटनामा दिवंगत भए। लुम्बिनी उद्यानमा आङछिरिङको सालिक राख्न समेत तत्कालीन प्रधानमन्त्री ओलीले अनुमति दिए। सोनाम पुत्री आङफुटी शेर्पालाई बाँकी ८ पेजमा

## सिन्धुज्वालामा ५५ करोडको घोटाला

काठमाडौं। झोलामा खोला बोकेर हिँड्ने गिरोहले सिन्धुज्वाला हाइड्रोपावर प्रोजेक्टका नाममा शेयर संस्थापक सदस्यहरूको ५५ करोड रुपैयाँ झ्वाम पारेका छन्। सिन्धुपाल्चोक जिल्लाको नेस्सम खोलाबाट ४३ मेगावाट बिजुली निकाल्ने र विद्युत उत्पादनको तीन वर्षपछि नै आकर्षक नाफा कमाउने प्रलोभन दिएर मुलुकका ठूलाबडा भनिने मानिसहरूकै संलग्नतामा उठेको पूरै रकम अर्थात् ५५ करोड नै स्वाहा पारिएको छ।

पूर्व महालेखा परीक्षक बद्रीबहादुर कार्की, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. गोविन्द पोखरेल, व्यवसायी चूर्णप्रसाद श्रेष्ठलगायत व्यक्तिहरू बोर्डमा बसेर उनीहरूकै व्यक्तित्वको बिक्री गरेर सर्वसाधारणसँग प्रतिव्यक्ति बाँकी ८ पेजमा

## रुख र सूर्यलाई घन्टीको चुनौती

काठमाडौं। आइतबार सम्पन्न हुने तीनवटा क्षेत्र चितवन २, बारा २ र तनहुँ १ को उपनिर्वाचनमा आफ्नो राजनीतिक विरासत जोगाउन कांग्रेस, एमाले र जपसालाई हम्मे हम्मे पर्दै गएको छ। चितवन २ मा त कांग्रेस र एमालेले हात उठाइसकेको अवस्था छ। त्यहाँ कांग्रेसले जितनारायण श्रेष्ठ र एमालेले रामप्रसाद न्यौपानेलाई उम्मेदवार बनाएको छ। कांग्रेस र एमालेले सशक्त उम्मेदवार नउठाएकै कारण राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई जित निकाल्न सहज भएको छ। यसअघि भएको मंसिर ४ को निर्वाचनमा लामिछानेले देशभरमै सबैभन्दा बढी मतान्तरले निर्वाचन जितेका थिए।



नागरिकता विधेयकमा उनको सांसद पद गुमेपछि चितवन २ मा उपनिर्वाचन हुन लागेको हो। लामिछाने पुनः जित दोहोऱ्याउने कसरतमा छन्। उनको अर्को राहदानी दुरुपयोग मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ। यदि सर्वोच्चले उनलाई दोषी ठहर गरे पुनः उनको सांसद पद नरहन पनि सक्छ। यदि यस्तो भए चितवन २ का मतदाताले दोस्रो उपनिर्वाचनको उत्सवमा फेरि रमाउन पाउने छन्। चितवन २ मा कांग्रेस र एमालेले आक्रमक चुनाव प्रचार समेत गर्न नसकेका कारण लामिछानेको जित करिव सुनिश्चित देखिएको विश्लेषण गरिँदैछ। पहिले प्राप्त गरेको मतभन्दा कम मत आए लामिछानेको लोकप्रियता खस्किएको र बढी मत प्राप्त गरे उनको मात्रै होइन सिंगो पार्टी रास्वपाकै चर्चा चुलिने राजनीतिक विश्लेषकहरू बताउँछन्।

विशेषतः तनहुँ १ र बारा २ को उपनिर्वाचनमा सत्ता गठबन्धनले आफ्नो सम्पूर्ण शक्ति केन्द्रित गरेको छ। रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि तनहुँ १ मा उपनिर्वाचन हुन लागेको हो। त्यहाँ सत्ता गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार गोविन्द भट्टराई चुनावी मैदानमा छन्।

कांग्रेसले तनहुँ १ को उपनिर्वाचनलाई आफ्नो प्रतिष्ठाको विषय बनाएको छ। रामचन्द्र पौडेलको स्थान जोगाउने कांग्रेसको मूल धेय देखिन्छ। त्यसैले त कांग्रेस सभापति बाँकी ८ पेजमा

## सीमा व्यवस्थापनमा भारतको हेलचेक्र्याइँ

काठमाडौं। नेपाल र भारत दुवै मुलुकका नापी विभागका प्रमुख रहेको संयन्त्र बिडब्लुजीको बैठक सुरुमा कोरोना र त्यसपछि लिम्पियाधुरासम्मको जमिन समेटेर नेपालले चुच्चे नक्सा जारी गरेपछि भारतीय पक्ष तयार नहुँदा बस्न सकेन।

नेपाल र भारतबीच सुस्ता र कालापानीबाहेक सीमा क्षेत्रमा काम गर्ने दुवै देशका अधिकारी रहने सीमा कार्य समूह (बाउन्ड्री वर्किङ ग्रुप अर्थात् बिडब्लुजी) को बैठक र यो संयन्त्रअन्तर्गतको काम तीन वर्षदेखि ठप्प छ।

संयन्त्रलाई नेपाल-भारत सीमा क्षेत्रको नक्सांकन तथा नापी कार्य व्यवस्थित गर्ने, दुई हजार पाँच सय ५३ सीमास्तम्भको अवस्था निरीक्षण, मर्मतसम्भार गर्ने, फिल्ड निरीक्षणका आधारमा दशगजा क्षेत्रको दुवैतर्फ अतिक्रमण तथा भोगचलन भएका क्षेत्रको पहिचान गर्ने र सरकारलाई प्रतिवेदन दिने कार्यसूची दिइएको छ।

बिडब्लुजीको बैठक ०७१ पछि जम्मा पाँचपटक बस्यो। बैठक हरेक वर्ष बस्नुपर्ने प्रावधान छ। पछिल्लोपटक ०७५ असोज ५ गते पाँचौं बैठक बाँकी ८ पेजमा

## १ खर्ब १९ अर्ब रुपैयाँ बेरुजु

सरकारी संरचनाहरूले कानुन उल्लंघन गर्दै खर्च गर्ने र नियमअनुसार असुल गर्नुपर्ने आम्दानी नउठाएपछि एक आर्थिक वर्षमै १ खर्ब १९ अर्ब रुपैयाँ बेरुजु बढेको छ। महालेखा परिक्षकले बिहीबार सार्वजनिक गरेको ६० औं वार्षिक लेखापरीक्षण प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा १ खर्ब १९ अर्ब ७७ करोड ७० लाख रुपैयाँ बेरुजु कायम भएको छ। योसहित कुल बेरुजु ९ खर्ब ५९ अर्ब ७९ करोड ७ लाख रुपैयाँ पुगेको छ। यसमध्ये ५ खर्ब ८७ अर्ब ३३ करोड ९४ लाख रुपैयाँ अद्यावधिक गर्नुपर्ने बेरुजु हो भने ३ खर्ब ७२ अर्ब ४५ करोड १३ लाख रुपैयाँ कारबाही गरी तत्काल टुंगो लगाउनुपर्ने खालको बेरुजु हो।

महालेखाको प्रतिवेदनअनुसार गत आर्थिक वर्षका लागि संघीय सरकारअन्तर्गतका ६ हजार ५ सय ४६ सरकारी निकायको लेखापरीक्षण गरिएको थियो। यस्ता निकायमा कुल ७१ खर्ब ३८ अर्ब ७४ करोडको लेखापरीक्षण भएको हो। लेखापरीक्षण गरेको मध्ये गत वर्षको मात्र संघीय सरकारको बेरुजु ५६ अर्ब ३१ करोड ९ लाख रुपैयाँ कायम भएको छ। प्रदेशको बेरुजु ७ अर्ब २० करोड ५० लाख रुपैयाँ हो भने स्थानीय तहको बेरुजु ४२ अर्ब ८८ करोड ९ लाख रुपैयाँ छ। त्यस्तै संगठित संस्था, समिति र अन्य संस्थाहरूको बेरुजु १३ अर्ब ३८ करोड २ लाख रुपैयाँ हो। मन्त्रालयगत रुपमा सबैभन्दा धेरै बेरुजु अर्थ मन्त्रालयकै रहेको पाइएको छ। संघीय सरकारी कार्यालयतर्फ आर्थिक वर्ष २०७८/७९ मा रकमगत आधारमा अर्थ मन्त्रालयको मात्रै बेरुजु ५७. ६६ प्रतिशत बराबर छ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनअनुसार अर्थपछि भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको बेरुजु प्रतिशत १५.६२ रहेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ४.८१, कृषि तथा बाँकी ८ पेजमा

## व्यापार घाटा १० खर्ब ८३ अर्ब २२ करोड

सरकारले आयात खुकुलो बनाएसँगै चैतमा यस वर्षकै धेरै आयात भएको छ। भन्सार विभागको तथ्यांक अनुसार चैतमा १ खर्ब ४३ अर्ब १२ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ। यो चालु वर्षकै ८ महिना यताकै सबैभन्दा बढी हो।

काठमाडौं। चालु आर्थिक बर्षको चैत महिनामा नेपालले सबैभन्दा धेरै मात्रामा वस्तु आयात गरेको कारण व्यापार घाटा १० खर्बमा सिमित भएको छ। चालु आर्थिक वर्षको ९ महिनामा १० खर्ब ८३ अर्ब २२ करोड रुपैयाँको व्यापार घाटा कायम रहेको छ। यो अघिल्लो बर्षको यही अवधिको तुलनामा बाँकी ८ पेजमा

## एसएसबीको दादागिरी




काठमाडौं। कञ्चनपुरको दक्षिणी क्षेत्रमा फेरि सीमा विवाद सुरु भएको छ। बेलौरी नगरपालिका-८ पचुईमा विद्युत् लाइन व्यवस्थित गर्न खोज्दा भारतीय सशस्त्र सीमा बल (एसएसबी) ले अवरोध गरेको हो। पचुईमा एसएसबीले सीमा विवादकै कारण ५ वर्षदेखि हुलाकी सडक निर्माणमा पनि अवरोध गर्दै आएको छ। बाँकी ८ पेजमा

## मातातीर्थे औंशी तथा आमाको मुख हेर्ने पर्व

**समय सन्दर्भ**

**हर्क याक्सो**

हिन्दू धर्मशास्त्रले "मातृ देवो भव" भनेको पाइन्छ। अर्थात् जहाँ माताको वास हुन्छ त्यही देवताको पनि वास हुन्छ भनिएको हो। हिन्दू धर्मले आमालाई पहिलो देवता वा तीर्थको रुपमा मान्यता गरेको छ। त्यसकारण वैशाख कृष्ण औंशीको दिनलाई हिन्दू धर्माबलम्बीहरूले माता तिर्थे शौशी वा आमाको मुख हेर्ने पर्वको रुपमा मान्ने गरेका छन्। त्यस दिन सबै छोराछोरीहरूले आमाको दूधको भारा चुक्ता गर्न वा आमाबाट छोराछोरी उपर गरिएको लाखौं-करोडौंको लगानीलाई चुक्ता गर्नको लागि हरेक प्रकारहरूबाट प्रयत्न र प्रयासहरू गर्दछन्। अर्थात् आमालाई मीठामीठा परिकारहरू ख्वाएर वा राम्राराम्रा लुगा-बस्त्रहरू टक्राएर आमाबाट आशिरवाद लिने गर्दछन्। किनकि शास्त्रहरूमा देव ऋण, पितृ ऋण र मनुष्य ऋण, आदि ऋणहरू अनिवार्य रुपमा



तिर्नु पर्ने शर्तहरू उल्लेख भएका छन्। साँच्चै नै आमाले छोराछोरीको लागि ठुलो ऋण लगाएकी हुन्छिन्। सर्वप्रथम आमाले बच्चालाई भ्रुणको रुपमा दश महिना सम्म पेटमा बोकीहिडेकी हुन्छिन् भने जन्म दिएपछि पनि बच्चालाई हुर्काउन, बढाउन र पढाउनको लागि आफ्नो सर्बस्व खर्च गरेकी हुन्छिन्। बच्चाको लागि पनि आमा भन्दा ठुलो वस्तु यो संसारमा अरु केही हुदैन। त्यसकारण कुनै पनि छोराछोरीहरूबाट पितृ ऋण वा कमातृ ऋण चुकाउनु अति आवश्यक हुन्छ।

संस्कृत वाङ्मयको एउटा नीति शास्त्रमा भनिएको छ कि "कुपुत्रो जायत क्वचिदपिः कुमाता न भवति।" अर्थात् कुनै व्यक्ति कुपुत्र (खराब पुत्र) हुन सक्त छ, तर आमा कदापि कुमाता (खराब आमा) हुन सक्दिनन्। यस उक्तिले आमाको महिमा कत्ति ठुलो रहेछ भन्ने कुरा व्यक्त गरेको छ। त्यसकारण आमाको महिमाको बारेमा धेरै ठुला-ठुला कवि-लेखकहरूले आमाको महिमा गाउदै कैयौं कविता, काव्य र उपन्यासहरू लेखेका छन्।

धर्मशास्त्रहरूमा आमाका विविध रुप र प्रकारहरू उल्लेख भएका छन्। तिनीहरू मध्ये नेपाली समाजमा छ प्रकारका आमाहरूको श्रद्धा-भक्ति हुने गरेको छ। जस्तै–

(१) जन्म दिने आमा (२) सासू आमा (३) धाई आमा (४) गुरु आमा (५) मीत आमा (६) धर्ती आमा वा जन्म भूमि।

जन्म दिने आमाको महत्व व्यवहारिक रुपमा जति ठुलो छ त्यति नै ठुलो महत्व हाम्रा संस्कार, संस्कृति र धार्मिक मुल्य-मान्यतारुमा रहिआएको पाइन्छ। जस्तै– विद्याकी देवी "सरस्वती"लाई सरस्वती माताको रुपमा हरेक वर्ष वसन्त पन्चमीको दिन विशेष पूजा-आराधना गरी मान्दै आएका छौं। धनकी देवी "लक्ष्मी"लाई हरेक वर्ष तिहारमा

लक्ष्मी पूजा गरी पुज्ने गरेका छौं। रणभूमिकी देवी "दुर्गा देवी"लाई हरेक वर्ष दशैंमा नौ-दुर्गा भवानीको रुपमा (नौ वटा देवीहरूको रुपमा) विशेष पूजा-आराधना गर्दै आएका छौं। त्यसै गरी नेपालका अधिकांस शक्ति पिठहरू मध्ये ताप्लेजुङ्गकी "पाथीभरा देवी", गोरखाकी "मनकामना देवी" काठमाण्डौंकी "दक्षिणकाली" र अछामकी "गौरा देवी" आदि, प्रशिध्द देवीहरू आमाका विविध रुपहरू हुन्।

नेपाली धर्म, पम्परा र संस्कृतिमा पाँच प्रकारका आमाहरू मध्ये पहिलो र अन्तिम आमा वा जन्म दिने आमा र धर्ती आमाको विशेष महत्व रहेको पाइन्छ। जन्म दिने आमा र धर्ती आमा विनाको सृष्टि यो संसारमा कल्पना गर्न सकिदैन। अर्थात् जन्म दिने आमा र धर्ती आमाको अनुपस्थितिमा मानव जीवनको अस्तित्व नै रहन सक्तैन। त्यसकारण संस्कृत वाङमयमा भनिएको छ–"जननी जन्मभूमिस्चः स्वर्गादपि गरियसिः"। यसको अर्थ हो-आमा र जन्मभूमि स्वर्ग भन्दा ठुला हुन्छन्। तर सासु आमा, धाई आमा, गुरु आमा र मीत आमाहरूको बारेमा कुनै पनि धर्मले विशेष महत्व दिएको पाइन्दैन। बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल
कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई
प्रबन्ध सम्पादक
कृष्णराज दुलाल
प्रबन्ध निर्देशक
किरण थापा
अतिथि सम्पादक
विष्णु भट्टराई
सहसम्पादक
घनश्याम ओली
संवाददाता
रामशरण रिमाल
सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## ओरालो लाग्दै अर्थतन्त्र

हाम्रो देशको आर्थिक अवस्था निकै डरलाग्दो दिशामा गइरहेको एसियाली विकास बैंक (एडिबी) को अनुसन्धानले देखाएको छ । एडिबीले सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर ४ दशमलव १ प्रतिशतमा खुम्चने र मुद्रास्फीति ७ दशमलव ४ प्रतिशतसम्म पुग्ने प्रक्षेपण सार्वजनिक गरेको छ । एडिबीले सन् २०२२ मा ५ दशमलव ८ प्रतिशत अनुमान गरेको थियो । सन् २०२० र २०२१ मा त कोरोना महामारीका कारण नेपालको अर्थतन्त्र चौपट भएको हो, तर सन् २०२२ को तुलनामा २०२३ मा किन अर्थतन्त्र ओरोलो लाग्दै छ त ? भन्ने प्रश्न विचारणीय छ । किनकी यो मामिलामा दोष हाम्रै देशका नीति निर्माताहरूको हो । जुन कुरा एडिबीले आफ्नो प्रतिवेदनमा औंल्याएको छ । एडिबीका अनुसार कोभिड पछिको उचित व्यवस्थापन नहुनु, पुँजिगत खर्च बढ्न नसक्नु, नतिजा केन्द्रित लगानी योजना नहुनु, वित्तीय व्यवस्थापनमा समस्या हुनु र आयोजना कार्यान्वयनका लागि पूर्वतयारीका काममा धेरै समय लाग्नु न्यून आर्थिक वृद्धिदरका कारण हुन् ।

आर्थिक वृद्धि दर कम हुनु दुःखद् पाटो हो । त्यसभन्दा अझ कहालीलाग्दो पाटो भनेको मूल्यवृद्धि तथा मुद्रास्फिती हो । सन् २०२० यता हरेक वर्ष सरदर सात प्रतिशतका दरले मुद्रा स्फिती भएको छ । महँगी हरेक वर्ष सरदर १० प्रतिशतका दरले बढेको छ । तर कुल जिडिपी यो चार वर्षको अवधिमा जम्मा १० प्रतिशत बढेको छ । यसलाई सजिलो भाषामा भन्नुपर्दा चार वर्षअघि एक लाख रूपैयाँ आम्दानी गर्ने व्यक्तिको अहिले आम्दानी बढेर १ लाख १० हजार पुग्यो । यता चार वर्षअघि एक लाख रूपैयाँमा पाइने बस्तुको मूल्य बढेर १ लाख ४० हजार रूपैयाँ पुग्यो । यसैगरी चार वर्षअघि एक लाख रूपैयाँको जुन हैसियत थियो, मुद्रास्फितीका कारण घटेर ७५ हजार रूपैयाँमा झर्‍यो । त्यसैले नेपालमा गरिबीको दर घट्दो होइन बढ्दो छ । किनकी चार वर्षअघि नेपालीहरूको आफ्नो आम्दानी मध्ये ८४ प्रतिशत उपभोगमा खर्च हुन्थ्यो, १६ प्रतिशत बचत हुन्थ्यो । अहिले आफ्नो आम्दानीको ९५ प्रतिशत उपभोगमा खर्च हुन्छ, बचत जम्मा चार प्रतिशत मात्रै हुन्छ । बैंक तथा वित्तीय संस्थाहरूमा तरलताको अभाव किन बढ्दै गयो ? भन्ने प्रश्नको खास उत्तर भनेकै यही हो ।

विश्व बैंक, एडिबी, नेपाल सरकारका विभिन्न निकायहरूले सार्वजनिक गरेका आर्थिक सूचकहरू विश्लेषण गर्ने हो भने गरिबीको रेखामुनि रहेका जनता कि भोकै छन्, कि ऋण लिएर पेट भरेका छन् । किनकी नेपालीहरूको सरदर उपभोग आफ्नो आम्दानीको ९५ प्रतिशत हुनुको सिधा अर्थ हो, 'नेपालमा भोकमरी छ ।' किनकी नेपालमा करिब २० प्रतिशत जनता गरिबीको रेखामुनि छन् । उनीहरूको उपभोग खर्च आफ्नो आम्दानीभन्दा करिब २० प्रतिशत बढी हुने अनुमान विभिन्न निकायले सार्वजनिक गरेका आर्थिक सूचकबाट सहजै लगाउन सकिन्छ । यही हालतले अझै एक डेढ वर्ष निरन्तरता पाउने हो भने मुलुकको अवस्था ज्यादै विकराल बन्ने देखिन्छ ।

अब केही वर्षमा नेपालको हालत श्रीलंका वा पाकिस्तानको जस्तो हुन्छ भनेर डंका पिट्ने अर्थशास्त्रीहरू पनि नेपालमा छन् । तर श्रीलंका र पाकिस्तानको भन्दा खराब हालत त अहिले नै भइसकेको छ । किनकी ती देशहरूमा जनताको आम्दानी तथा बचत नेपालको तुलनामा निकै धेरै छ । गरिबीको रेखामुनि रहेको जनसंख्या नेपालको तुलनामा धेरै प्रतिशत कम छ । एडिबीले सुझाव दिएजस्तै विदेशी पर्यटकको संख्या बढाउन, नतिजामुलक विकास आयोजना निर्माणको काम छिटो सक्न, पुँजीगत खर्च बढाउन सरकारले कत्ति पनि ढिलाइ नगरोस् । विदेशबाट कर्जा लिएर वा ऋणपत्र जारी गरेरै भए पनि तरलताको अभाव सरकारले कम गरोस् ।

# क्या बात India comfort सरकार !!!



**सुरेन्द्र ढकाल**




नेपालको हुलाकी राजमार्ग छेउछाउ विद्युत प्राधिकरणले बिजुलीको पोल गाड्न लाग्दा भारतीय सीमा सुरक्षा बल एएसबी आएर रोक्यो रे भन्ने समाचार सुन्न पाइयो । तर त्यसको प्रतिकार नेपाल सरकारले गर्‍यो रे भनेको भने कतै सुनिएन ।

गत मार्च २८ देखि ३१ सम्म चीनको हाइनानमा An Uncertain World: Solidarity and Cooperation for Development amid Challenges शीर्षकको विश्व सम्मेलन चीनको अगुवाइमा सम्पन्न भयो । भारत जानुभन्दा पहिले चीन गयो भन्ने आरोप लाग्ला भनेर प्रचण्डको नेतृत्वको सरकारले त्यस सम्मेलनमा नेपालको प्रतिनिधित्व गर्ने चासो देखाएन । एसिया र अफ्रिका महादेशका १६ देशका शीर्षथ नेताहरूले भाग लिएको सम्मेलनमा प्रचण्डले जाने हिम्मत गरेनन् । पहिलो पटक प्रधानमन्त्री हुँदा भारत जानुअगाडि बेजिङ ओलम्पिकको उद्घाटन कार्यक्रममा जाँदा भारतले हप्काएको प्रचण्डले राम्रै हेक्का राखेको हुनुपर्छ ।

दोस्रो पटक प्रधानमन्त्री भएर भारत जाँदा निकालेको नेपाल भारत संयुक्त विज्ञप्तिमा त उनले खुलेरै अन्तर्राष्ट्रिय मामलामा नेपाल र भारतको समान दृष्टिकोण रहन्छ भनेर नेपालको परराष्ट्र मामलालाई भारतको पोल्टामा हालिदिने कार्य गरी नेपाललाई भुटानको हैसियतमा झार्ने कार्य गरेका थिए ।

नेपालको सीमामा अन्तर्राष्ट्रिय कानुनविपरीत सडक अनि बाँध बनाइ नेपाली भूमि जलमग्न गर्ने, एसएसबी नेपाल पसी नेपाली नागरिकको हत्या गर्ने, तुइन काटेर नेपाली नागरिकलाई महाकालीमा बेपत्ता पारिदिने, सीमापारि एकतर्फी रुपमा विस्फोट गरेर नेपाली बालकको ज्यान लिँदा चूँसम्म नगर्ने सरकारले भारतीय ज्यादतीलाई सहनुबाट प्रचण्डको क्ष्लमष्ब अफायचत सरकार भनेको के रहेछ भन्ने स्पष्टै भएको छ ।

ओलीले प्रधानमन्त्री हुँदा चुच्चे नक्सालाई नेपालको संविधानमा हाल्न सफल भए तापनि भारतले हप्काएकै कारण सो नक्सा छापिएको पाठ्यपुस्तक वितरणमा भने ओलीले रोक लगाए । मंसिरमा सम्पन्न निर्वाचनमा एमाले र माओवादी दुवैले आफ्नो दलले चुनाव जित्यो भने चुच्चे नक्साबमोजिमको नेपालको ब्यास क्षेत्रको जग्गा भारतसँग फिर्ता लिने आश्वासनको पोको मतदातालाई देखाएर चुनाव जितेका हुन् । के अब यो कुरालाई आफ्नो भारत भ्रमणमा प्रचण्डले जोडदार रुपमा उठाउँछन् त ? अहँ उठाउँदैनन् किनभने त्यो कुरा भारत सरकारलाई ऋफायचत हुँदैन । त्यो कुरा उठायो कि आफ्नो प्रधानमन्त्री पद धरापमा परिहाल्छ भन्ने कुरा प्रचण्डलाई राम्रै थाहा छ ।

आफ्नो देशमा माओवादी विद्रोह दमन गर्न नसक्ने भारतीय सरकारले नेपाली माओवादीलाई किन ज्वाइँ पालेको जस्तै पाल्यो ? किनभने माओवादीलाई लगाएर नेपालको स्थापित राजतन्त्र खतम गरी ६० लाख भारतीयहरूलाई नेपाली नागरिकता दिलाउनु थियो, उसले दिलायो । के सिक्किममा भारतका अरु प्रदेशका नागरिकहरूले सिक्किमे नागरिकता सजिलै पाउन सक्छन ? अहँ सक्तैनन् । हेर्नुहोस सिक्किममा यस्तो कानुन छः By invoking the Sikkim Subject Regulation Act 1961, the Sikkim Citizenship Order 1975 reinforced a distinction between Sikkim Subjects as Sikkimese and non-Sikkimese Indian citizens as the 'other'. This territorial form of recognition introduced a hierarchy of citizenship rights and entitlements in India. जसरी अहिले भारतीय एसएसबीले नेपाली भूमिमा नेपाली बिजुलीको पोल गाड्न रोक लगाएको छ, त्यसले नेपालको स्वतन्त्र हैसियतलाई सिक्किमको भन्दा पनि तल खसालेको छ । यही कारण यस पंक्तिका लेखक प्रचण्डलाई नेपालको प्रधानमन्त्री नभनी मुख्य मन्त्री भन्न बाध्य भएको थियो । हुन पनि उनलाई नेपालको प्रधानमन्त्री भन्नै मिल्दैन । त्यसैले उनको सरकारलाई क्या बात India Comfort सरकार भन्नैपर्छ ।

# मैले सोचे जस्तो हुने भए

**■ गोपाल पुजारा**

भनिन्छ, "मेनि एनिमल्स इन द वर्ल्ड, सम आर मोर ईक्वाईल देन अदर्स" मान्छे सजीव मध्येको एक प्राणी जो अरु प्राणीभन्दा फरक किसिमले बाँचेको हुन्छ । यो जगतमा जहाँ हरेक जीवहरू बाँचिरहेका हुन्छन् । उसलाई जन्माउने आमाको कोखबाट सुरु भएको सिकाई प्रकृया मृत्यु परेन्तसम्म चलिरहन्छ । यो बीचमा मनोविज्ञानका विभिन्न अवस्था पार गर्नु पर्ने हुन्छ । बाल्यकाल देखिको उसको अनुभव बुढेसकालसम्म कहानी बनिसक्छ । अनि त्यही कहानीलाई आफ्ना सन्तानहरूलाई तथा छिमेकीका सन्तानहरूलाई साँझ पख हुक्कामा तमाखु तान्दै सुनाइरहेको हुन्छ । भनिन्छ नि "आनेवाला कल एक सपना हे, गुजराहुवा कल बस् अपना हे"

नभनौंभन्दा पनि बितेको समय उसका लागि टाइमपास गर्ने माध्यम बन्छ बुढोभएपछि । त्यही मानव समुदायको एक बुढो पहाडी बस्ती, छरपुष्टिएका घरहरूको समूहको सदस्य घरमा जन्म लिन्छ । अरु गाउँका केटाकेटी जस्तै वालापन बित्छ, गाई बस्तुसँग । छुट्टिमा गोठालो जानु, असोजको लहलह झुलेका धानका बालासँग खेल्नु वा त्यसबाट निस्कने मिठो संगीतसँग रमाउनु, असारे गीतसँग धान रोपाई गर्नु, उसको दौत्तरीसँग माटोका खेलौना बनाई रमाउनु, उसको बालापनका क्रियाकलापहरू हुन् । समयको बेग आफ्नै गतिमा चलिरहन्छ । त्यसै किसिमले भगवानले दिएको यो जीवन पनि समयसँगै बालक यूवा हुदै बुढेसकालसम्म पुग्छ । अब ऊ त्यही प्रकृया अनुसार यूवा अवस्थामा पुग्छ । उसको मनमा सोच आउँछन् मैले पढ्नुपर्छ ठुलो मान्छे बन्नुपर्छ, विवाह गर्नु पर्छ, नेता बन्नुपर्छ, रङ्गकर्मी बन्नुपर्छ, यस्तै यस्तै । एउटा गीतका शब्दमा भनेजस्तै " जीवन सोचे जस्तो हुन्न चाहे जस्तो हुन्न" । तर संर्घर्षका पाईलाहरू बढाईराख्ने उसको चाहना छ । गाउँले जीवनको स्वादमा हुर्किएको, न उसलेगाडी चढेको अनुभव छ, न उसलाई टेलिभिजन भन्ने थाहा छ । गोठालो जाँदा छुट्टीको समयमा केबल रेडियो उसको साथी बनेको हुन्छ । अब उसले प्रवेशिका परीक्षा पास गर्छ । घरको सल्लाह बमोजिम अब पढ्न भनेर सहर पठाउने निर्णय हुन्छ । गाउँको सोझो अब ऊ सहरको कल्पना गर्छ । गाडीहरू कस्ता होलान् ? मान्छे के फरक होलान् ? के काम गर्छन् होलान् ? यस्तै यस्तै ।

यस्तै २०५०/०५२तिर पढ्न भनेर उसलाई काठमाण्डौ पठाइन्छ । जुन सहरलाई बुढापाखाहरूले नेपाल भन्ने गर्थ्ये । दुई दिनको पैदल यात्रा पछि गाडीघाटमा पुग्दा गाडी देखेर अचम्मित हुन्छ । साथै उसलाई डर पनि लाग्छ । बाटोभरि झ्याल बाहिरको आनन्दसँग रमाउने चाहना त होइन उसको तर पहिलो यात्रा भएकोले बान्ता गर्ने समस्याले सताउँछ । बल्ल एक डेढ दिनको लामो बसको यात्रापछि गन्तव्यमा पुग्छ काठमाण्डौं । उसले कल्पना गरेकोभन्दा फरक पाउँछ सहरका मान्छेको क्रियाकलाप, भौतिक संरचना प्रकृति र अन्य मानवबाट निर्मित बस्तुहरू । बुवाले भनेका थिए उसलाई "पढेर ठुलो मान्छे बन्नुपर्छ, बुवाआमाको ईज्जत राख्नुपर्छ, चोरी डकैती, झैझगडा जस्ता बदनाम हुने काम कहिल्यै गर्नु हुदैन" भनेर । ठ्याक्क त्यहीबेला देशमा द्वन्दले जरा गाडेको हुन्छ । दिनदिनै बन्द हड्ताल मारपिटले गर्दा उसको मानसपटलमा फरक सोच पैदा हुन्छ । अब त रेडियोको साटो उसले मान्छेलाई टेलिभिजनमा देख्छ र सुन्छ, समुद्र भित्र माछासँग मान्छे रमाएको देख्छ, आकासमा चरा जस्तै ठुलाठुला जाहाज मान्छे बोकेर उडेको देख्छ, विदेशमा नेता सहित उनीहरूको भाषण सुन्छ भने एकातिर विदेशमा पनि अशान्ति झै-झगडा सयौंको संख्यामा मान्छे मरेको देख्छ । लाग्छ, यो संसार पनि यस्तै अनि गीतका शब्द सम्झन्छ-"त्यस्तै त्यस्तै छ नरोऊ निरमाया संसार यस्तै छ" ।

विश्वका अरु देश यस देश भित्रका क्रियाशील सदस्यहरू देख्छ । चाहे खेलजगत होस्, चाहे राजनीतिक होस्, चाहे विज्ञान चाहे त्यो प्रकृति नै किन नहोस् । द्वन्दसँगै आफ्नो पढाईलाई निरन्तर दिन्छ । समय न हो मिहनेत गरेपछि सफल भईदो रहेछ भन्ने कुरा पास गरेर प्रमाणित गर्छ । द्वन्दको उग्ररुप देश प्रतिको चिन्ता एकातिर छ भने आफ्नो खुट्टामा उभिई जागिर खाएर विवाह गरेर नयाँ संसारमा आमाबुवाको सेवा गर्ने धोको अर्कातिर छ । यूवा भएर शिक्षाका हिसावले जागिर खोज्न विभिन्न कार्यालय धाउँछ । तर ऊ असफल यात्री झै डेरा फर्कन्छ । त्यो निर्दयी सहरमा आफूलाई एक्लो सम्झन्छ । ठुलावडाको नातेदार नभएकोले जागिर पाउन असफल भएको उसलाई भान हुन्छ । यूवा थियो, दही र दुधसँग खाना खाएको हष्टपुष्ट शरिर हेर्दा सेकेण्ड लफ्टनेन्टभन्दा कम थिएन । देशले कस्तो खोज्दो रहेछ त ? आफै अनुत्तोरित हुन्छ ।

स्पेनले ओलम्पिकमा यति स्वर्ण ल्यायो, अमेरिका पहिलो स्थानमा नै छ, बिट्रेनको प्रदर्शन राम्रो नै छ । सचिन तन्दुलकर क्रिकेट सम्राट, सेरिना भिलेन, भेनम विलियम, त्रिस्चियानो रोनाल्डो वर्ष खेलाडी, लियोनन मेस्सि, माईकल फेल्स जस्ता विभिन्न खेलाडीको खेल हेरेर जितेको देख्दा आफूपनि नेपाली यूवा भएर केही नगरेकोमा आफूलाई धिक्कार्छ । विश्वको कोही देश चन्द्रमामा पुगेको खबर वर्षन्छ तर नेपाल शान्तिका प्रतिक बुद्ध जन्मेको देश जहाँ हरेक दिन बन्द, झैझगडा आन्दोलन, खेलकुद देखि राजनीतिसम्म सोमालिया जस्तै पछि परेको देख्दा प्राकृतिक विपद्मा परि ज्यान गुमाएको देख्दा, तराई आन्दोलनमा छोरो गुमाएर छटपटीरहेकी यूवती या महिलालाई देख्दा, पिठयूमा ५० किलोको भारी बोकेर उकालीको बाटो हिडी बालबच्चा पाल्नेहरूको व्यथा देख्दा, रेडियो तथा नेपाल टेलिभिजनबाट आपत तथा विपत्तीका घटनाहरूको समाचारहरू सुन्दा तथा देख्दा, सहरमा रोजगार नपाई विदेश जान खोज्दा असफल भएर देशको स्थिति नसुधृएको भन्ने भान भएर आफ्नो जन्मभूमि फर्कने विचार गर्छ । जहाँ उसको बालापन थियो । रङ्गीचङ्गी लालीगुँरासका कोणधारी जंगल कलकल बग्ने पानी, वसन्त जस्तै आ आफ्नै पहिचान बोकेका रितुहरू र आमालाई फोन गर्छ । आमा म त्यहाँ आउँछु । मैले सकिन आमा भनेर आमाको निश्चल माया पवित्र माया, वर्षैदखि भेट नभएर छट्पटिएको मन आऊ छोरा दुख सुखका तिता मिठा कुरा गरौंला भन्ने उत्तर पाएपछि त्या मरुभूमि सहरको एक कोठाबाट आफ्नो डेरा जन्मभूमि लैजाने निश्चित गर्छ । गाडीघाटमा पुग्छ र घर हिड्नने बाटोमा संयौं पटक, चेकजाँच हुँदा फेरि द्वन्दको बीचमा परेझै ऊ झस्कन्छ र घर पुग्छ । आफूले कहीं गर्न नसकि घर फर्केको कुरा बुढा आमाबुवालाई सुनाउँछ । आखिर छोरा न हो । विभिन्न साहानुभूतिका साथ उसलाई अब घरमै बसेर केही काम गर्ने सललाह दिन्छन् ।

फेरि उसको गाउँले जीवन सुरु हुन्छ । अनि हसिया, कुटो, कोदालो खेतीपातीको दिनमा अनि बाँकी दिनमा बाँसुरीसँग पारी त्यो रानी वनको जंगलमा बाख्रे गोठालो । गाउँमा टिभी छैन रेडियो उसको साथी बन्छ दिनभरि गेठालो जान्छ बेलुका समाचार सुन्छ । बिदेशमा गएका नेपाली कामदारको ब्यथा सुन्छ । अनि आफूलाई नेपाली गोठालो भएकोमा गर्भ गर्छ । किनकि पल्लो गाउँको उसको साथी मलेसियामा ४५ डिग्री सेल्सीयसको तापक्रममा बाख्रा चराउँदा चराउदै मरेको घटना जीवितै थियो । उसले सोच्थ्यो प्रधानमन्त्रिको चार आँखा चार हात चार खुट्टा कसैको पनि हुँदैन तर ऊ जस्ता यूवालाई प्रधानमन्त्री बनाएको भए के हुन्थ्यो । नौ वर्षमा १० वटा सरकार परिवर्तन हुने कस्तो प्रजातन्त्र ? ऊ चाहन्थ्यो रानीबनको विचवाट गाडी प्रकृतिको स्वाद, विदेशीलाई चखाउन पाए, कलकल बग्ने खोला, झरनाको उदेश्य विदेशीको क्यामरामा कैद भइदिएको भए, विश्वको खेलाडी जस्तै हाम्रो यूवा पनि चर्चित भई हामीले हौसला दिन पाउको भए, पुटिन, ओबामा,ओलान, मार्केल जस्ता नेताहरू नेपालमा पनि भइदिएको भए, एक वर्षमा सरकार परिवर्तन नभइदिएको भए, नेपाल एउटा भुपरिबेष्ठित मुलुक, पहाडी मुलुक, सगरमाथा, जस्तै अरु साना हिमालको उदेश्य हरेक देशको मानसपटलमा कैद भइदिएको भए, नेपाली युवाहरूले विदेशी दलालको दुःख नपाइदिएको भए । जुम्ला जस्ता स्याउ फल्ने जिल्लाको स्याउ विदेशी वजारमा पुर्याउन पाइदिएको भए । नेपाल जलश्रोतको धनी मुलुक सलल दक्षिणतिर बग्ने नदिबाट विद्युत उत्पादन भई १८, २० घण्टा लोडसेडीङ्ग खेप्नूनपर्ने हाम्रो सहरहरू उज्यालोले काँचुली फेरिदिएको भए, खेतीयोग्य जमिनमा सिचाँई व्यवस्था भइदिएको भए, शताब्दी अनुसार विभिन्न प्रविधि नेपालमा भित्र्याउने चाहना ठुलावडामा भइदिएको भए । कुर्सी नै प्यारो छ, नेपाली जनता सोझा छन्, उल्टा सुल्टा जसरी मरेपनि हामी ठुलै मान्छे हौं भन्ने सोच तथा कार्य नेताहरूले नगरी दिएको भए । स्विजरल्याण्डको कुरा गर्दा जुम्ला जस्तो जिल्लाको नामै नलिई काठमाण्डौं पोखरा बुटवल, विरेन्द्रनगर, विराटनगर जस्ता सहरहरूलाई मात्र सम्झिने नेताहरूलाई के भन्ने होला ? तर एक मान्छे पढेलेखेको गोठालो जसले संघर्ष गर्दा गर्दैअसफल भई बाख्रा चराउन बाध्य भएर हिडेकोले सोचे जस्तो हुने भए ।

# हाम्रो सामाजिक सक्रियता

## सुरेन्द्र ढकाल प्रतिष्ठान तथा पद्मोदय माध्यामिक विद्यालयबीच सहकार्य






**विद्यालयको परिचय**

एकतन्त्रीय जहाँनियाँ राणा शासन कालका कारण अन्धकारमा रुमल्लिइरहेको तत्कालीन नेपाली समाजलाई चेतनाको दियो बाल्न २००३ साल फागुन २९ गते स्थापना भएको पद्मोदय माध्यमिक विद्यालय आज ७७ औं वर्षमा प्रवेश गरेको छ। तत्कालीन श्री ३ महाराज पद्मशमशेरबाट अनुमति लिई संस्थापक प्रधानाध्यापक ईश्वरराज अर्याल र संस्थापक शिक्षकहरू आनन्दप्रसाद ढुंगाना, झङ्कबहादुर श्रेष्ठ, प्रेमबहादुर कंसाकार, कृष्णबहादुर मानन्धर, रत्नमान मास्के, गौरीप्रसाद राजभण्डारी लगायतका सात जना शिक्षकहरूको अथक प्रयासबाट स्थापित विद्यालय सार्वजनिक शिक्षामा आज पर्यन्तसम्म आफूलाई सतिसालझैं उभ्याउन सफल भएको छ।

विद्यालयले पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा, पूर्वउपप्रधानमन्त्री कमल थापा, पूर्वप्रधानन्यायाधीशहरू अनुपराज शर्मा, विश्वनाथ उपाध्याय, केदारनाथ उपाध्याय, लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेशप्रसाद मैनाली, शिक्षासचिव गोपीनाथ मैनाली, राष्ट्र बैंकका गभर्नर चिरञ्जीवीप्रसाद नेपाल, दीपेन्द्रपुरुष ढकाल, वरिष्ठ गीतकार यादव खरेल, कलाकार हरिवंश आचार्य, मनोज गजुरेल, सरोज खनाल, राष्ट्रिय सभा सदस्य राधेश्याम अधिकारीलगायत पत्रकार, चिकित्सक, शिक्षक, उच्च पदस्थ सैनिक अधिकृत जस्ता व्यक्तित्वहरू विद्यालयले जन्माइसकेको छ।

परिवर्तित विश्वले सूचना र प्रविधिका क्षेत्रमा फड्को मार्दै गर्दा हामीले पनि समयसापेक्ष शिक्षक सिकाइ शैलीमा परिवर्तन गर्दै आधुनिक शिक्षातर्फ लम्कने प्रयासमा छौं भने समाजमा हाम्रा चालचलन, रीतिरिवाज, संस्कारहरू हराउँदै गएका छन्। त्यस्ता चालचलन, रीतिरिवाज र संस्कारहरूको महत्व बुझाउँदै विद्यार्थीहरूलाई संस्कारित बनाउने अभियानलाई हाम्रा कक्षा कोठाहरूमा अगाडि बढाएका छौं।

विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कक्षा १, २ र ३ मा अध्ययनरत विद्यार्थीहरूलाई नियमित कक्षा समाप्त भएपछि करिब १ घन्टा ३० मिनेट सुधारात्मक कक्षा सञ्चालन गर्दै आइएको छ। त्यसबखत विद्यार्थीहरूलाई नियमित कक्षामा दिइएको गृहकार्य गर्नका लागि सहजीकरण गर्ने, विद्यार्थीहरूलाई संस्कारका कुराहरू सिकाउने, सरसफाइमा ध्यान दिन लगाउने जस्ता कुराहरू गराउने गरिन्छ। त्रैमासिक परीक्षामा अनुत्तीर्ण विद्यार्थीहरूको सिकाइ उपलब्धि वृद्धि गर्न पुनः परीक्षाको व्यवस्था गरिएको छ। बेलाबेलामा कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरूका आमाहरूलाई मात्रै बोलाएर आफ्ना बाबुनानीहरूलाई के कसरी पठनपाठन, सरसफाइ आदि जस्ता कुराहरूमा ध्यान दिन सकिन्छ भन्नेबारेमा अन्तर्क्रिया गर्ने गरिएको छ। अतिरिक्त क्रियाकलाप, सहक्रियाकलापहरू सञ्चालन गरेर विद्यार्थीहरूको आन्तरिक प्रतिभालाई प्रस्फुटन गराउने काम गरिएको छ। विद्यार्थीहरूको सिकाइलाई आधुनिक प्रविधिसँग जोड्नका लागि कम्प्युटर कक्षाहरू सञ्चालन गरिएको छ भने तीनवटा स्माट बोर्डहरूका माध्यमबाट र प्रोजेक्टरका माध्यमबाट सूचना प्रविधियुक्त कक्षाहरू सञ्चालन गर्दै आइएको छ। कक्षा १ देखि कक्षा १२ सम्म अध्ययनरत सबै विद्यार्थीहरूलाई शैक्षिक अध्ययन अवलोकन भ्रमणको आयोजना गरिँदै आइएको छ। परीक्षा सञ्चालनपूर्व अभिभावक भेला गरेर परीक्षाको तयारीका बारेमा छलफल गर्ने र परीक्षाको नतिजा प्रकाशनपश्चात् नतिजाका बारेमा अभिभावकसँग छलफल गरिँदै आइएको छ। कक्षा ८, ९ र १० मा सुधारात्मक कक्षाहरू सञ्चालन गरिँदै आइएको छ। बेलाबेलामा शिक्षक बैठक बसी विद्यार्थीहरूको शिक्षण सिकाइ क्रियाकलापहरूका बारेमा समीक्षा गरिने गरिएको छ। काठमाडौं महानगरपालिका वडा नं. २८ को सहयोगमा विद्यालयको मूल गेटमा अभिभावक विश्रम कक्ष, सहायक गेट निर्माण, मूल गेटको स्तरोन्नति, अपांग ऱ्याम निर्माण कार्य चलिराखेको छ।

आगामी दिनमा विद्यालयको शिक्षण सिकाइलाई गुणस्तरीय र समयसापेक्ष बनाउन कक्षा ७ देखि १० सम्म स्माट बोर्डको प्रबन्ध गरी डिजिटलाइज्ड गर्ने योजना रहेको छ। त्यसको लागि डिजिटल सामग्रीहरू निर्माण गर्नका लागि एक शिक्षक एक ल्यापटप कार्यक्रम अगाडि ल्याइएको छ। विद्यालयमा नयाँ विद्यार्थी भर्नाका लागि निकै चाप भएकाले करिब २० कोठे भवनको आवश्यकता रहेको छ। त्यसको परिपूर्तिका लागि स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार र अन्य दाताहरूसँग आर्थिक सहयोगको प्रस्तावना बनाई भवन निर्माण कार्यका लागि स्रोत संकलन योजना रहेको छ। त्यसरी निर्माण हुने भवन भने प्रविधिमैत्री बनाउने योजना छ। पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबलाई स्तरोन्नति गर्ने लक्ष्य लिइएको छ। विद्यार्थीहरूको आन्तरिक प्रतिभालाई प्रस्फुटन गराउने नृत्य र



गायनका कक्षाहरू सम्पन्न गर्ने लक्ष्य राखिएको छ भने योग कक्षालाई निरन्तरता दिने योजना बनाइनेछ।

**विद्यालयको दूरदृष्टि**

'पद्मोदयको इच्छा, संस्कारयुक्त गुणस्तरीय शिक्षा' विद्यालयको दूरदृष्टि रहेको छ।

**विद्यालयका उद्देश्यहरु**

यस विद्यालयलाई जिल्लाभरको संस्कारयुक्त नमुना विद्यालयको रुपमा पहिचान बनाउनका लागि निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) दैनिक पाठयोजना निर्माण गरी शिक्षण गर्ने।

(ख) शैक्षिक सामग्रीहरूको निर्माण व्यवस्थापन र प्रयोगमा आधुनिकीकरण गरी प्रयोग गर्ने, स्लाइड बनाइ शिक्षण गर्ने।

(ग) आन्तरिक मूल्यांकन तथा सैद्धान्तिक मूल्यांकनका आधारमा शैक्षिक उपलब्धिलाई वृद्धि गर्दै जाने।

(घ) समयसापेक्ष विद्यार्थीमुखी शिक्षक तालिमको व्यवस्थापन गर्दै शैक्षिक स्तर वृद्धि गर्ने।

(ङ) शिक्षक अभिभावक तथा विद्यार्थीहरूको सामूहिक प्रयास तथा सम्पर्कबाट विद्यार्थीहरूमा देखिएका समस्याहरू समाधान गर्दै पठनपाठन कार्यमा सहभागी गराउने।

(च) श्रव्यदृश्य सामग्री तथा कम्प्युटर शिक्षाको विकासमा जोड दिई शिक्षण प्रक्रिया अझ प्रभावकारी बनाउने।

(छ) कमजोर विद्यार्थीहरूका लागि छुट्टै अतिरिक्त कक्षाको व्यवस्था गर्ने।

(ज) माथिल्लो कक्षाहरूमा परियोजना, विधि, प्रदर्शन विधि छलफल र समस्या समाधान विधिको प्रयोग गरी खोज र सिकको अवधारणाको विकास गर्ने।

(झ) बालशिक्षातर्फ मन्टेश्वरी विधिबाट शिक्षण सिकाइ गर्न सोही अनुसारको तालिम प्रदान गराइ शिक्षण सिकाइमा प्रोत्साहन गरिने।

(ञ) कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरूलाई मोबाइल, कम्प्युटर, हार्डवेयर जस्ता प्रविधिमा आत्मनिर्भर बनाउने तथा आर्थिक उन्नति गर्ने खालका जीवनोपयोगी सीप विकास गर्ने खालका तालिम उपलब्ध गराइ विद्यार्थीहरूलाई विद्यालय शिक्षापश्चात् केही गर्न सक्ने बनाउने।

(ट) प्राविधिक शिक्षा समेतलाई समेटी गुणस्तरीय र आधुनिक प्रविधिबाट शिक्षण सिकाइ गर्ने।

**भौगोलिक अवस्था**

नेपालको प्रमुख प्रशासकीय केन्द्र सिंहदरबारको नजिकै रहेको यस विद्यालय वाग्मती प्रदेशअन्तर्गत काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २८ मा अवस्थित छ। यो विद्यालय करिब ७ रोपनी क्षेत्रफलमा फैलिएको छ भने ४ वटा प्रशासनिक र शैक्षिक भवनहरू रहेका छन्। कक्षाकोठाहरू सिकाइमैत्री रहेका छन्।

**विद्यालय रहेको समुदायको बनोट**

यस विद्यालयमा देशका विभिन्न जिल्लाबाट पेसा, व्यवसाय, रोजगारीका सन्दर्भमा काठमाडौंमा आइ बसोबास गर्ने विभिन्न जातजाति, भाषा, धर्म, संस्कृतिका मानिसहरू र स्थानीय समुदाय जस्तै नेवार, ब्राह्मण, क्षेत्री आदिका परिवारका छोराछोरीहरू बढ्दै आएका छन् भने करिब ५५ जिल्लाका विद्यार्थीहरू विद्यालयमा अध्ययनरत छन्।

**विद्यालयको सेवा क्षेत्र**

करिब ५५ जिल्लाका विद्यार्थीहरू बसोबास गर्ने स्थानहरू, काठमाडौं महानगरपालिकाभित्रका २८, २९, ३०, ११, १०, २७ वडाहरू पर्छन् भने छिमेकी नगरपालिकाहरू र जिल्लाहरू यस विद्यालयको सेवा क्षेत्र रहेका छन्।

**विद्यालयमा सञ्चालित कार्यक्रम**

यस विद्यालयमा कक्षा इ.सि.डी देखि कक्षा १२ सम्म औपचारिक शिक्षाका कक्षाहरू सञ्चालनमा रहेका छन्। कक्षा ६ देखि १२ सम्म कम्प्युटर शिक्षा पनि सञ्चालनमा छ भने कक्षा ११ र १२ मा विज्ञान, व्यवस्थापन, मानविकी कानुन र शिक्षाका विषयहरू सञ्चालनमा रहेका छन्। त्यसका अतिरिक्त कोरियन भाषाका कक्षाहरू, गायनक कक्षाहरू, योगका कक्षाहरू र नृत्यका कक्षाहरू सञ्चालनमा रहेका छन्।

**सिकाइको अवस्था**

कक्षागत औषत सिकाइ उपलब्धि २.५० जिपिए रहेको छ। विद्यार्थीहरूलाई शैक्षिक भ्रमण, क्षेत्र भ्रमण, परियोजना कार्य आदिका माध्यमबाट पनि सिकाउने गरिएको छ।

**विद्यार्थी तथा शिक्षक संख्या**

विद्यालयमा हाल कक्षा इ.सि.डी देखि कक्षा १२ सम्म १०९२ जना विद्यार्थीहरू अध्ययनरत छन्। बिहानी र दिवा सत्रमा गरी ५६ जना शिक्षक शिक्षिकाहरू अध्यापनरत हुनुहुन्छ।

**कार्यक्रम विवरण**

यस विद्यालयमा तहगत रुपमा औपचारिक शिक्षाअन्तर्गत शिशु इ.सि.डी. देखि कक्षा १२ सम्मको पठनपाठन हुँदै आएको छ। यस विद्यालयमा अतिरिक्त क्रियाकलापअन्तर्गत निम्नलिखित कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ :

१. हाजिरीजवाफ प्रतियोगिता २. कविता प्रतियोगिता ३. वादविवाद प्रतियोगिता ४. वक्तृत्वकला प्रतियोगिता ५. गायन प्रतियोगिता ६. नृत्य प्रतियोगिता ७. हिज्जे प्रतियोगिता ८. चित्रकला प्रतियोगिता ९. हस्तलेखन प्रतियोगिता १०. खेलकुद प्रतियोगिता ११. आन्तरिक तथा बाह्य कमला निबन्ध प्रतियोगिता

विद्यालयको स्थापनामा महत्वपूर्ण योगदान दिने कमला महारानीको सम्झनालाई यस विद्यालयले हरेक वर्ष आन्तरिक तथा बाह्य कमला निबन्ध प्रतियोगिता सञ्चालन गर्दै आएको छ।

माथि उल्लेखित प्रतियोगिताहरू विद्यालय तहमा पाठ्यक्रमका सहयोगीका रुपमा सञ्चालन गरिँदै आएको छ। यसबाट विद्यार्थीको आन्तरिक प्रतिभा उजागर हुनाका साथै मनोरञ्जनात्मक क्रियाकलापमा सहभागी हुने अवसर प्राप्त हुनेछ। यसलाई पाठ्यक्रमसँग जोडी अध्ययन अध्यापन कार्यलाई सहज, मनोरञ्जनात्मक तथा सीप विकासमा महत्वपूर्ण योगदान पुग्ने बनाइएको छ। आन्तरिक तथा बाह्य प्रतिस्पर्धाको भावना विकास भई आत्मविश्वासमा समेत वृद्धि हुने देखिन्छ।

वार्षिक लक्ष्य उपलब्धि हासिल गर्नका लागि माथि उल्लेख गरिएका अनौपचारिक परीक्षाको अतिरिक्त निर्माणात्मक मूल्यांकनका लागि गृहकार्य अवलोकन, श्रेणी मापन, रुजु सूची साथै सञ्चित अभिलेखको माध्यमबाट निरन्तर रुपमा विद्यार्थीको मूल्यांकन गरी शिक्षण सिकाइ क्रियकलापलाई अघि बढाउने लक्ष्य लिइएको छ। कक्षा ८ देखि १० सम्म शनिबारको





परीक्षा सञ्चालन गर्दै आइएको छ। जसबाट विद्यार्थीको सिकाइ उपलब्धि स्तर वृद्धि हुने लक्ष्य राखिएको छ। प्रत्येक विद्यार्थीको पोर्टफोलियो निर्माण गरी मूल्यांकन गर्ने लक्ष्य राखिएको छ। कमजोर विद्यार्थीहरूको मामला अध्ययन गरी सिकाइ उपलब्धिमा सुधार गरिनेछ। स्वास्थ्य र पोषणअन्तर्गत यस विद्यालयमा औपचारिक रुपमा स्वास्थ्य परीक्षणको अतिरिक्त स्वास्थ्यसम्बन्धी विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिँदै आएको छ। साथै सरुवा रोग नियन्त्रणका लागि हात धुने कार्यक्रम, फोहोलमैलाको उचित व्यवस्थापन तथा व्यक्तिगत सरसफाइलाई पनि ध्यान दिइएको छ। विद्यार्थीको पोषण स्तर वृद्धि गर्नका लागि दिवा खाजा कार्यक्रम सञ्चालन गरिएको छ। यसअन्तर्गत आगामी वर्षमा अन्य कक्षामा समेत थप गरी विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै लगिनेछ।

**विद्यार्थीहरूलाई छात्रवृत्ति तथा नगद पुरस्कार**

विद्यार्थीहरूको पढाइलाई प्रोत्साहित गर्ने उद्देश्यले नेपाल सरकारबाट प्रदान गरिएका विभिन्न किसिमका छात्रवृत्तिहरू दलित जेहेन्दार छात्रवृत्ति, छात्रा छात्रवृत्ति प्रदान गर्ने गरिएको छ। साथै विद्यालयका संस्थापक प्रधानाध्यापक ईश्वरराज अर्यालज्यूको नामबाट स्थापित प्र.अ. ईश्वरराज अर्याल पुरस्कार रु. १०,०००।– को रहेको छ। जुन पुरस्कार काठमाडौं उपत्यकाभित्र रहेका सामुदायिक विद्यालयका वर्तमान तथा पूर्वप्रधानाध्यापकहरूमध्येबाट समितिले छनोट गरेको एक जनालाई दिने व्यवस्था छ। त्यसैगरी नारायणभक्त श्रेष्ठ तथा राजमाया श्रेष्ठ स्मृति पुरस्कार कक्षा ५ देखि १० सम्म प्रथम हुने प्रत्येक एक जना विद्यार्थीलाई जनही रु. १०००।– दिइन्छ र प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने एकजनालाई रु. ५०००।– प्रदान गरिन्छ।

त्यसैगरी यस विद्यालयमा गोमादेवी पाठक छात्रवृत्तिअन्तर्गत कक्षा ५ देखि ९ सम्म प्रथम हुने छात्रालाई जनही रु. १०००।– का दरले दिइन्छ। एसईई परीक्षामा अंग्रेजी विषयमा सर्वोत्कृष्ट भएबापत एकजनालाई आनन्दप्रसाद ढुंगाना छात्रवृत्तिअन्तर्गत रु. १०,०००।– छात्रवृत्ति दिने व्यवस्था गरिएको छ। त्यस्तै विद्यालयका संस्थापक शिक्षक एवं पूर्वप्रधानाध्यापक कृष्णबहादुर मानन्धरको स्मृतिमा स्थापित कृष्णबहादुर मानन्धर छात्रवृत्ति २०६८ सालदेखि कक्षा सातबाट प्रथम छात्र र प्रथम छात्रालाई प्रदान गर्ने व्यवस्था गरिएको छ। निजहरूलाई कक्षा १० सम्म निरन्तरता दिई पुनः कक्षा सातबाट कक्षा आठमा प्रथम छात्र र छात्रालाई प्रदान गरिने व्यवस्था गरिएको छ। यो छात्रवृत्ति रु. २०००।–का दरले प्रदान गरिनेछ। २०६९ सालमा स्थापना भएको जय दुर्गा प्रतिभा छात्रवृत्तिअन्तर्गत प्रतिव्यक्ति रु. २५००।– यस विद्यालयमा अध्ययनरत उत्कृष्ट दुई छात्र तथा दुई छात्रालाई प्रदान गरिँदै आएको छ।

यसबाहेक प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतीय हुने छात्रछात्राहरूलाई विद्यालयको जन्मजयन्तीको अवसरमा पुरस्कार प्रदान गरी हौसला बढाउँदै आएका छौं।


**सुरेन्द्र ढकाल फाउन्डेसनसाग सहकार्य**

विद्यालयमा अध्ययनरत करिब ११०० विद्यार्थीहरूलाई सूचना र प्रविधिका माध्यमबाट शिक्षण सिकाइ क्रियकलाप सञ्चालन गर्नका लागि सबै कक्षा कोठाहरूमा स्मार्टबोर्ड राख्ने लक्ष्य रहेकोमा गत शैक्षिक वर्षमा सुरेन्द्र ढकाल फाउन्डेसनको सहयोगमा करिब २ लाख ७५ हजार बराबरको स्माटबोर्ड प्राप्त भई विद्यार्थीहरूलाई पालैपालो सूचना र प्रविधिका माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दै आएका छौं भने यस शैक्षिक वर्षबाट सो कार्यका लागि निरन्तर सहयोगको अपेक्षा राखेका छौं। यसरी यस फाउन्डेसनको सहयोगमा सबै कक्षा कोठामा स्मार्टबोर्डको सहयोग भयो भने विद्यालय पूर्ण रुपमा डिजिटलाइज्ड हुने विश्वास लिएका छौं।

बालकथा

# हनुमानले सूर्य निले

कार्तिकेय घिमिरे



एउटा रमाइलो जङ्गल थियो। त्यहाँ एक दिन एउटा बाँदरले चिटिक्क परेको बच्चा जन्मायो। बच्चा अचम्मको थियो। जन्मेको केही छिनमै ऊ आकासमा उड्न थाल्यो। ऊ निकै फुर्तिलो थियो। रूखको एउटा हाँगाबाट अर्को हाँगामा उफ्रन्थ्यो। ठूलाठूला रूखका हाँगा एउटै हातले भाँच्थ्यो। त्यो सानो बालकको शक्ति देखेर गाउँलेहरू अचम्म मानेर हेर्थे, उनीहरू बालकदेखि निकै डराएका पनि थिए।

एक दिनको कुरा हो, त्यो बालक चौरमा सुतिरहेको थियो। उसको आँखामा घामको प्रकाश पऱ्यो। उसले घामलाई हेर्न सकेन। उसले रिसाउँदै घामलाई हेऱ्यो। यताउति सरेर घामबाट छलिन खोज्यो तर घामले टेरेन।त्यसपछि ऊ घामसँग झन् रिसायो। उसले प्रकाश पठाएर दुःख दिने रातो डल्लोलाई फेरि ध्यान दिएर हेऱ्यो। चौरमा बस्दाबस्दै उसलाई निकै भोक लागिसकेको थियो। उसलाई त्यो रातो डल्लो मीठो फल खान मन लाग्यो। उसको मुखबाट पानी आयो। "आहा ! त्यो रातो फल खान पाए त क्या मज्जा होला" - बालक खुसी हुँदै करायो र बेतोडसँग उफ्रँदै जुरुक्क उठ्यो। त्यसपछि ऊ प्लेन जस्तै गरी रातो फल खान आकासतिर सुइयँ उड्यो। उड्दै उड्दै धेरै पर पुगेपछि ऊ रातो फल छेउमै पुग्यो। "ऐ ! अलि पर बस्, म एकदमै तातो छु, तँ नाथे बच्चो डढेर खरानी होलास् नि !" - रातो डल्लेले जँगिदै भन्यो।

बालक रातेको कुरा सुनेर झन् रिसायो। उसले चिच्याउँदै भन्यो- ऐ तैंले मलाई हेपेको ? म बालक हनुमान हुँ। आज म तलाई नखाई छोड्दिन। बालकको कुरा सुनेर राते हा हा हा हाँस्यो। उसले घमण्ड गर्दै भन्यो- ऐ, मूर्ख बालक ! म सूर्य हुँ। मलाई छुनासाथ तँ डढेर खरानी हुन्छस्।

ऐ ! मलाई मूर्ख भनेको, अब म तँलाइँ खान्छु- बालक चिच्यायो। त्यसपछि उसले आ आ गरेर ठूलो मुख बायो र सूर्यलाई सर्लक्क निलिदियो। सूर्यलाई निलेपछि हनुमानको शरीर अजङ्गको ठूलो भयो। उनी बिस्तारै उड्दै उड्दै पृथ्वीतिर फर्किए। पृथ्वीमा आइपुगेपछि हनुमानले अचम्म देखे। त्यहाँ चारैतिर अँध्यारो थियो। उनले त्यहाँ भएका सबैलाई देख्न सक्थे तर उनलाई कसैले देख्न सक्दैनथे। त्यसपछि हनुमान एउटा ठूलो सय बिघाको चौरमा पुगेर लम्पसार परेर सुते।

सेकेन्ड सेकेन्ड हुँदै मिनेट बित्यो। सूर्यको प्रकाश नहुँदा पृथ्वीमा हाहाकार भयो। मानिसहरू अक्सिजन नपाएर रुन कराउन थाले। बोटबिरुवा कार्बनडाइअक्साइड नपाएर ओइलाउन थाले। एकान-दुई कान-मैदान हुँदै आकासबाट सूर्य हराएको खबर चारैतिर फैलियो। ठूलाठूला वैज्ञानिकहरू रकेटमा चढेर सूर्य खोज्न हिँडे। ठ्याक्कै दुई घण्टा बित्यो। टुँडिखेल जत्रै चौरमा पृथ्वीका सबै रुँदै कराउँदै भेला हुन थाले। त्यही चौरमा अदृश्य भएर हनुमान सुतिरहेका थिए। एक, दुई, तीन गर्दागर्दै लाखौँलाख मान्छेहरू भेला भए। चौर भीडले खचाखच भयो। उनीहरूको नाइके पनि आइपुग्यो।

"जनता महोदय, हाम्रो रकेटले सूर्य खोज्न सकेन। खै सूर्य कहाँ हरायो ? केही पता लागेन। अब हामी सबै मर्ने भयौँ। पृथ्वी अब उजाड हुने भयो"- नाइकेले दुःखी हुँदै भन्यो। नाइकेको कुरा सुनेपछि जनता रुन कराउन थाले। उनीहरू डरले अतालिँदै यताउता दौडिन थाले। ठीक त्यतिबेला चौरमा सुतेका हनुमान झसङ्ग भए। जब उनले देखे एउटै बालिका घुक्क घुक्क रुँदै लडखडाउँदै थिई। ऊ सास फेर्न गाह्रो भएर मर्नै आँटेकी थिई।


बालिकाको त्यस्तो अवस्था देखेर एकाएक उनको मन पग्लियो। उनले भने- "लौ यो सूर्य त पृथ्वीवासीको साथी पो रहेछ। ल सूर्य जा मैले तँलाई मुक्त गरें। सधैं जनताको सेवा गर्नु नि ! यताउति गरिस् भने ठीक हुने छैन। जनताले ठीक पार्नेछन्। अहिले पृथ्वीमा गणतन्त्र आएको छ नि।

सूर्यले 'हस्' भन्यो। त्यसपछि हनुमानले आ' गरेर ठूलो मुख बाए। सूर्य फुत्त बाहिर निस्कियो।

सूर्य झुल्किनासाथ जनता रमाए। उनीहरू खुसियाली मनाउँदै नाच्न गाउन थाले। त्यस दिनदेखि सूर्यले कहिले जनतालाई सानो भनेर हेपेन। त्यसैले त आज पनि सबैलाई बराबर प्रकाश दिने उसलाई सबैले 'सूर्यदेव' भनेर प्रशंसा गर्छन्।

# ईशावास्योपनिषद् - एक परिचर्चा

डा. इन्दुल के.सी.





**प्रारम्भ**

शुक्ल यजुर्वेद संहिताको चालीसौँ अध्यायको नाम ईशावास्योपनिषद् हो। वेद र उपवेदहरूपछि वेदकै अंशको रूपमा उपनिषद्लाई मानिन्छ। उपनिषद्को बारे धेरै विद्वान् लेखकहरूले यसको व्याख्या र विवेचना गरी लेखिएका संस्कृत भाषा, हिन्दी भाषा, नेपाली भाषा, अङ्ग्रेजी भाषालगायतामा अनेकौं पुस्तकहरु पाइन्छन्। यसको शाब्दिक अर्थ हो उप+नि+षद्=उपनिषद् हो। उपनिको अर्थ निष्ठापूर्वक वा दृढतापूर्वक अध्ययन गर्नु र षद् भनेको परमात्मालाई प्राप्ति गर्नु हो भनिन्छ। शाब्दिक अर्थ गुरुद्वारा शिष्यलाई सँगै बसेर बताउने रहस्य हो। यसले अद्वैतको उपदेश र आत्मविद्याका तत्त्वहरूको उपदेश दिन्छ।

विशुद्ध तत्त्वज्ञानको निरूपण गर्ने वेदको ज्ञानकाण्डलाई उपनिषद् भनिन्छ। वेदको निष्कर्षलाई बताउने हुनाले यसलाई वेदान्त पनि भनिन्छ। जीव र ब्रह्मको एकता नै उपनिषद्को विषय हो। दुःखको सम्पूर्णतया निवृत्ति र परम आनन्दको प्राप्ति नै उपनिषद्को प्रयोजन हो। त्यसैले ब्रह्मलाई बुझ्न चाहनेहरूले उपनिषद्को अध्ययन गर्नुपर्छ। उपनिषद्हरु सनातन धर्मका मूल आधार हुन्। सम्पूर्ण ज्ञानका स्रोत निराकार अज्ञेय ईश्वर नै यसका प्रणेता मानिन्छ। ईश्वरको अनुग्रह र प्रेरणाले ऋषिमुनिहरूका माध्यमबाट प्रकट भए। तिनीहरु धर्मका प्रवक्ता मानिन्छन्। सुरुमा उपनिषद्हरूको सङ्ख्या ११८० रहेको मानिन्छ। तर कालान्तरमा मानिसहरूको स्मृतिबाट हराउँदै गए। वर्तमान समयमा १०८ ओटा उपनिषद्हरु मात्र भेटिन्छन्। त्यसमा पनि विषय वस्तुको गहनता र महत्वको आधारमा हिजो आज १० ओटा उपनिषद्हरु मात्र चलनचल्तीमा रहिआएको देखिन्छ।

**उपनिषद् र यो टिप्पणीकारको सन्दर्भ**

म सन् १९७५ मा इङ्लान्ड (बेलायत) को बर्कसायर रेडिङ विश्वविद्यालयमा पोष्ट ग्र्याज्युएट डिग्रीको लागि अध्ययनरत विद्यार्थी थिएँ। त्यस विश्वविद्यालयको मूल प्रवेशद्वारमा एक अङ्ग्रेज पहरेदार (पाले ले म नेपालबाट आएको विद्यार्थी भन्ने चिनेर उहाँले मलाई अङ्ग्रेजी भाषामा लेखिएको एउटा किताब उपहार दिनुभयो। त्यो किताब भक्ति वेदान्त स्वामी प्रभुपादज्यूले लेख्नुभएको १२९ पृष्ठ रहेको ईशावास्योपनिषद् थियो। मैले त्यो किताब त्यसै बेला पढेको थिएँ। तर त्यसलाई मैले राम्ररी बुझ्न सकिँन। म नेपालमा फर्किसकेपछि उपनिषद्को बारेमा लेखिएका विभिन्न किताबहरु पढ्न थालेँ र आज यो लेख तिनै किताबहरूको आधारमा तयार गरेको छु।

उपनिषद् विषयका विभिन्न ऋषिमुनि, दार्शनिक, लेखकहरूको नाम चर्चा गर्दा सर्वप्रथम जगतगुरु श्रीशङ्कराचार्यको नाम लिन चाहन्छु। उहाँले खासगरी १० ओटा उपनिषद्हरु १) ईश २) केन ३) कठ ४) प्रश्न ५) मुण्डक ६) माण्डुक्य ७) तैत्तरीय ८) ऐतरेय ९) छान्दोग्य १०) वृहदारण्यक रहेका छन्। यो लेखमा म पहिलो एउटा ईशावास्योपनिषद्मा मात्र सङ्क्षिप्त रूपमा चर्चा गर्न लागेको छु।

**मन्त्र**

मन्त्रको सम्बन्धमा वैज्ञानिकहरूको विचार यहाँ सान्दर्भिक लागेर एउटा किताबबाटा उद्धृत गरी यहाँ जोड्न खोजेँ। विज्ञान न्यूरो साइन्ससँग सम्बन्धित छ। स्नायु विज्ञानले दिमागको व्यवहार र कार्यसँग केकस्तो सम्बन्ध छ ? भनी खोजी गर्छ। मन्त्रको प्रयोगले दिमागको गतिमा स्वाभाविकता ल्याउँछ। व्यक्तिको शारीरिक, मानसिक तथा आत्मिक अवस्थाअनुसार मिल्दो मन्त्र जुल्दो जप गर्नुपर्छ। विभिन्न विषयका अलग-अलग मन्त्रहरू छन्। जस्तै गायत्री मन्त्र, महामृत्युञ्जय मन्त्र, धन, स्वास्थ्य, सफलता, रोगमुक्ति, दीर्घायुको लागि तान्त्रिक मन्त्र हुन्छन्। पौराणिक मन्त्रहरू जोसुकैले पनि जपे हुन्छ। मन्त्र तरङ्ग (Wave) सँग सम्बन्धित हुन्छ अर्थात् कम्पनसँग सम्बन्धित हुन्छ। तान्त्रिक मन्त्र, वैदिक, सनातनी परम्पराका तन्त्रहरू हुन्छन्। विज्ञानी शब्दमा तरङ्ग अध्यात्म विज्ञान (Vibrant Spiritual Science) हो। यसले शरीरको तान (Loom/Fibre) लाई क्रियाशील बनाउँछ। तन्त्र साधना गर्दाको ध्यानले रक्तचाप, कोलोस्टेरोल, तनाव, डिप्रेसनजस्ता कुराहरू हराउँछ। दिमागलाई क्रियाशिल बनाउँछ।

मन्त्र उद्धृत : "पुर्ख्यौली विज्ञान" - प्रा. डा. विद्यानाथ कोइराला, महेश-संस्कत-गुरूकुलम्-रामानन्द अनुसन्धान केन्द्र

**शान्तिपाठ**

कुनै पनि काम गर्नुअघि सर्वप्रथम शान्ति प्रार्थना गर्ने प्रचलन छ। यसअनुरूप यो पाठ यहाँ समावेश भएको पाइन्छ।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते॥
ॐ शान्तिः शान्तिः शान्तिः।

ॐ त्यो परब्रह्म पूर्ण छ र यो कार्यबह्म पनि पूर्ण छ; किनभने पूर्णबाट पूर्ण नै उत्पत्ति हुन्छ। तथा प्रलयकालमा पूर्ण (कार्यब्रह्म)को पूर्णत्व लिएर (आफूमा लीन गरी) पूर्ण (परब्रह्म) नै बाँकी रहन्छ। यो त्रिविध तापको शान्ति हो।

**प्रथम मन्त्र**

ईशा वास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत्।
तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्य स्विद्धनम् ॥१॥

मानिसले कुनै कुराको लोभ नगरी त्यागको भावनाद्वारा नै आफूलाई संसारको आशक्तिबाट जोगाउनुपर्दछ। यो सम्पूर्ण संसार परमात्माकै हो भन्ने विचार गरी लोभलाई नष्ट गर्नुपर्छ। यो मन्त्रले निवृत्ति मार्गका अनुयायीहरूको लागि मार्ग निर्देशन गर्दछ।

**दोस्रो मन्त्र**

कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः।
एवं त्वयि नान्यथेतोऽस्ति न कर्म लिप्यते नरे ॥२॥

सम्पूर्ण संसारमा त्यागपूर्वक हामीले आत्मदृष्टि लगाउनुपर्दछ। त्यसो गर्न नसक्नेले निष्काम कर्मको अनुष्ठान गर्नुबाहेक संसारमा कल्याणको अर्को कुनै तेस्रो बाटो छैन। यस मन्त्रले सकाम र निष्काम दुवै थरी प्रवृत्ति धर्मको निरूपण गरिएको छ।

**तेस्रो मन्त्र**

असुर्या नाम ते लोका अन्धेन तमसाऽऽवृताः।
तांस्ते प्रेत्याभिगच्छन्ति ये के चात्महनो जनाः ॥३॥

अज्ञानी व्यक्ति जन्मिने, मर्ने यो भौतिक शरीरलाई नै आफू भन्ने ठान्दछ। जन्म र मृत्युसँग म पनि जन्मेँ र मरेँ भन्दछ। यो मन्त्रले त्यस्ता आत्मघाती पापीहरूको लागि अज्ञानमय सुँगुर, कुकुर आदि योनिमा जन्म लिने बताइएको छ र अज्ञानीहरू बारम्बार संसार चक्रमा पिल्सिरहन्छन्।

**चौथो मन्त्र**

अनेजदेकं मनसो जवीयो नैनद्देवा आप्नुवन् पूर्वमर्षत्।
तद्धावतोऽन्यानत्येति तिष्ठत्तस्मिन्नपो मातरिश्वा दधाति ॥४॥

आत्मालाई इन्द्रियहरूले भेट्टाउन नसक्ने र त्यसकै आधारमा जगत्को व्यवस्था चल्ने कुरा यहाँ बताइएको छ। आत्माकै सत्ता एवम् चैतन्यलाई पाएर सम्पूर्ण सूक्ष्म शरीरका अभिमानी ती हिरण्यगर्भले सम्पूर्ण ब्रह्माण्डभरि आफ्नो शासन चलाउँछन् भनी आत्मतत्त्वको बारे वर्णन गरिएको छ।

**पाँचौं मन्त्र**

तदेजति तन्नैजति तद् दूरे तद्वन्तिके।
तदन्तरस्य सर्वस्य तदु सर्वस्यास्य बाह्यतः ॥५॥

आत्मतत्त्व वास्तविक रूपमा अचल भए पनि विभिन्न प्राणीहरूको रूपमा त्यही चल्दछ। प्राणीहरूको इन्द्रियले भेट्न नसक्ने भएकोले त्यो टाढाभन्दा टाढा छ, तर हृदयभित्रै साक्षीरूपले रहेकाले त्यो अत्यन्त नजिक पनि छ। सम्पूर्ण प्राणीहरूको भित्र त्यही छ र विश्व ब्रह्माण्डको सीमाभन्दा बाहिर पनि त्यही तत्त्व व्याप्त छ।

**छैठौं मन्त्र**

यस्तु सर्वाणि भूतान्यात्मन्येवानुपश्यति।
सर्वभूतेषु चात्मानं ततो न विजुगुप्सते ॥६॥

जुन व्यक्तिले सम्पूर्ण प्राणीहरू आफूभित्र छन् र ती सबै प्राणीहरूभित्र आफू नै छु भन्ने अनुभव गर्दछ, त्यो व्यक्ति सर्वस्वरूप बन्दछ। आफूभन्दा भिन्न कोही नभएकोले उसले कसैलाई घृणा गर्दैन।

**सातौं मन्त्र**

यस्मिन्सर्वाणि भूतान्यात्मैवाभूद्विजानतः।
तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः ॥७॥

सबैतिर एउटै आत्मतत्त्वलाई देख्ने व्यक्तिका लागि सम्पूर्ण प्राणीहरू आफूभन्दा अभिन्न नै हुन्छन्। यस प्रकार आफ्नो वास्तविक स्वरूपलाई साक्षात्कार गरिसकेपछि ज्ञानी व्यक्तिका शोक र मोह कुनै पनि रहँदैनन्।

**आठौं मन्त्र**

स पर्ययाच्छुक्रमकायमव्रणमस्नाविरं शुद्धमपापविद्धम्।
कविर्मनीषी परिभूः स्वयम्भूर्याथातथ्यतोऽर्थान् व्यदधाच्छाश्वीभ्यः समाभ्यः ॥८॥

स्वयम् प्रकाश आत्मतत्त्वमा शरीरको सम्बन्ध छैन। त्यसमा नाडी, नसा र घाउ चोटपटकहरू छैन। त्यो सर्वज्ञ छ र मन, इन्द्रिय आदिको सबैको मालिक हो। यो मन्त्रले आत्माको निरूपाधिक, निर्विशेष स्वरूपलाई बताइएको छ। सूक्ष्मभन्दा सूक्ष्म र व्यापकभन्दा पनि व्यापक भएको आत्मज्ञानको रहस्य उद्घाटन गरिएको छ। कर्मयोगलाई उपासनासहित गर्नुपर्छ।

**नवौं मन्त्र**

अन्धं तमः प्रविशन्ति येऽविद्यामुपासते।
ततो भूय इव ते तमो य उ विद्यायां रताः ॥९॥

सबै सकाम कर्महरू अज्ञानमय छन्। अज्ञानमय कर्मको अनुष्ठान गर्ने व्यक्तिहरू बारम्बर अज्ञानमय संसारमा फसेका हुन्छन्।

**दशौं मन्त्र**

अन्यदेवाहुर्विद्ययान्यदाहुरविद्यया।
इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे ॥१०॥

देवोपासनाद्वारा देवभावको प्राप्ति र सकाम कर्मद्वारा पदार्थ भोगहरूको प्राप्ति गरी अलग-अलग फल प्राप्त हुने व्यवस्था शास्त्रहरूले गरेका छन्।

**एघारौं मन्त्र**

विद्यां चाविद्यां च यस्तद्वेदोभयं सह।
अविद्यया मृत्युं तीर्त्वा विद्ययामृतमश्नुते ॥११॥

जुन व्यक्तिले कर्म र उपासना यी दुवैलाई साथसाथै अनुष्ठान गर्दछ, त्यो व्यक्तिले धर्मद्वारा दरिद्रता, असक्षमताजस्ता मृत्युलाई टार्दछ भने देवोपासनाद्वारा देवभावरूपी अमृतलाई प्राप्त गर्दछ।

**बाह्रौं मन्त्र**

अन्धं तमः प्रविशन्ति येऽसम्भूतिमुपासते।
ततो भूय इव ते तमो य उ सम्भूत्यां रताः ॥१२॥

अव्यक्त प्रकृतिको उपासना गर्ने व्यक्तिहरू प्रकृतिमा लीन हुन्छन्। तिनीहरू अज्ञानमय संसारभन्दा माथि उठ्न सक्दैनन्। कार्य ब्रह्म हिरण्यगर्भको उपासना गर्ने उपासकहरूले अनेक सिद्धि र ऐश्वर्यहरू प्राप्त गर्ने कारणले झन् बढी अहङ्कारले ग्रस्त भई अन्धकारमा पिल्सिन्छन्।

**तेह्रौं मन्त्र**

अन्यदेवाहुः सम्भवादन्यदाहुरसम्भवात्।
इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे ॥१३॥

कार्यब्रह्म हिरण्यगर्भको उपासनाबाट अनन्त ऐश्वर्य र सिद्धिरूपी फल प्राप्त हुन्छ। अव्यक्त प्रकृतिको उपासनाबाट प्रकृतिलयको अवस्था प्राप्त हुन्छ। दुई थरी उपासनाको रहस्य विद्वान्हरूले बताउने गरिन्छ।

**चौधौं मन्त्र**

सम्भूतिं च विनाशं च यस्तद्वेदोभयं सह।
विनाशेन मृत्युं तीर्त्वा सम्भूत्यामृतमश्नुते ॥१४॥

सम्भूति भनेको कार्यब्रह्म र असम्भूति भनेर त्यसको कारण भएको प्रकृति र व्याकृत हिरण्यगर्भको उपासना सँगसँगै गर्नुपर्ने विधान गरिएको छ।

**पन्ध्रौं मन्त्र**

हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम्।
तत्त्वं पूषन्नपावृणु सत्यधर्माय दृष्टये ॥१५॥

उपासकले आफ्नो उपास्य देवतासँग प्रार्थना गरिएको छ। यस मन्त्रलाई विष्णु, रूद्र देवी आदि सगुण ब्रह्मको उपासकले गरेको प्रार्थनाको रूपमा लिएको छ। कार्यब्रह्म हिरण्यगर्भको उपासना र सगुण ब्रह्मया परमात्माको उपासना गरी दुवै थरी भावमा प्रस्तुत मन्त्रको अर्थ गर्न सकिन्छ।

**सोह्रौं मन्त्र**

पूषन्नेकर्षे यम सूर्य प्राजापत्य व्यूह रश्मीन्समूह।
तेजो यत्ते रूपं कल्याणतमं तत्ते पश्यामि योऽसावसौ पुरुषः सोऽहमस्मि ॥१६॥

प्रजापतिका पुत्र सूर्यलाई आह्वान गरी सूर्य मण्डल अभिमानी चेतन र यो शरीरभित्र अवस्थित चेतन म एउटै हो।

**सत्रौं मन्त्र**

वायुरनिलममृतमथेदं भस्मान्तं शरीरम्।
ॐ क्रतो स्मर कृतं स्मर क्रतो स्मर कृतं स्मर ॥ १७॥

शरीर त्याग गरेपछि मेरो आत्मा लोक-लोकान्तरमा नगई यहाँ समष्टि वायुमा मिलोस् र शरीर पनि भष्म भई यही सकियोस्। ओम्कारको उचारण गरी मैले जीवनभरि उपासना गरेका, हे परमात्मा ! अब तिमीले अनुग्रह गरी ज्ञान प्रदान गर्ने आफ्नो कर्तव्यलाई सम्झ। हे आत्मा ! मेरो साधना र आफ्नो कर्तव्य दुवैलाई नबिर्स।

**अठारौं मन्त्र**

अग्ने नय सुपथा राये अस्मान्विश्वानि देव वयुनानि विद्वान्।
युयोध्यस्मज्जुहुराणमेनो भूयिष्ठां ते नमः उक्तिं विधेम ॥१८॥

हे अग्निदेव ! हामीले जीवनभरि गरेका उपासनाका विशिष्ट फलहरू भोग्नको लागि हामीलाई हिरण्यगर्भको लोकसम्म पुऱ्याऊ।

# बेवारिसे मानिसको उद्धार



काठमाडौं। काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु पुलबाट एक जना सडकमा बेवारिसे मान्छेको उद्धार गरिएको छ। नुवाकोट जिल्ला घर बताउने ३८ वर्षीय दिलबहादुर तामाङ्ग नाम गरेका मानिसलाई उद्धार गरिएको हो। ती मानिसलाई बालाजु प्रहरीको रोहवरमा मानव सेवा आश्रम काठमाडौंमा आश्रयका लागि लगिएको छ।

जागृति टोलका एक स्थानीयले ती बेवारिसे मानिसको अवस्थाको बारेमा जानकारी गराएका थिए। उनको बारेमा जानकारी भएपछि बालाजु १६ को प्रहरी कार्यालय र वडा स्तरीय बाल संरक्षण समितिका सदस्य सचिव जितेन्द्रकुमार श्रेष्ठलाई पनि जानकारी गराइएको थियो। सोही क्रममा प्रहरी जागृति टोलका स्थानीयहरूको सहभागितामा मानव सेवा आश्रामको जिम्मा लगाइएको हो।

काठमाडौं महानगरपालिकालाई बेवारिसे मानवमुक्त बेवारिसे बालबालिका मुक्त बनाउने अभियानहरू विगतदेखि नै चल्दै आएको छ। यसरी बाटामा बेवारिसे अवस्थामा बसेर पैसा माग्ने र उक्त पैसा वेलुका भएपछि कसैले खोसिदिने प्रवृत्ति बढिरहेको गुनासो त्यहाँका स्थानीयहरूको छ।

बालाजु क्षेत्रमा बेवारिसे बालबालिका तथा वयष्क वृद्धहरू सडकमा भौंतारिरहेको अवस्था प्रसस्त देख्न सकिन्छ। मानव आश्रमका प्रतिनिधिहरूले यस किसिमको मानव धर्म गर्नु हामी सबैको कतर्व्य भएकोले जानकारी गराउने मिडियाकर्मी सरोकारवाला पक्षप्रति आभार प्रकट गरेका थिए।

## महासंघका अध्यक्ष ढकालका प्राथमिक कार्य

नेपाल उद्योग वाणिज्य महासंघका नवनिर्वाचित अध्यक्ष चन्द्रप्रसाद ढकाल पहिलो पुस्ताका सफल उद्यमी-व्यवसायी हुन्। महासंघको दुई कार्यकाल कार्यकारिणी समिति सदस्य रहेका ढकालले लगानी समिति, रोजगारदाता परिषद्को सभापति, एसोसिएट उपाध्यक्ष हुँदै वरिष्ठ उपाध्यक्षको जिम्मेवारी सम्हालिसकेका छन्।



ढकालको नेतृत्वमा आइएमई ग्रुपले आफ्नो लगानी तथा उद्यमशीलतालाई सेवा क्षेत्र, पूर्वाधार विकास र उत्पादनमुलक क्षेत्रमा केन्द्रित गरी दुई दर्जनभन्दा बढी कम्पनी स्थापना तथा सञ्चालन गरी व्यवसाय विस्तार गरिरहेको छ। यसअन्तर्गत रेमिट, बैंकिङ, व्यापार, सूचना प्रविधि, सञ्चार, ऊर्जा, पर्यटन, होटल तथा रिसोर्ट, अटोमोबाइल, बिमा, खेलकुद तथा मनोरञ्जनको क्षेत्रका कम्पनीहरू बजारमा प्रतिस्पर्धी र गतिशील छन्। ग्लोबल आइएमई बैंक, नेपाल इन्फ्रास्ट्रक्चर बैंक, आइएमई लिमिटेड, आइएमई जनरल इन्स्योरेन्स, आइएमई डिजीटल सोलुसन्स्, हिमालय पावर पार्टनर, माउन्टेन इनर्जी, चन्द्रागिरि हिल्स लिमिटेड, आइएमई मोटर्स, डिस मिडिया नेटवर्कलगायतका कम्पनीहरूमा आइएमई ग्रुपका हिस्सेदारी छ।

महासंघको नव-निर्वाचित अध्यक्षको रुपमा ढकालले अबको कार्यकालमा पाँच वटा विषयहरू पहिलो- वर्तमान आर्थिक संकट समाधानको रणनीति तयार गर्ने, दोस्रो- लगानीको वातावरण बनाउने,तेस्रो- राज्य र निजी क्षेत्रबीचको साझेदारी सुदृढ गर्ने, चौथो- दक्ष जनशक्ति उत्पादन र रोजगारी सृजना गर्ने,र, पाँचौ- व्यवसायीहरूको मनोबल उच्च बनाउन राज्यको मर्यादाक्रममा निजी क्षेत्रको स्थान निर्धारण गर्ने कामलाई प्राथमिकतामा राखेका छन्।

## भट्टराईलाई राष्ट्रिय प्रतिभा सम्मान



काठमाडौं। साहित्यकार प्राध्यापक डाक्टर गोविन्दराज भट्टराईलाई राष्ट्रिय प्रतिभा सम्मान प्रदान गरिएको छ। सिएम कन्दङ्वा स्मृति कोष मोरङले २०७९ सालको राष्ट्रिय प्रतिभा सम्मान साहित्यकार भट्टराईलाई प्रदान गरेको हो।

बुधबार एभरेष्ट अङ्ग्रेजी आवासीय माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईले सम्मान पत्र प्रदान गरे। भट्टराईलाई एक लाख एक हजार नगदसहित सम्मान गरिएको हो। सोही कार्यक्रमा युवा प्रतिभा सम्मान २०७९ संगीतकार अनिल फागोलाई प्रदान गरिएको छ। उनलाई ५१ हजार राशीसहित युवा सम्मान प्रदान गरिएको हो। स्मृति कोषबाट नै स्थापित शुशीला कन्दङ्वा युवा पत्रकारिता पुरस्कार पत्रकार अर्जुन जम्नेली राईलाई प्रदान गरिएको छ। राईलाई प्रदान गरिएको पुरस्कारको राशि ११ हजार छ।

## राजु अधिकारीका ३ पुस्तक लोकार्पण



जीवनशैली, वैज्ञानिक अध्यात्म तथा योग प्रशिक्षक डा. राजु अधिकारीद्वारा लिखित तीन पुस्तक 'परिवार सुख', 'संस्कारी बन्ने काइदा' र 'हजुरलाई विशेष उपहार' एकसाथ लोकार्पण गरिएको छ।

काठमाडौंको पेप्सीकोलास्थित अक्षरा स्कुलमा शुक्रबार आयोजित विशेष कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त एवम् साहित्यकार दिनेश थपलिया, संस्कृतिविद् डा. गोविन्द टन्डन, साहित्यकार डा. तुलसी भट्टराई र प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले पुस्तक लोकार्पण गरेका हुन्। लोकार्पणसँगै वक्ताहरूले उल्लिखित तीन फरकफरक पुस्तकमा आआफ्ना धारणा राखेका थिए।

कार्यक्रममा डा. गोविन्द टन्डनले अधिकारीको 'संस्कारी बन्ने काइदा' पुस्तक अहिलेको समयमा अति नै सान्दर्भिक रहेको बताए। लोकार्पण कार्यक्रममा प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले असल संस्कारको आवाश्यकता पत्रकारितालगायत सबै क्षेत्रलाई परेको बताए। लेखक डा. राजु अधिकारीले लोकार्पित किताबहरूमा एउटाले भित्री जीवनलाई सिँगार्ने, अर्कोले बाहिरी जीवन सिंगार्ने र तेस्रोले सबैले सबैलाई जोड्ने अर्थात् आफूले अरुसँग जोड्ने काम गर्ने दाबी गरे।

# अमेरिका र चीनको संघर्षमा तानिएको फिलिपिन्सको एक टापु



विष्णु भट्टराई

निलो समुद्रछेउमा अवस्थित लामो बेदाग बलौटे बगर कुनै पर्यटकीय स्थलजस्तो लाग्छ। तर, त्यहाँ पौडी खेल्ने पर्यटक कोही देखिँदैनन्। फिलिपिन्सको उत्तरी छेउमा रहेको यो सानो टापुमा बस्ने दुई हजार बासिन्दा प्रायः किसानी र माझी काम गर्छन्। मकै यहाँको मुख्य बाली हो भने किसानहरू कुखुरा, सुँगुर र बाखा पाल्छन्।

समुद्रले माछाको अभाव हुन दिँदैन। तर, बिस्तारै यो किसानबस्तीमा परिवर्तनका संकेत देखिन थालेको छ। आजकल नौसैनिकको एक समूहले टापुको तटवर्ती क्षेत्रलाई निगरानी गर्न थालेको छ। तटीय गार्डले पनि नियमित रूपमा यस क्षेत्रमा गस्ती गर्छ। चाँडै त्यहाँ एक स्थायी केन्द्र बन्दै छ, जहाँ अमेरिकी सेना बसोवास गर्नेछन्। किन भन्ने बुझ्नलाई एकपटक नक्साको नजर लगाउनुपर्छ। फुगा ताइवानबाट ४०० किमिभन्दा कम दूरीमा अवस्थित छ र दक्षिण चीन सागरलाई प्रशान्त महासागरसँग जोड्ने समुद्रमार्गमा पर्छ, जुन क्षेत्र फिलिपिन्सको रक्षाका लागि महत्वपूर्ण छ। तनाव बढ्न थालेपछि फुगा टापुको माग अचानक बढेको छ।

फुगा टापु फिलिपिन्सको गागेयान प्रान्तमा पर्छ, जुन गत फेब्रुअरीमा अमेरिका र फिलिपिन्सबीच भएको 'इनहेन्स्ड डिफेन्स कोअपरेसन एग्रिमेन्ट (इडिसिए अर्थात् परिष्कृत रक्षा सहयोग सम्झौता) अन्तर्गत अमेरिकी सेना राखिने सम्भावित क्षेत्रमध्ये एक हो। सम्झौताले फिलिपिनी सेना र अमेरिकी सेनाबीच संयुक्त प्रशिक्षण, अमेरिकी सेनाका लागि अस्थायी संरचनाको निर्माण र अमेरिकी सेनाका उपकरण तथा आपूर्तिको भण्डारण अनुमति दिएको छ। पूर्वराष्ट्रपति रोड्रिगो दुतेर्तेको नीतिविपरीत वर्तमान राष्ट्रपति मार्कोस जुनियरले दक्षिण चीन सागरमा चीनको आक्रामकताविरुद्ध दृढ अडान लिएका छन्। उनले चीनको प्रतिरोध गर्न अमेरिका, अस्ट्रेलिया र जापानसँग कूटनीतिक र सुरक्षा सम्बन्धलाई समेत सुदृढ पार्न सुरु गरेका छन्।

फिलिपिन्सले विवादित स्प्राट्ली टापु क्षेत्रमा चिनियाँ तटीय गार्डले खतरनाक हर्कत गरेको भन्दै विरोध जनाउन थालेको छ। फेब्रुअरीमा बेइजिङका तटरक्षकले आफ्ना जहाजमा सैन्य-ग्रेडको लेजर तेर्स्याएको आरोप लगायो। बढ्दो भनाभनबीच मार्कोसले इडिसिएअन्तर्गत उसका पाँचदेखि नौवटासम्म क्षेत्रमा अमेरिकी सेनालाई पहुँच दिने सहमत जनाएका छन्। कुन क्षेत्रमा अमेरिकी सेनालाई पहुँच दिने भन्ने विषयमा छलफल जारी नै छ, तर स्थानीय सैन्य विश्लेषक भने फुगा टापुको रणनीतिक मूल्य एकदम उच्च रहेको बताउँछन्। यस क्षेत्रका अन्य टापुजस्तो नभई एयरपोर्ट र बन्दरगाह पनि निर्माण गर्न सकिने खालको भूआकृति फुगाको छ।

'हामी टापुको रक्षाका लागि यहाँ समुद्री तथा तटरक्षक चाहन्छौँ। हामी गाउँका अधिकारीले मात्र सम्पूर्ण क्षेत्रको निगरानी गर्न सक्दैनौँ। अमेरिकी सेना आउनेबारे गाइँगुइँ सुनिन्छ। उनीहरू आए भने हामी तिनलाई स्वागत नै गर्छौं,' फुगा गाउँ प्रमुख मेल्चोर भिसारियोले भने।

उनका अनुसार उनीमातहतका निकायले टापुको वरिपरि छरिएका ६ वटा समुदायलाई प्रशासन हेर्ने गर्छ। चिनियाँ सेनाले ताइवानमा आक्रमण गर्ने सम्भावनाबीच फुगावासी चीनको आक्रमणमा पर्ने सम्भावनाले त्रसित छन्। 'फुगा फिलिपिन्सको हिस्सा हो। चीनसँग हामी एक्लै लड्न सक्दैनौँ। अमेरिकी सुरक्षाबल आए हामी सुरक्षित हुनेछौँ,' टापु निवासी ४६ वर्षीय मार्लोन एरिकले भने।

फुगाको सम्भावना देख्ने पहिलो मुलुक अमेरिका नभएर चीन थियो। सन् २०१९ मा चिनियाँ कम्पनी फोङ झी इन्टरप्राइज कर्पोरेसनले टापुको नाम रहेको एक निजी कम्पनी 'फुगा आइल्यान्ड होल्डिङ इन्क'सँग दुई अर्ब डलरको परियोजनाअन्तर्गत त्यहाँ 'स्मार्ट सिटी' निर्माण गर्ने सम्झौता गरेको थियो। यद्यपि, यस योजनाले फिलिपिन्सको सुरक्षा संस्थानमा हंगामा मच्चायो, जो चिनियाँहरूलाई देशको सिमानाभित्र पर्यवेक्षणको हैसियत दिने कुरालाई लिएर चिन्तित थिए।



फिलिपिन्सको सेनाले तुरुन्तै फुगामा नौसेना आधार स्थापना गर्न क्षेत्रीय नेतासँग सम्झौता गऱ्यो। स्मार्ट सिटी परियोजना अघि बढेन, तर टापु अवस्थित प्रान्तमा अन्य धेरै चिनियाँ लगानीका परियोजना सञ्चालन गर्ने योजना थियो। जसमा उच्च प्रविधिको औद्योगिक पार्कदेखि विमानस्थल विस्तारजस्ता परियोजना थिए। चार वर्षपछि अब यो टापुमा उपस्थिति जनाउने पालो अमेरिकाको आएको छ। निश्चित रूपमा फुगा टापु दुवै महाशक्ति र फिलिपिन्सका लागि रणनीतिक रूपमा मूल्यवान् छ। यी दुई प्रमुख समुद्रीमार्ग लुजोन स्ट्रेट र वासी च्यानलनजिक भएकाले यिनले दक्षिण चीन सागर र प्रशान्तमा पहुँच प्रदान गर्छन्।

फुगा टापु फिलिपिन्सको गागेयान प्रान्तमा पर्छ, जुन गत फेब्रुअरीमा अमेरिका र फिलिपिन्सबीच सम्पन्न परिष्कृत रक्षा सहयोग सम्झौताअन्तर्गत अमेरिकी सेनालाई पहुँच दिने सहमति भएको क्षेत्रमध्ये एक हो। सम्झौताले फिलिपिनी र अमेरिकी सेनाबीच संयुक्त प्रशिक्षण, अमेरिकी सेनाका लागि अस्थायी संरचनाको निर्माण र अमेरिकी सेनाका उपकरण तथा आपूर्तिको भण्डारण गर्ने अनुमति दिएको छ।

'अमेरिकासँगको सैन्य सम्झौताले नौसेनालाई जहाज र आवागमन निगरानीको अनुमति दिन्छ। साथमा सम्झौताले उत्तरी सिमानामा नौसेना र हवाई अप्रेसन सञ्चालनको आधार प्रदान गर्न अनुमति पनि दिनेछ,' हाल मनिलास्थित अटेनियो स्कुल अफ गभर्नमेन्टका प्राध्यापक सेवानिवृत्त रियर-एडमिरल रोमेल जुड ओङले भने।

'चीनको नौसेनाले हालै ताइवान संकट (नेन्सी पेलोसीको ताइवान भ्रमणपछि उत्पन्न संकटका) का वेला यो मार्ग प्रयोग गरेकाले पनि अमेरिकासँगको सम्झौता महत्वपूर्ण छ,' ओङले भने। ड्यानियल के इनोए एसिया-प्यासिफिक सेन्टर फर सेक्युरिटी स्टडिजका प्राध्यापक एलेक्स वुभिङका अनुसार उत्तरी फिलिपिन्समाथिको अमेरिकी नौसेना पहुँचले उसलाई हाम्रो समयको दुई ठूला शक्ति प्रतिस्पर्धाको मोर्चा ताइवान र दक्षिण चीन सागरसम्मको पहुँच दिन्छ।

समुद्री आवागमनको कठिनाइका कारण यो दुर्गम टापु आफ्नै स्रोतमा भर पर्दै आएको थियो। विशेषगरी सेप्टेम्बरदेखि डिसेम्बरसम्मको हुरीको महिनामा साना डुंगासमेत बाँकी फिलिपिन्सबाट सो टापुमा आउजाउ गर्न सक्दैनन्। यहाँ एक आधारभूत तहसम्म पढाइ हुने विद्यालय छ भने इन्टरनेट सेवा पनि छ। चिकित्सा सुविधाका लागि डुंगाको यात्रा गर्नुपर्ने हुन्छ भने टापुमा एक पुरानो हवाई मैदान भए पनि त्यो टापुको नाम बोकेको निजी कम्पनीको स्वामित्वमा छ। त्यसबाट विमान उडाउन सकिने-नसकिने पनि स्पष्ट छैन।

हिजोआज नौसेना र तटरक्षकको नियमित यात्राले नियमित आपूर्ति हुने स्थिति बनेको छ। नौसेनाले एक विशाल पावर जेनेरेटर ल्याएका छन्। उनीहरू साँझको प्रमुख समाचारका लागि टिभी खोल्छन्, जुन हेर्न भिड लाग्छ। टापुका घरहरू बत्ती बाल्न र फोन चार्ज गर्न साना सौर्य-विद्युत् एकाइमा भर पर्छन्। सरकारी कर्मचारी गत वर्ष टापुका महिलालाई लुगा सिलाइ सिकाउन आएका थिए। कोही महिला बैंकिङ तालिम लिन चाहन्छन्। 'हामीलाई द्वन्द्व सुरु हुने डर छ, सम्भवतः द्वन्द्व नभड्किन पनि सक्छ,' गाउँ प्रमुखकी श्रीमती रुबी भिसारियोले भनिन्।

सन् २०२२ मार्चमा फुगा रहेको नगरपालिका एपारीमा फिलिपिन्स र अमेरिकी सेनाले 'युद्ध अभ्यास' गरे। तटीय रक्षा रणनीति प्रदर्शन गर्न हेलिकोप्टर, समुद्र र जमिनमा चल्ने जहाज र सतहबाट हावामा प्रहार गर्ने क्षेप्यास्त्र प्रतिरक्षा प्रणाली प्रदर्शनमा राखिएका थिए। युद्ध अभ्यासले 'इडिसिएको पूर्वाभास' प्रदान गरेको अपारीका पादरी फादर म्यानुएल क्याट्रलले बताए।

स्थानीयले अमेरिकी सेनाको उपस्थितिलाई स्वागत गरेको र तिनको औजारबाट आफूलगायत स्थानीय निकै प्रभावित भएको उनले बताए। यद्यपि, इडिसिएअन्तर्गतका संयन्त्र निर्माण गर्न र अमेरिकी सेना लामो समय बस्ने हो भने थप छलफल गर्नुपर्ने उनले बताए। युद्ध अभ्यासको समयमा स्थानीयलाई जोगाउन केही माछा मार्ने क्षेत्र भने बन्द गरिएको थियो।

अप्रिलमा फिलिपिन्स र अमेरिकाले 'बालिकाटन' अर्थात् 'काँधमा काँधमा'नामक हालसम्मकै ठूलो संयुक्त सैन्य अभ्यास गर्दै छन्। युद्ध अभ्यास स्थिरता र प्रतिरोध प्रक्षेपण गर्ने गरी डिजाइन गरिएको छ। तर, यस क्षेत्रमा तनाव बढ्दै गएको छ। अमेरिकी सेना आगामी केही वर्षमा ताइवानमाथि चिनियाँ आक्रमण हुने अवस्थालाई लिएर थप निराशावादी बन्दै गएको छ। त्यसैले ताइवानमाथिको आक्रमणको समयमा बेइजिङको सामना गर्न ओकसजस्ता नयाँ सैन्य गठबन्धन गठन भइरहेका छन्। अनिश्चितता बढ्दै जाँदा र आकस्मिक मुठभेडको जोखिम बढ्दै जाँदा, सेवानिवृत्त रियर एडमिरल ओङ भने एउटा कुरामा स्पष्ट छन्- यदि ताइवान संकट द्वन्द्वमा परिणत भयो भने फिलिपिन्स असंलग्न नरही बस्न सक्दैन। 'यही नै यस मुलुकको भूगोलको श्राप हो,' ओङले भने।

*- द गार्जियनबाट*

# तापमान वृद्धि उत्सर्जनमा कटौती : प्रतिवेदन

विश्वव्यापी तापमान वृद्धिलाई औद्योगीकरणअघिको स्तरबाट १.५ डिग्री सेल्सियसमा सीमित गर्ने जलवायु लक्ष्य विश्वले पूरा नगर्ने सम्भावना उच्च देखिएको राष्ट्रसंघले जनाएको छ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय समिति (आइपिसिसी)ले एक प्रतिवेदन सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो। तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न सन् २०३० सम्ममा उत्सर्जन आधाले घटाउनुपर्ने सुझाव पनि प्रतिवेदनमा दिइएको छ।

यो संश्लेषण प्रतिवेदन आइपिसिसीले एन्थ्रोपोजेनिक (मानव गतिविधिबाट भएका) उत्सर्जनका कारण सिर्जित विश्वव्यापी तापमान वृद्धिका कारण र दुष्परिणामबारे सन् २०१५ यता निकालेका सम्पूर्ण प्रतिवेदनको सारांश प्रतिवेदन हो। प्रतिवेदन जारी गर्दै विश्वका प्रमुख जलवायु वैज्ञानिकको यस निकायले औद्योगिक युगपूर्वको स्तरदेखि १.५ डिग्री सेल्सियसको दायरामा तापक्रमलाई कायम राख्न सबै क्षेत्रमा हरितगृह ग्यास उत्सर्जनमा गहन, द्रुत र दिगो रूपले कमी ल्याउनु आवश्यक रहेको जनाएको छ।

'एक लचिलो, बाँच्नयोग्य भविष्य अझै पनि उपलब्ध हुन सक्छ। तर, यसका लागि गहन, द्रुत र दिगो उत्सर्जन कटौती आवश्यक छ। यो दशकमा चालिने कदमहरूले तापक्रमलाई १.५ डिग्री सेल्सियसभन्दा मुनि वा यही सीमाभित्र सीमित राख्न सक्नुपर्छ। हामीले पहल लिन ढिलाइ गऱ्यौं भने नोक्सानी र क्षति बढ्दै जानेछ, र थप मानव एवं प्राकृतिक प्रणालीहरू अनुकूलनको चरम सीमामा पुग्नेछन्,' प्रतिवेदनमा भनिएको छ।

'मानवलाई जोगाउने बरफको परत पातलो हुँदै गएको छ र त्यो पातलो परत पनि एकदमै छिटो पग्लिरहेको छ। जलवायु टाइम-बमको चेतावनी घडी बजिसकेको छ। आइपिसिसी यो प्रतिवेदन जलवायुको टाइम-बम निष्क्रिय कसरी पार्ने भन्ने दिशानिर्देश हो। यो मानवलाई बचाउने गाइड हो।

१.५ डिग्रीको सीमा हासिलयोग्य छ। तर, यसले जलवायु कार्यमा छलांगको




माग गर्छ,' राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले एक भिडियो सन्देशमा भनेका छन्, 'यो प्रतिवेदन हरेक देश र हरेक क्षेत्रलाई समयसीमामा पूरा हुने गरी व्यापक रूपमा फास्टट्र्याकबाट जलवायु प्रयास गर्न एक स्पष्ट आह्वान हो। विश्वलाई अहिले सबै मोर्चामा जलवायु कार्यको आवश्यकता परेको छ।'

गुटेरेसले धनी देशहरूलाई सन् २०४० सम्ममा शून्य उत्सर्जनमा पुग्न र विकासोन्मुख राष्ट्रहरूलाई सन् २०५० को लक्ष्य राख्न आग्रह गरेका छन्। उनले ओइसिडी देशहरूलाई सन् २०३० सम्ममा र अन्यलाई सन् २०४० सम्ममा कोइलाको प्रयोग रोक्न पनि आह्वान गरे।

प्रतिवेदनले महत्वाकांक्षी कदम चाल्न सुझाएको आइपिसिसी अध्यक्ष होसुङ लीले बताए। 'संश्लेषण प्रतिवेदनले थप महत्वाकांक्षी कदम चाल्नुपर्ने आवश्यकतामा जोड दिन्छ र अहिले नै काम गऱ्यौं भने हामीले अझै पनि सबैका लागि बाँच्न योग्य दिगो भविष्य सुरक्षित गर्न सक्छौं भन्ने पनि यो प्रतिवेदनले देखाउँछ,' लीले भने।

सम्पूर्ण घरपरिवारले गर्ने उत्सजर्नमा उच्च उत्सर्जनकर्ता १० प्रतिशत परिवारको हिस्सेदारी ३४-४५ प्रतिशत रहेको र तल्ला ५० प्रतिशतको हिस्सेदारी केवल १३-१५ प्रतिशत मात्रै रहेको पनि प्रतिवेदनले उजागर गरेको छ। जीवाश्म इन्धनको प्रयोगले तीव्र गतिमा विश्वव्यापी उष्णतालाई निम्त्याइरहेकोतर्फ प्रतिवेदनले विशेष जोड दिएको छ।

प्रतिवेदनका अनुसार सन् २०१९ मा विश्वव्यापी हरितगृह ग्यास (जिएचजी) उत्सर्जनको लगभग ७९ प्रतिशत ऊर्जा, उद्योग, यातायात र निर्माण क्षेत्रबाट र २२ प्रतिशत कृषि, वन र भूमिको अन्य प्रयोगबाट भएको थियो।

हामीले पहिलेदेखि नै सामना गर्दै आएका र भविष्यमा भोग्ने हानि, नोक्सानीमा पनि यो केन्द्रित छ। 'जलवायु परिवर्तनको सबैभन्दा ठूलो मार सबैभन्दा कमजोर मानिस एवं पर्याप्रणालीहरूमा पर्नेछ,' आइपिसिसीको विज्ञप्तिमा भनिएको छ। अहिले सही कदम चाल्दा यो प्रतिवेदनले भनेजस्तो दिगो र समतामूलक विश्वका लागि अपरिहार्य रुपान्तरणकारी परिवर्तन हुन सक्ने आइपिसिसीको भनाइ छ।

'तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने हो भने २०३० सम्ममा उत्सर्जनलाई करिब आधाले घटाउनुपर्छ,' आइपिसिसीले भनेको छ। अहिले करिब तीन अर्ब तीस करोडदेखि तीन अर्ब ६० करोड मानिस जलवायु परिवर्तनको उच्च जोखिममा छन्। उनीहरू बाढी, खडेरी र आँधीबाट मर्ने खतरा १५ गुणाले बढेको छ। जलवायु परिवर्तनले खाद्य असुरक्षालाई पनि बढाएको छ। पानीको सुरक्षालाई असर गरेको छ। अत्यधिक गर्मीका कारण रोग र मृत्युदर दुवै बढिरहेको छ। बढ्दो तापक्रम, जलवायु प्रकोपका घटना र जीविकोपार्जन तथा संस्कृतिमा भइरहेको हानि-नोक्सानीले मानसिक स्वास्थ्यका चुनौतीहरूलाई निम्त्याइरहेको आइपिसिसीको ठहर छ।

# जनसंख्यामा विश्वलाई उछिन्दै भारत

आगामी अप्रिल १४ मा चीनलाई उछिन्दै भारतको जनसंख्या १ अर्ब ४२ करोडभन्दा बढी पुग्ने राष्ट्र संघले प्रक्षेपण गरेको छ। सन् २०२१ मा भएको चीनको सातौँ राष्ट्रिय जनगणनाअनुसार चीनको जनसंख्या करिब १ अर्ब ४१ करोड रहेको छ।

सन् २०११ को जनगणनाअनुसार भारतको जनसंख्या १ अर्ब २१ करोड रहेको छ। त्यसयता भारतको जनसंख्या २१ करोड थपिएको छ जुन संख्या ब्राजिलको जनसंख्याबराबर हो। भारतीय विशिष्ट पहिचान प्राधिकरण (यूआईडीएआई) का अनुसार २०२२ को डिसेम्बर ३१ सम्म १ अर्ब ३० करोड मानिस आधार कार्डका लागि दर्ता भएका छन्।

भारतले चीनलाई जनसंख्यामा उछिन्दै गर्दा वासिंटन पोस्टमा गेरी सी र करिष्मा मेहरोत्राले एउटा खोजमूलक समाचार लेखेका छन्। चीनलाई जनसंख्यामा उछिने पनि उक्त संख्यापछाडि ठूलो कथा रहेको उनीहरूको रिपोर्टिङमा उल्लेख छ। भारतमा उत्तर र दक्षिण भेगमा सामाजिक, आर्थिक तथा लैंगिक अवस्था निकै फरक रहेको रिपोर्टमा उल्लेख छ। तमिलनाडु र बिहारका २ महिलाका कथा समेट्दै गरिएको उक्त रिपोर्टिङमा शिक्षा, स्वास्थ्य संस्थाको पहुँच तथा गर्भनिरोधक साधनको उपलब्धताका कुरामा अझै पनि भारतको ठूलो हिस्सा पछाडि रहेको उल्लेख छ।

सन् १९५० देखि लगातार सबैभन्दा बढी जनसंख्या भएको देश हो चीन। भारतको जनसंख्या करिब १ अर्ब ४३ करोड पुगेको अनुमान गरिएको छ। राष्ट्रसंघले सन् १९५० देखि जनगणना गर्न लागेको हो। त्यतिबेला विश्वको जनसंख्या २ अर्ब ५० करोड थियो भने त्यो अहिले ८ अर्ब नाघिसकेको छ। राष्ट्र संघका अनुसार आगामी ३० वर्षमा विश्वको जनसंख्या २ अर्ब बढ्ने छ। सन् २०५० सम्ममा विश्वको जनसंख्या ९ अर्ब ७० करोड पुग्ने अनुमान छ। गत नोभेम्बर १५ मा विश्वको जनसंख्या ८ अर्ब पुगेको थियो।

विश्वकै सबैभन्दा बढी जनसंख्या भएको मुलुक बन्दै भारत

विभिन्न रिपोर्टहरूमा भारतले चीनको जनसंख्यालाई उछिनेको उल्लेख भए पनि भारतले आधिकारिक रूपमा भने पुष्टि गरेको छैन। विज्ञहरूले रोजगारी, घर, साक्षरता दर, बसाइसराइँको प्रवृत्ति, शिशुमृत्युदरलगायतका तथ्यांक अद्यावधिक नभएकाले पनि जनगणनाको अन्तिम तथ्यांक आउन समय लाग्ने बताएका छन्। वास्तविक तथ्यांक थाहा नहुँदा एसियाली अर्थतन्त्रमा प्रभावशाली मुलुकका रूपमा रहेको भारतको सामाजिक तथा आर्थिक योजना तथा रणनीति तयारीमा समेत असर पुग्ने रोयटर्सले जनाएको छ। अहिले पनि सन् २०११ मा भएको जनगणनाको तथ्यांकअनुसार नै सरकारी नीति बन्ने गरेको सांख्यिकी तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयका अधिकारी बताउँछन्।

विपक्षी दल कंग्रेसले सरकारले आफ्ना असक्षमतालाई लुकाउन पनि जनगणनामा ढिलाइ गरेको आरोप लगाएको छ। बेरोजगारीजस्ता राजनीतिक रूपमा संवेदनशील मानिएका विषयवस्तुका तथ्यांक सन् २०२४ को लोकसभा चुनावअघि बाहिर नआओस् भन्ने सत्तारुढ बीजेपीको चाहना रहेको कंग्रेसको आरोप छ। कंग्रेस प्रवक्ता पवन खेराले रोयटर्ससँगको कुराकानीमा भनेका छन्, 'यो सरकारले प्रायः तथ्यांकसँग दुस्मनी अपनाइरहेको छ, महत्त्वपूर्ण विषयहरू कोरोनाका कारण भएका मृत्युका विषयमा। हामीले मोदी सरकारले तथ्यांक लुकाउने कुरालाई कसरी प्राथमिकता दिइरहेको छ भन्ने देखिरहेका छौं।'

जनसंख्याविद्हरू भने भारतको वास्तविक जनसंख्या कहिलेसम्म आउँछ भन्नेमा निश्चित छैनन्। बेल्जियमको क्याथोलिक दु लुभाँ विश्वविद्यालयका जनसंख्याविद् ब्रुनो सुमेकर समाचार संस्था एपीसँगको कुराकानीमा भन्छन्, 'भारतले चीनलाई कहिले उछिन्छ भन्ने कुरा थाहा पाउन हामीलाई गाह्रो छ। भारत मात्र होइन चीनकै जनसंख्याका बारेमा पनि केही अनिश्चितता छन्।'

विभिन्न सर्भेबाट आएका गणितीय लेखाजोखा, जन्म र मृत्युका अभिलेखलगायतको सहायतामा यही अप्रिलको मध्यसम्ममा भारतले चीनलाई उछिन्ने अनुमान गरिएको समाचार संस्था एपीले जनाएको छ। 'यो एक मोटामोटी अनुमान हो, एउटा उत्कृष्ट आकलन,' राष्ट्र संघको जनसंख्या अनुमान तथा प्रक्षेपण शाखाका प्रमुख प्याट्रिक जेर्लान्डले एपीसँगको कुराकानीमा भनेका छन्।

केही वर्षअघिसम्म भारतले चीनको जनसंख्या उछिन्छ भन्ने अनुमान नगरिए पनि चीनमा विगतमा रहेको 'एक सन्तान' नीति र प्रजनन दर घट्दो क्रममा रहेकाले भारत अगाडि आएको हो। अघिल्लो वर्ष मात्र चीनले एक दम्पतीले ३ जनासम्म सन्तान जन्माउन पाउने नीति ल्याएको हो।

भारतमा युवाहरूको संख्या बढी रहेको, प्रजनन दर उच्च रहको र ३ दशकयता शिशु मृत्युदर घटिरहेकाले पनि जनसंख्या बढिरहेको तथ्यांकले देखाउँछ। जनसंख्या कुनै पनि मुलुकको समग्र आर्थिक विकासको आधार हो। काम गर्न सक्ने उमेरको मानिसको संख्या बढी भएकाले पनि भारत श्रमशक्ति र आर्थिक वृद्धिमा अघि बढ्ने अनुमान गरिएको छ। भारतको कुल जनसंख्याको करिब २५ प्रतिशत २५ वर्षमुनि रहेको छ। युवाहरूको संख्या बढी भए पनि सबैलाई रोजगार दिनु भने भारतसामुख चुनौती रहेको छ।

भारतको राजधानी दिल्लीकै जनसंख्या नेपालको भन्दा बढी रहेको छ। दिल्लीको जनसंख्या करिब ३ करोड रहेको छ। सन् १९८४ मा करिब ७० लाख जनसंख्या रहेको दिल्लीको संख्या तीव्र रूपमा बढेको हो। दिल्लीको विकाससँगै बसाइँसराइँ गर्नेको संख्या बढेकाले पनि जनसंख्या बढेको देखिन्छ।

त्यस्तै आर्थिक राजधानीका रूपमा रहेको मुम्बई भारतको सबैभन्दा बढी जनसंख्या हुने सहरमा दोस्रो स्थानमा आउँछन्। मुम्बईमा करिब २ करोड मानिस बसोबास गर्छन्। करिब ४० वर्षमा ९० लाखबाट दोब्बरको संख्यामा मुम्बईको जनसंख्या बढेको छ। त्यस्तै कोलकाताको जनसंख्या करिब १ करोड ५० लाख रहँदा बेंगलुरुको जनसंख्या १ करोड २० लाख रहेको छ।

त्यस्तै चीनका पनि राजधानी बेइजिङ, सांघाईलगायतका सहरमा तीव्र रूपमा जनसंख्या बढिरहेको छ। याङ्त्सी नदीकिनारमा रहेको सांघाईको जनसंख्या करिब २ करोड ७० लाख रहेको छ। सन् १९८४ मा सांघाईमा ७० लाख हाराहारीमा मानिसको बसोबास रहेको थियो। सांघाई चीनको आर्थिक कारोबारको केन्द्र मात्र नभई विश्वकै सबैभन्दा ठूलो सिपिङ हबसमेत हो। त्यस्तै राजधानी बेइजिङको जनसंख्या पनि करिब २ करोड रहेको छ। ठूलो संख्यामा ग्रामीण जनसंख्यासमेत रहेको चोङकिङमा १ करोड ६० लाख मानिस रहेका छन्।

प्रेरक

## अरूको पीडा आफ्नै पीडा बुझ्नु

आयुर्वेदका आचार्य नागार्जुन प्रयोगशालामा रसाएनको परीक्षण गर्न व्यस्त हुन थाले । उनलाई एक सहयोगीको सख्त जरूरत पर्‍यो । यसका लागि उनले सूचना टाँस गरे । सूचनामा एक सहयोगीको आवश्यकता रहेको र इच्छुक व्यक्तिले सम्पर्क गर्ने उल्लेख थियो ।

आचार्य नागार्जुनकोमा दुईजना युवाहरू आइपुगे । उनीहरूमध्ये एकलाई छान्नुपर्थ्यो नागार्जुनले । नागार्जुनले दुवैलाई एउटा रसायन तयार पारेर ल्याउन निर्देशन दिए । आचार्यको आदेशपछि दुवै घर फर्किए ।

भोलिपल्ट दुवैजना आचार्यको प्रयोगशालामा पुगे । दुईमध्ये एकले भन्यो- 'आचार्यज्यू, मेरो घरमा भ्याइ नभ्याई काम थियो । बाबु खुट्टा दुख्यो भन्छन्, खुट्टा थिचिदिनैपर्‍यो । आमा खुट्टो खोच्याउँदै काम गर्न सक्दिन भन्न थाल्नुभयो । दिदी पनि कम्मर दुख्यो भन्दै हुनुहुन्थ्यो । यस्तो अप्ठेरो बेलामा पनि मैले समय निकालेर रसायन बनाएर ल्याएको छु ।

अर्को युवाले भने रसायन बनाउन नभ्याएको बतायो । आचार्यले सोधे- के काम गरेर रसायन बनाउन भ्याएनौ ? युवकले सुनायो- आचार्यज्यू, मेरो छिमेकमा एकजना बूढीमान्छे अचानक बिरामी परिन् । छिमेकीको नाताले मैले रातमा उनलाई रूङ्नुपर्‍यो । रसायन बनाउने फुर्सद नै भएन ।

दुवै युवाको कुरा सुनिसकेपछि आचार्यले रसायन बनाएर ल्याउन नसकेका युवालाई आफ्नो सहयोगीमा लिने निर्णय गरे । उनले ती युवकलाई भने तिमी धन्य छौं अरूको दुःखलाई बुझ्न सक्नु बिरामीको पीडालाई आफ्नै पीडाझैं अनुभव गर्न सक्नु नै चिकित्सा क्षेत्रभित्रको विषय हो । रसायन पनि अरूकै भलाइका लागि तयार गरिन्छ जसले अरूको पीडा र चोटलाई आफ्नै पीडा र चोटका रूपमा लिन सक्दैन त्यसले कस्तो रसायन तयार गर्ला ?

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला । समय दिन नसक्दा नियमित काम बिग्रन सक्छ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । शुभचिन्तकहरू समेत टाढा हुनेछन् । धेरै लगानीपछि कममात्र फाइदा हुनेछ ।

### वृष

नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । पढाइमा ध्यान केन्द्रित हुनाले प्रगति हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । व्यापारमा राम्रै नाफा उठाउन सकिनेछ । प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ । नयाँ कामतर्फ अग्रसर भइनेछ । आम्दानी बढ्नाले जीवनशैलीमा पनि परिवर्तन आउन सक्छ ।

### मिथुन

तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ । समाजले पदीय जिम्मेवारी दिलाउनेछ । नसोचेको अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विभिन्न अवसर दिलाउनेछ । काम देखाएर फाइदा लिने समय छ । शुभचिन्तकहरूको साथले पहिलेको चुनौती समाप्त होला । मिहिनेतले दाम, इनाम र हातपार्न सफल भइनेछ ।

### कर्कट

समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला । परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ । अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला । आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् । समयअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ । भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।

### सिह

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्‍याउनुपर्ला । तर परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । तापनि चुनौतीभित्र अवसर खोज्ने समय छ । सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ । सामान्य कामकै लागि दौडधुप गर्नुपर्नेछ । व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । स्वास्थ्य कमजोर रहनेछ, आहारविहारमा सजग रहनुहोला ।

### कन्या

रमाइलो भेटघाट हुनुका साथै दिगो काम प्रारम्भ हुनेछ । प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । श्रमको उचित मूल्य पाइनेछ । सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ । मिहिनेतले छोटो समयमै उपलब्धि हातलागी हुनेछ ।

### तुला

रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । पुरुषार्थले प्रतिस्पर्धीहरूको मनोबल कमजोर पार्न सकिनेछ । पहिलेका दुश्मनहरूले समेत मित्रताका हात अघि बढाउनेछन् । स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ । मनमा सन्तोष बढ्नेछ । आफन्त तथा मित्रहरुबाट सहयोग मिल्नेछ ।

### वृश्चिक

अवसर र व्यवधानको उतारचढावबाट न्यून प्रतिफल हातपार्न सफल भइनेछ । धैर्य एवं लगनशीलताले मात्र उपलब्धि प्राप्त हुनेछ । कामको मेसो नमिल्दा व्यवहारमा पछि परिनेछ । आफ्ना कामबाट अरूले फाइदा उठाउन सक्छन् । स्वास्थ्य-चिन्ताले पनि सताउनेछ । अध्ययनमा बाधा हुनेछ र लक्ष्य प्राप्त गर्न समय लाग्नेछ । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउला ।

### धनु

अरूको फाइदाका लागि उपयोग भइनेछ भने परिस्थिति आफ्ना लागि अलि प्रतिकूल बन्न सक्छ । छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ । हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ । बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ । आवेशको व्यवहार र असमझदारीले आफन्तजन टाढिन सक्छन् ।

### मकर

दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ । स्रोतसाधन जुट्नाले नयाँ कामतर्फ आकर्षित भइनेछ । मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । रोग र शत्रुमाथि विजय प्राप्त हुनेछ ।

### कुम्भ

प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ । बोली-व्यवहारमा अलि सजग रहनुपर्ला । हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ । नियमित काममा भने साबिकजस्तै फाइदा भइरहनेछ । अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ । विवादास्पद जिम्मेवारी आउनाले सावधानीले मात्र कार्यसिद्धि हुनेछ ।

### मीन

आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । ईर्ष्यालु मन भएकाहरूले सताउनेछन् । साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला । मिहिनेतले नाम र दाम दिलाउन सक्छ । रचनात्मक काम प्रारम्भ हुनेछ भने स्वादिष्ट भोजनको आनन्द पनि प्राप्त हुनेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Quaint = पुरानो ढाँचाको, परम्परागत There are still families that encourage the wearing of quaint clothes by the bridegroom during wedding ceremony अझै पनि यस्ता परिवार छन् जसले विवाहोत्सवमा दुलाहालाई परम्परागत लुगा लगाउन प्रोत्साहन गर्दछन् ।

Rummage = गहिरिएर खोज्नु, खानतलास गर्नु As they rummaged through the abandoned house, they found many old utensils परित्याग गरिएको घर खानतलास गर्दा धेरै पुरानो भाडाहरू फेला परे ।

Striated = चिरा परेको The earthquakes left the area highly striated भूकम्पले जमिनलाई बेस्सरी चिरा पारिदियो ।

Tumult = दंगा Because of the tumult of the mob many people lost their lives भीडमा भएको दंगाले गर्दा धेरै मानिसले आफ्नो ज्यान गुमाए ।

Unscathed = सकुशल Very few soldiers came back unscathed after suppressing the insurgent विद्रोहीहरूलाई दबाई थोरै मात्र सरकारी सेना सकुशल घर फर्के ।

Voyeur = लुकीछिपी हेर्ने व्यक्ति They called Gopal a voyeur as they found him aiming at the bedroom of the neighbours by the binaculars दुर्बिनले छिमेकीको घरको सुत्ने कोठाभित्र हेर्न खोजेको देखेर तिनीहरूले गोपाललाई लुकीछिपी हेर्ने व्यक्तिको रुपमा दर्ज गरे ।

Wrath = क्रोध She turned wrath as she was paid much less than she had expected आशा गरेका भन्दा धेरै थोरै पाएकोमा तिनी क्रोधित बनिन् ।

Appease = कसैलाई केही दिएर शान्त पार्नु, फुल्याउनु She always tries to appease her baby by giving toys तिनी सधैं आफ्नो बच्चालाई खेलौना दिएर फुल्याउन खोज्छिन् ।

Broach = समावेश गर्नु Many political parties opposed the government as it decided to broach religion in the school curriculum विद्यालयको पाठ्यक्रममा धर्मलाई समावेश गर्ने सरकारी निर्णयको सबै विपक्षीहरूले विरोध गरे ।

Contrite = ठुलो गल्ती गरेकोमा पछुताउनु She was contrite the entire week after she behaved very badly with her husband आफ्नो लोग्नेसँग नराम्रो व्यवहार गरेकोमा तिनले पुरै हप्ता पछुताइन् ।

## Close बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Close something = कम गर्नु The runners are trying to close the gap धावकहरू एक अर्कासँगको दूरी कम गर्ने प्रयास गर्दैछन् ।

Close something = बिर्सनु In times of crisis, party leaders should close ranks संकट पर्दा दलका नेताहरूले आफ्नो दर्जाको महत्वलाई बिर्सनु पर्छ ।

Close something = विदा गर्नु They have closed the day with big profit राम्रै नाफा कमाउँदै तिनीहरूले दिनलाई विदा गरे ।

Close down = बन्द गरेर हिँड्नु Lack of good programs, many radio stations have closed down राम्रो कार्यक्रम नभएको कारणले गर्दा धेरै रेडियो स्टेसनले आफ्नो सेवा बन्द गरेका छन् ।

Close in = छोटो हुँदै जानु The days close in gradually when autumn begins हेमन्त ऋतुको शुरुवातसँगै दिन छोटो हुँदै जान्छन् ।

Close on = नजिकिनु The enemies are closing on us by dismantling the barriers बाधा अड्चन भत्काउँदै शत्रुहरू हामीतिर नजिकिदै छन् ।

Close up = निको हुनु Such wound takes many days to close up यस्तो घाउ निको हुन धेरै दिन लाग्छ ।

Close somebody up = एकत्रित हुनु The commander ordered the soldiers to close up कमाण्डरले सिपाहीहरूलाई एकत्रित हुने आदेश जारी गरे ।

Close up for = केही कुराका लागि रोक्नु Now they have closed up for lunch दिउँसोको खानाका लागि भनेर तिनीहरूले काम रोकेका हुन् ।

Close with somebody = घनिष्ट हुनु I can not close a good relation with you म तिमीसँग घनिष्ट हुन सक्दिन ।

### सुडोकु-अंक २९८

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | ३ | | | | | | ४ |
| | | | | ९ | | | | |
| | | | ८ | ७ | ३ | | | ६ |
| | | १ | ६ | | ९ | ५ | | |
| | ७ | ९ | | | | ६ | ८ | |
| | | २ | ५ | | ७ | ४ | | |
| २ | | | ७ | ४ | ६ | | | |
| | | | | ५ | | | | |
| ६ | | | | | | ७ | | ३ |

### अंक २९७ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ६ | १ | ७ | ४ | २ | ३ | ५ | ८ |
| ४ | ५ | ३ | ८ | ६ | ९ | ७ | २ | १ |
| २ | ७ | ८ | १ | ५ | ३ | ९ | ६ | ४ |
| ८ | ९ | २ | ४ | १ | ५ | ६ | ३ | ७ |
| ७ | १ | ५ | ३ | ८ | ६ | ४ | ९ | २ |
| ३ | ४ | ६ | ९ | २ | ७ | ८ | १ | ५ |
| १ | २ | ९ | ६ | ७ | ४ | ५ | ८ | ३ |
| ६ | ८ | ७ | ५ | ३ | १ | २ | ४ | ९ |
| ५ | ३ | ४ | २ | ९ | ८ | १ | ७ | ६ |

# क्रिप्टोकरेन्सीले नेपालमा निम्त्याउने जोखिम

नेपाल राष्ट्र बैंकले पुनः एक पटक क्रिप्टोकरेन्सी कारोबार गैरकानुनी रहेको र कसैले नेपालमा त्यसको कारोबार गरे कारबाही गर्ने चेतावनी दिएको छ। राष्ट्र बैंकले क्रिप्टोकरेन्सीसम्बन्धी जोखिम विश्लेषण गरिएको एउटा प्रतिवेदन सार्वजनिक गर्दै त्यस्तो सूचना पनि निकालेको हो। नेपालको केन्द्रीय ब्याङ्कले यस्तो चेतावनी दिँदै सूचना निकालेको यो पाँचौ पटक हो। क्रिप्टोकरेन्सीसम्बन्धी प्रतिवेदनमा राष्ट्र ब्याङ्कले त्यसका विभिन्न जोखिम औँल्याउँदै कारोबारमा प्रतिबन्ध लगाउनु उपयुक्त भएको उल्लेख गरेको छ।

राष्ट्र ब्याङ्कले निकालेको सूचनामा नेपालमा विदेशी विनिमय वा मुद्राका रूपमा क्रिप्टोकरेन्सीले कानुनी मान्यता नपाएको उल्लेख छ। सूचनामा जनाइएअनुसार भर्चूअल करेन्सी, क्रिप्टोकरेन्सी, नन-फन्जिबल टोकन अर्थात् एनएफटी, डिजिटल एसेट, डिसेन्ट्रलाइज्ड फाइनान्स अर्थात् डेफीजस्ता कुनै पनि कुराले नेपालमा कानुनी मान्यता पाएका छैनन्। त्यस्ता कुराको कारोबारका लागि नेपाल कानुनी ग्राह्य नभएको तथा नेपाल सरकारको जमानत प्राप्त नगरेको पनि त्यसमा उल्लेख छ।

"यस ब्याङ्कले निष्कासन समेत नगरेको तथा कुनै पनि किसिमको सुरक्षण नभएको र यस्तो कारोबारबाट विदेशमा लगानी हुने देखिएकोले भर्चूअल करेन्सी/क्रिप्टोकरेन्सी (स्टेबलकोइन्स समेत), नन-फन्जिबल टोकन (एनएफटी), डिजिटल एसेट, डिसेन्ट्रलाइज्ड फाइनान्स (डेफी) को कारोबार विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ बमोजिम गैरकानुनी रहेको छ।"

यसैबीच नेपाल राष्ट्र ब्याङ्कको विदेशी विनिमय विभागले क्रिप्टोकरेन्सीसम्बन्धी जोखिमको विश्लेषण गर्दै एउटा अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ। राष्ट्र ब्याङ्कका अनुसार विश्वका विभिन्न देशहरूमा भइरहेको क्रिप्टोकरेन्सी कारोबार तथा नियमनसम्बन्धी व्यवस्थाहरूको विष्लेषण गरेर उक्त अध्ययन प्रतिवेदन तयार पारिएको हो। प्रतिवेदन अनुसार "क्रिप्टोकरेन्सी कारोबारबाट देशलाई मात्र नभई त्यसमा संलग्न व्यक्तिलाई समेत विभिन्नखाले जोखिम" हुनसक्छ। उक्त प्रतिवेदनले औँल्याएका मुख्य जोखिम यस्ता छन् -

१. समग्र आर्थिक सन्तुलन कायम नहुने

प्रचलित आर्थिक, मौद्रिक तथा वित्तीय व्यवस्थामा सरकार, केन्द्रीय ब्याङ्क, ब्याङ्क तथा वित्तीय संस्था, बचतकर्ता, ऋणी, सर्वसाधारणलगायत विभिन्न सरोकारवाला पक्ष हुने र सबै पक्षको हित सुनिश्चित हुनेगरी नीतिनियमहरू बनाइएको हुन्छ।तर क्रिप्टोकरेन्सीको कारोबारमा अन्य पक्षहरूलाई समावेश गराइएको हुँदैन। त्यसले गर्दा प्रयोगकर्ता, लगानीकर्ताको स्वामित्व समेत सट्टेबाजी प्रकृतिको भएकाले लगानीलाई अति जोखिममा पार्ने प्रतिवेदनले उल्लेख गरेको छ। वित्तीय मध्यस्थकर्ताको अभावमा क्रिप्टोकरेन्सीको कारोबार जोखिमयुक्त हुने प्रतिवेदनमा उल्लेख छ।

२. वित्तीय स्थायित्वमा जोखिम

उक्त प्रतिवेदनले क्रिप्टोकरेन्सीको प्रयोग बढ्दै गएमा त्यसको प्रभाव वित्तीय क्षेत्रमा पनि पर्ने उल्लेख गरेको छ। त्यसले समग्र वित्तीय स्थायित्वमा नै प्रतिकूल असर पार्न सक्ने राष्ट्र ब्याङ्कको विश्लेषण छ। उसले सन् २०२१ को अक्टोबरमा अन्तर्राष्ट्रिय मुद्राकोषले जारी गरेको ग्लोबल फाइनान्शल स्याबिलिटी प्रतिवेदन (जीएफएसआर) मा पनि क्रिप्टोकरेन्सीलाई विश्वव्यापी वित्तीय स्थायित्वको तीनवटा प्रमुख चुनौतीमध्ये एक भनेको कुरा उल्लेख गरेको छ।

३. मौद्रिक नीति कार्यान्वयनसम्बन्धी जोखिम

राष्ट्र ब्याङ्कको प्रतिवेदनअनुसार क्रिप्टोकरेन्सी प्रचलनमा आउँदा कुनै पनि देशमा मौद्रिक नीति कार्यान्वयनसम्बन्धी जोखिम उत्पन्न हुने सम्भावना रहन्छ। प्रतिवेदनले त्यसले मुद्राप्रदाय तथा ब्याजदरमा केन्द्रीय ब्याङ्कको नियन्त्रण गुमाउन सक्ने जोखिम हुने उल्लेख गरेको छ। "क्रिप्टोकरेन्सी निजी क्षेत्रबाट सञ्चालन हुने र केन्द्रीय ब्याङ्कको नियन्त्रणबाहिर भएकोले यसको प्रयोग भएमा मुद्राप्रदायमा गणना नभई मौद्रिक नीतिको प्रशारण संयन्त्र लगायत सोको प्रभावकारितामा समेत नकारात्मक असर पर्न सक्ने देखिन्छ," त्यसमा भनिएको छ।

४. विदेशी विनिमय सञ्चितिमा जोखिम

अहिले नेपालमा विदेशबाट प्राप्त हुने आम्दानी विदेशी मुद्रामा प्राप्त भई विदेशी विनिमय सञ्चितिमा गणना हुने गरेको छ।अहिलेसम्म नेपालले क्रिप्टोकरेन्सीलाई "रिजर्भ करेन्सी"का रूपमा स्वीकारेको छैन।त्यसले गर्दा क्रिप्टोकरेन्सीको कारोबारबाट विदेशी विनिमय सञ्चितिमा समेत नकारात्मक प्रभाव पर्ने राष्ट्र ब्याङ्कको बुझाइ छ। प्रतिवेदनमा भनिएको छ, "नेपालमा विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत विप्रेषण भएको हुँदा नेपालबाहिर बस्ने नेपाली नागरिकलाई विभिन्न प्रलोभन-प्रभावमा पारी क्रिप्टोकरेन्सीमा लगानी हुन सक्ने र त्यस्तो सट्टेबाजी लगानीले लगानीकर्ताको हित लगायत देशको अर्थतन्त्रमा नै समस्या निम्तिन सक्ने जोखिम रहन्छ।" उक्त प्रतिवेदनअनुसार क्रिप्टोकरेन्सी कारोबार नेपालको विदेशी विनिमयमाथि हुने नियमन र नियन्त्रण समेत गुम्ने खतरा हुन सक्ने उल्लेख गरिएको छ।त्यस्तो नियन्त्रणमा सरकारले आफ्ना नागरिकले विदेशी मुद्रा कति राख्न पाउने वा कुन दरका मात्र राख्न पाउने भन्नेलगायतका नियमनसम्बन्धी विषय पर्छन्।

५. सम्पत्ति शुद्धीकरणको जोखिम

क्रिप्टोकरेन्सी कारोबारमा सहभागी हुने पक्षको पहिचान गोप्य रहने हुँदा विद्यमान ग्राहक पहिचान र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी व्यवस्थाको पालनामा चुनौती थपिने राष्ट्र ब्याङ्कको प्रतिवेदनमा उल्लेख गरिएको छ। सन् २०२१ मा १४ अर्ब अमेरिकी डलर बराबरको अपराध क्रिप्टोकरेन्सीमार्फत् भएको विवरण आएको उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ। त्यस्तै सम्पत्ति शुद्धीकरणसम्बन्धी मामिला हेर्ने निकाय फाइनान्शल टास्क फोर्सले पनि सन् २०१४ मा कारोबारमा संलग्न हुनेहरूको पक्ष गोप्य रहने लगायतका कारणले त्यस्ता गतिविधि हुन सक्ने औँल्याएको कुरा पनि राष्ट्र ब्याङ्कले प्रतिवेदनमा उल्लेख गरेको छ।

६. ग्राहक संरक्षण तथा लगानी असुरक्षाको जोखिम

राष्ट्र ब्याङ्कको प्रतिवेदनले नेपालजस्तो वित्तीय साक्षरता कम भएको देशमा क्रिप्टोकरेन्सीको कारोबार गर्दा ग्राहकहरू "असुरक्षित" हुनसक्ने ठानेको छ।त्यस्तै क्रिप्टोकरेन्सीमा गरेको लगानी पनि असुरक्षित हुने उसको विश्लेषण छ। प्रतिवेदनमा भनिएको छ, "पछिल्लो समयमा एफटीएक्स जस्तो क्रिप्टोकरेन्सीको दोस्रो ठूलो एक्सचेन्ज टाट पल्टिनुले समेत क्रिप्टोकरेन्सीमा हुने लगानी अत्यधिक जोखिमपूर्ण रहेको देखिन्छ।"

७. ठगी र करछलीको जोखिम

क्रिप्टोकरेन्सी कहाँबाट कसले कसरी प्रयोग गरेको हो भन्ने समेत थाहा नहुने भएकाले सहजै ठगी हुन सक्नेतर्फ राष्ट्र ब्याङ्कले सचेत गराएको छ। उक्त प्रतिवेदनमा विभिन्न अध्ययतहरूलाई उद्धृत गर्दै त्यस्तो जोखिम रहेको उल्लेख गरिएको छ। त्यसमा भनिएको छ, "क्रिप्टोकरेन्सीको प्रयोगबाट अवैधानिक क्रियाकलाप, विशेषगरी ठगी तथा कर छली लगायतका कार्य हुन सक्ने देखिन्छ।" "... एउटा निजी फर्मको अनुसन्धानले सन् २०२० मा क्रिमिनल्ली असोसिएटेड बिटकोइन एड्रेसहरूबाट मात्र ३.५ अर्ब अमेरिकी डलर पठाएको देखिन्छ।"

८. वित्तीय मध्यस्थता र अन्तर्राष्ट्रिय सहकार्यमा जोखिम उत्पन्न हुन सक्ने

राष्ट्र ब्याङ्कको प्रतिवेदनमा अन्तर्राष्ट्रिय मुद्राकोष तथा संयुक्त राष्ट्रसङ्घीय निकायहरूका विभिन्न सुझाव तथा प्रतिवेदनलाई उद्धृत गर्दै त्यसको जोखिमबारे उल्लेख गरिएको छ। अन्तर्राष्ट्रिय निकायहरूले विशेषगरी विकासोन्मुख देशहरूका लागि क्रिप्टोकरेन्सीको प्रयोगले वित्तीय जोखिम निम्त्याउने उल्लेख गरेको प्रतिवेदनमा लेखिएको छ। राष्ट्र ब्याङ्कका अनुसार वित्तीय मध्यस्थता नहुने जोखिम पनि क्रिप्टोकरेन्सीको प्रयोगले आउन सक्छ। त्यसमा भनिएको छ, "क्रिप्टोकरेन्सीले विद्यमान वित्तीय मध्यस्थताबिना भुक्तानीसम्बन्धी कार्य गर्ने हुँदा ब्याङ्क तथा वित्तीय संस्थाले गर्ने निक्षेप परिचालन तथा साख सिर्जनालगायतका कार्यमा समेत नकारात्मक असर पर्न गई ब्याङ्क तथा वित्तीय संस्थाको औचित्यमाथि प्रश्न खडा हुने देखिन्छ।"कारोबार गर्न दिए क्रिप्टोकरेन्सीका माध्यमबाट नेपालबाट पुँजी पलायन हुनसक्ने राष्ट्र ब्याङ्कको भनाइ छ

९. मुद्रा निष्कासन गर्ने निकायलाई चुनौती

उक्त प्रतिवेदनले प्रचलित ऐन, कानुन तथा मुद्रासम्बन्धी व्यवस्थामाथि नै क्रिप्टोकरेन्सीको कारोबारले चुनौती थप्ने उल्लेख गरिएको छ। त्यसमा भनिएको छ, "क्रिप्टोकरेन्सी निजी क्षेत्रबाट जारी भएको हुँदा सार्वभौम राज्यबाट निष्कासन हुने गरेको विद्यमान मुद्रासम्बन्धी व्यवस्थामा चुनौती खडा गर्ने हुन्छ।" "क्रिप्टोकरेन्सीको प्रचलनले अर्थतन्त्रमा स्वतः एकभन्दा बढी मुद्रा प्रणाली (द्वय मुद्रा) प्रचलनमा रहने हुन्छ।" त्यस्तो कार्य नेपाल राष्ट्र ब्याङ्क ऐन, २०५८ को दफा ५२ उपदफा १ ले नेपालभित्र मुद्रा निष्कासन गर्न एकाधिकार नेपाल राष्ट्र ब्याङ्कलाई दिएकोमा त्यसमाथि नै चुनौती खडा हुने प्रतिवेदनले जनाएको छ।

१०. पुँजी पलायन हुन सक्ने चिन्ता

राष्ट्र ब्याङ्कले क्रिप्टोकरेन्सीको माध्यमबाट नेपालबाट पुँजी पलायन हुन सक्ने जोखिमको पनि विश्लेषण गरेको छ। यद्यपि उसले आफ्नो प्रतिवेदनमा त्यसलाई "विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने कानुन पालना नहुने" जोखिमको रूपमा उल्लेख गरेको छ। नेपाली कानुनहरूले नेपाली नागरिकलाई विदेशमा लगानी गर्न प्रतिबन्ध लगाएको छ भने नेपालले पुँजीगत कारोबारमा नियन्त्रित व्यवस्था अङ्गीकार गरेको छ।तर क्रिप्टोकरेन्सीको प्रयोगबाट त्यस्तो पुँजीगत कारोबारमाथिको नियन्त्रण गुम्न जाने सम्भावना रहेको राष्ट्र ब्याङ्कले उल्लेख गरेको छ। प्रतिवेदनमा भनिएको छ, "नेपालमा बस्ने नेपाली नागरिकले नेपाल सरकार वा नेपाल राष्ट्र ब्याङ्कले तोकेको अवस्थाबाहेक अन्य कुनै पनि किसिमले विदेशमा लगानी गर्न प्रतिबन्धित रहेको हालको विद्यमान कानुनी व्यवस्थामा क्रिप्टोकरेन्सीमा प्रतिबन्ध नलगाउँदा त्यस्तो नियन्त्रण गुम्न जाने देखिन्छ।"

नेपाल राष्ट्र ब्याङ्कले क्रिप्टोकरेन्सीको नियमनमा कडाइ गर्दै आए पनि कतिपयले यो नयाँ प्रविधिमा आधारित मुद्रा भएकाले त्यसलाई चलाउन दिनुपर्ने मत राख्ने गरेका छन्। यद्यपि नेपालबाट हुने क्रिप्टोकरेन्सीको कारोबार तथा माइनिङप्रति सुरक्षा निकायले निगरानी बढाउनुका साथै नेपाल प्रहरीले कतिपयलाई पक्राउ र कारबाही समेत गरेको छ। सुरक्षा निकायको निगरानी बढेको भन्दै कतिपय क्रिप्टोकरेन्सी कारोबार गरिरहेका नेपाली युवाहरूले पनि खुलेर त्यसको पक्षमा बोल्न चाहँदैनन्।

# Another Mighty Entity Showing Continuous Development of Strategic Force Unveiled in DPRK

## Respected Comrade Kim Jong Un Guides First Test-Fire of New-Type ICBM Hwasongpho-18 on Spot









The DPRK's nuclear war deterrent for self-defence is rapidly developing at increasing speed in keeping with the immutable strategic line and policy of the Workers' Party of Korea and the government of the DPRK to ceaselessly develop the might of the strategic force of the DPRK to turn it into an entity of super power and absolute strength, a powerful force capable of preventing the nuclear holocaust and deterring all sorts of possible dangerous enemy invasions, and a treasured sword for defending justice and peace.

On April 13, 2023, a powerful entity symbolic of the ceaseless development of the strategic force of the DPRK notified the world of its emergence.

A new-type ICBM, Hwasongpho-18, which will fulfill its mission of an important war deterrent as the future core pivotal means of the strategic force of the DPRK, was test-fired.

Kim Jong Un, general secretary of the Workers' Party of Korea and president of the State Affairs of the Democratic People's Republic of Korea, guided the first test-fire of the new-type ICBM on the spot.

The aim of the test-fire was to confirm the performance of the high-thrust solid-fuel engines for multi-stage missiles and the reliability of the stage-jettisoning technology and various functional control systems and to estimate the military feasibility of the new strategic weapon system.

In consideration of the security of the neighboring countries and the safety of the multi-stage-separation of the missile during its flight in the territorial air, the test fire was conducted in the way of applying the standard trajectory flying mode to its first stage and the vertical mode to the second and third stages, and of confirming the technological features of all the components of the weapon system by restricting the maximum speed of the missile through delayed stage separation and motor reactivation.

Kim Jong Un learned about the new weapon system on the spot while watching the pre-launch operation.The launching site, which was to witness once again an important event of great significance in the history of the development of the strategic force of the DPRK under the direct guidance of Kim Jong Un, was seething with the burning will of all the defence scientists and workers in the field of munitions industry to inform the whole world of the emergence of another powerful nuclear attack means of the DPRK and demonstrate the reliable nuclear war deterrence of the state.

Ready for test-fire!

When Kim Jong Un approved the test-fire of the new-type strategic weapon, General Jang Chang Ha ordered the second red flag company under the General Missile Bureau to launch the missile.

The moment, a great entity fully representing the irresistible might of the DPRK began to soar into the sky with fierce flames at its tail, making a thunderous roar.

The test-fire had no adverse effect on the security of the neighboring countries. Its first stage safely landed in the waters 10 km off the Hodo Peninsula in Kumya County, South Hamgyong Province and the second stage in the waters 335 km east of Orang County, North Hamgyong Province.

The test-fire confirmed that all the parameters of the new strategic weapon system fully met the requirements of the design in terms of accuracy, providing guarantee and creditability that the new-type ICBM would serve as a powerful strategic attack means of greater military efficiency.

The Hwasongpho-18 weapon system, to be equipped with and operated by the strategic force of the DPRK under the long-term plan for building the state nuclear force, will perform its important mission and duty as the most powerful, pivotal and principal means in defending the DPRK, deterring aggression and defending the security of the state.

Kim Jong Un expressed great satisfaction at the eye-opening successes while guiding the test-fire. He was pleased with the fact that the DPRK has clearly proved once again the tremendous potentiality and reality of its defence technology further developing as the days go by and powerfully demonstrated its unshakable determination and practical ability to attain the goal for bolstering up the armed forces.

He noted that it is the consistent stand of the Workers' Party of Korea and the DPRK government to steadily and rapidly accelerate the development of more developed and advanced powerful weapon system to cope with the ever-worsening security environment of the Korean peninsula and long-term military threats. He mentioned with pride the significance of the test-fire, saying that the development of the new-type ICBM Hwasongpho-18 will extensively reform the strategic deterrence components of the DPRK, radically promote the effectiveness of its nuclear counterattack posture and bring about a change in the practicality of its offensive military strategy.

Noting that it is an absolute mission and duty to be fulfilled by the DPRK's defence scientists to uphold the WPK and the DPRK government's policy of countering the enemy's nukes and policy of frontal confrontation in kind with practical successes in the development of self-defence capabilities, he set forth the important strategic tasks for further accelerating the bolstering of the nuclear strategic force of the DPRK.

He affirmed that the WPK and the DPRK government would make the enemy, who are imperiling the environment on the Korean peninsula and harassing the Korean people's peaceful life and struggle for socialist construction with their inveterate policy of aggression and threatening military moves, experience a clearer security crisis, and constantly strike extreme uneasiness and horror into them by taking fatal and offensive counter-actions until they abandon their senseless thinking and reckless acts, thus making them feel regret and despair for their wrong choice by surely exposing them to an irresistible threat.

The successful test of the new strategic weapon system serves as an occasion for proving that the nuclear strategic force and the missile scientists and technicians of the DPRK directly responsible for its development always thoroughly and perfectly implement the strategic intention of the WPK, getting fully prepared to carry out their important mission at any time.

# New Street for People Fully Representing Great Ideal of Workers' Party of Korea Inauguration Ceremony of First-stage 10 000 Flats in Hwasong Area Held with Splendor Respected Comrade Kim Jong Un Cuts Inauguration Tape with Senior Party and Government Officials





Monumental edifices symbolic of the development and future of socialism are springing up one after another along with the undying journey of the great Workers' Party of Korea for demonstrating the dignity and status of the country and people to the world and courageously ushering in a new era of overall state prosperity through its strong guidance.

A thriving street under socialism and a new street for the people which will provide the citizens in Pyongyang with more civilized life was built in the Hwasong area near the Kumsusan Palace of the Sun, the sacred temple of Juche, according to the long-term goal of building dwelling houses in Pyongyang set forth by the Party.

True to the noble intention of the Party Central Committee, which set it as the primary policy task to build the people's houses, soldier-builders and civilian-builders have successfully completed another modern city district in a matter of one year by displaying fervent enthusiasm for working miracles and the revolutionary spirit out of their glory and pride of opening up a new era of capital city construction.

The eye-opening reality in which a new magnificent street is built as a large peculiar architectural group every year, reflecting the bright future of Pyongyang, is an epochal change brought about by the unique people-first political idea of the WPK and a vivid proof of the strong spirit and inexhaustible strength of the DPRK which is advancing and leaping forward despite all difficulties, according to the timetable for upsurge and development.

An inauguration ceremony of the first-stage 10 000 flats in the Hwasong area took place with splendor on April 16, adding to the people's joy of significantly celebrating the Day of the Sun, the greatest auspicious holiday of the Korean nation.

Kim Jong Un, general secretary of the Workers' Party of Korea and president of the State Affairs of the DPRK, was present at the ceremony.

He appeared at the venue of the ceremony greeted by the fireworks display and stormy cheers of "Hurrah!"

All the participants raised stormy cheers looking up to the great Comrade Kim Jong Un who is building an ideal socialist society, regarding it as the most important affair of the Party and the state to fulfill the demands and interests of the people and sparing nothing for them.

Present at the ceremony were Kim Tok Hun, member of the Presidium of the Political Bureau of the C.C., WPK, vice-president of the State Affairs Commission of the DPRK and premier of the Cabinet, Jo Yong Won, member of the Presidium of the Political Bureau of the C.C., WPK and secretary for Organizational Affairs of the C.C., WPK, ChoeRyongHae, member of the Presidium of the Political Bureau of the C.C., WPK, first vice-president of the State Affairs Commission of the DPRK and chairman of the Standing Committee of the Supreme People's Assembly, and RiPyongChol, member of the Presidium of the Political Bureau and secretary of the C.C., WPK.

Also present there were Ri Il Hwan and Jon HyonChol, secretaries of the WPK Central Committee, Jong KyongThaek, director of the General Political Bureau of the Korean People's Army, Kim Su Gil, chief secretary of the Pyongyang City Committee of the WPK, members of the construction headquarters of 50 000 flats in Pyongyang, officials of construction units, the service personnel and civilians involved in the construction, and Pyongyang citizens.

It was attended by working people and their families who will live in the new flats successfully completed under the leadership of the Party.

The venue of the ceremony was overflowing with absolute trust and boundless gratitude for the great mother Party, which takes care of the destiny, happiness and future of the people with ardent love and affection, and for the socialist system without parallel in the world.

The national anthem of the DPRK was solemnly played.

Rill Hwan made an inaugural address.

The first-stage flats in the Hwasong area are a monument to the great era of Kim Jong Un eloquently showing for what our powerful strength should become stronger and what our socialist ideal is and by what our state and cause emerge victorious.

He noted that Kim Jong Un, who had worked out a plan to turn the area of the Kumsusan Palace of the Sun into an ideal place where the people's happiness and civilization of socialism come into full bloom, made sure that another grand construction project was launched in the Hwasong area as the second stage of the construction of 50 000 flats in Pyongyang, and indicated in detail the goal and orientation for its completion and energetically led the whole process of the project to build a model district of the modern city.

He noted that the Hwasong area has undergone a dramatic transformation, thanks to the fervent love and dedication by Kim Jong Un who regards the people as the dearest and focuses all his thoughts and deeds on promoting the people's wellbeing.

He, reflecting the boundless respect and reverence of all the builders and other people across the country, extended the highest tribute and warmest thanks to Kim Jong Un who is putting his heart and soul into providing the people with the most dignified, civilized and happiest life.

Thanks to the soldiers and civilians involved in the construction, the ardent patriots and heroes of creation of this era who always support the Party's determination absolutely and perfectly carry it out with matchless courage, activeness and self-sacrificing struggle, the vitality of the people-first politics of our Party has been fully demonstrated, the power for dynamic and encouraging progress redoubled in major worksites for economic development and the improvement of the people's living standard, and a significant success made to significantly glorify this year marking the 75th founding anniversary of the DPRK and the 70th anniversary of the victory in the Fatherland Liberation War, he added.

Saying that the completion of the first-stage flats construction in the Hwasong area will instill firm confidence in a new victory of the revolution and a bright future of great prosperity into all the people of the country and give spurs to the struggle for attaining without fail the grandiose goal set by the Eighth Congress of the Party, he called for dynamically advancing toward the completion of the second-stage construction, holding higher the red flag of the construction headquarters of 50 000 flats in Pyongyang.

The respected Comrade Kim Jong Un cut the inauguration tape together with leading Party and government officials.

Reflecting the highest glory and reverence to Kim Jong Un, the distinguished leader of the people, all the participants broke into thunderous cheers of "Hurrah!", and fireworks were set off and balloons flew up to the sky of meaningful April to gorgeously decorate the Hwasong area.

Waving back to the enthusiastically cheering crowds, he warmly congratulated the soldiers and civilians involved in the construction and the citizens who will live in the new beautiful street.

He met the commanding officers of the KPA units involved in the construction and highly appreciated the efforts of the soldier-builders who are ushering in a new era of great changes in Pyongyang by becoming the main force and spearhead in the efforts for successfully building more than 20 000 flats in just two years.

Saying that to build 50 000 flats in the capital of the country is the long-cherished plan being pushed forward with by the Party and the state as a top priority to provide citizens with more stable and civilized living conditions, he once again referred to the Party's construction policy prioritizing the convenience of the people and the plan to turn Pyongyang into a magnificent world-famous city.

He called upon all the service personnel and civilians involved in the construction to usher in a heyday not only in the capital city construction but also in regional construction with the pride and confidence of being the proud creators and pioneers in the worthwhile struggle for making a new history of prosperity and development in the era of the Workers' Party, in order to accelerate the building of highly civilized society.

Expressing belief that the WPK's construction policy would be perfectly and thoroughly carried out thanks to the powerful army of construction which unconditionally and successfully carries out anything if it is desired by the people and determined by the Party, he sincerely hoped that the citizens who will greet the auspicious event of moving into new houses amid the blessings by the people across the country would enjoy a happy, harmonious and worthwhile life generation after generation.

All the participants raised cheers with excitement, looking up to Kim Jong Un who is ushering in a new era of building a powerful country where the beloved people will enjoy all blessings, demonstrating the vigorous advance and invincibility of Korean-style socialism to the world with eye-opening changes and miraculous successes.

At the end of the ceremony, senior Party and government officials and the participants looked round a new street in the Hwasong area decorated by colorful lights.

Seeing around the blocks of modern flats, where various sky-scrapers, high-rise apartment buildings, public buildings, public service establishments and facilities are located in the area of more than 150 hectares to suit the convenience of citizens, they keenly realized the development of Juche-oriented architecture leaping at the Pyongyang speed of racing against time, and the patriotic loyalty of the solider-builders and the civilian-builders who successfully built another monumental edifice by dint of their indomitable tenacity and boundless creativity.

The masters of the new street, who came to enjoy dream-like fortune under the benevolence of the mother Party, made a pledge of loyalty and repayment to devotedly work for the prosperity of our great state, expressing in tears their excitement at the honor of leading a blessed life with Kim Jong Un as the father of the great socialist family.

The cause of the WPK, a genuine people's Party, which regards it as its immutable nature and firm faith to believe in the people as in heaven and dedicates itself to the people's well-being, will bring about more brilliant changes on this land along with the victorious advance of Korean-style socialism.

## १ खर्ब...

पशुपन्छी विकास मन्त्रालयको ४.५१, गृहको २.७९, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको २.३८, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको २.३ प्रतिशत बेरुजु छ। शहरी विकासको १.९५, खानेपानी मन्त्रालयको १.५६, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको १.५४ र अन्य मन्त्रालयको ४.८८ प्रतिशत बेरुजु रहेको महालेखाले जनाएको छ। प्रतिवेदनअनुसार गत आर्थिक वर्ष १ खर्ब २९ अर्ब रुपैयाँ बराबरको बेरुजू देखिएको छ। हालसम्म फर्स्यौट हुन बाँकी बेरुजू ५ खर्ब ८७ अर्ब ३४ करोड रहेको महालेखाले जनाएको छ।

## मातातीर्थ...

यी आमाहरूले केवल कर्मकाण्डीय आमाको रुपमा मात्र मान्यता पाएका हुनाले यी बाँकी आमाहरू ओझेलमा परेको महशुस हुन्छ।

जन्म भूमिको महत्वको प्रसङ्गमा पुराणमा एउटा यस्तो लोककथा उल्लेख भएको पाइन्छ। जस्तै–"स्वर्ग लोकका राजा विष्णु बैकुण्ठमा रहेका थिए। एक दिन राजा विष्णुसँग उनकी पत्नी लक्ष्मीले केही दिन माइत जान पाउँ भनी विदा मागिन्। त्यसरी नै उनका नोकरले गरुढले पनि दुई-चार दिनको लागि घरविदा मागे। सरस्वती र गरुढको यस्तो कुरा सुनेर स्वर्गका राजा विष्णु तिन छक्क परे। उनले मनमनै सोचे कि "संसारमा सबै भन्दा सुखी ठाँउ भनेर म यस स्वर्ग लोकमा बसीरहेको छु। फेरी आज किन लक्ष्मी र गरुढ आफ्नै गाँउ जान चाहान्छन् त ?" त्यसपछि विष्णुले लक्ष्मी र गरुढ दुवैलाई घर जाने विदा दिए र तिनीहरूको चियो गर्न वा पिछा गर्नको लागि एक एक जना गुप्तचरहरूलाई पठाए। लक्ष्मीको माइत क्षार सागरमा (महासागरमा) थियो। लक्ष्मी माइत पुगेपछि सर्वप्रथम महासागरमा डुबुल्की मारिन् र आफ्ना सँगीहरूसँग बालुवामा खेल्न थालिन्।

उता गरुढ बृन्द्राबनमा (घना जंगलमा) पुगेर रुखका बोक्राहरू ठुङ् मार्दै आफ्ना सँगिहरूसँग सर्प खेदाउन थाल्यो। उनिहरूको पिछा गर्न गएका गुप्तचरले लक्ष्मी र गरुढको सवै कृयाकलापहरूको अवलोकन गरी स्वर्गमा फर्केर आएपछि विष्णुलाई जस्ताको त्यस्तै लक्ष्मी र गरुढको बारेमा खबर सुनायो। अतः राजा विष्णुले लक्ष्मी र गरुढको यथार्थ खबर सुनिसकेपछि यही निष्कर्ष निकाले कि "म सबै भन्दा सुखी स्थान भनी स्वर्गलोकमा बसेको छु तर जन्मभूमि भन्दा ठूलो र सुखी स्थान अर्को कुनै नहुँदो रहेछ।"

आमा सबैको लागि अनुपन र सर्बपृय बस्तु हो। तर हामी मानव जातिले पनि हाम्रो चेतनाको कमिको कारण आमाको ऋण चुकाउन सकिरहेका छैनौ। आमाले आफ्नो स्वर्वस्व दिएर हामीलाई हुर्काउछिन्, बढाउछिन् र शिक्षित नागरिक बनाउछिन्। तर हुर्की, बढी तन्देरी भईसके पछि आफ्नी आमाको योगदानलाई हामी विर्षन थाल्छौं। आमाले भने आफू बाचुन्जेल आफ्ना सन्तानको भलो मात्र चिताइरहेकी हुन्छिन् तर छोरा-बुहारी र छोरी-ज्वाँइहरूलाई चाँहि आमा घाँडो भइसकेको हुदो रहेछ। धेरै उच्च हैसियत प्राप्त गरी सकेका व्यक्तिहरूले पनि आफ्नी आमालाई "बृद्धाश्रम"मा राख्नु यसको ज्वलन्त उदाहरण हो।

नेपालका बृद्धाश्रमहरू अपराधी राख्ने जेल भन्दा राम्रा छैनन्। नेपालीहरूको धर्म र संस्कृति पनि बृद्धाश्रमको बास राम्रो मानिदैन। नेपाली आमाहरू त आफू बाँचुन्जेल आफ्ना सन्ततिलाई आँखा भरी-भरी मायाँ र स्नेह दिएर राख्न चाहान्छन्। आफ्नू आँखाबाट आफ्ना सन्तानहरू कहिल्यै ओझेल भएको देख्न चाँहादैनन्। तर छोरा-बुहारीहरू चाँहि फेरी किन जबरदस्त आफ्ना आमा-बाबुहरूलाई बृद्धाश्रम तर्फ खोरबाखी लाइरहेका छन् त ? यो अत्यन्तै मार्मिक कुरा हो।

बृद्धाश्रमहरू नेपालको परिवेशमा अनाथलय हुन सक्तछन्, जहाँ आफूलाई हेरचाह गर्ने कुनै सन्तान नभएका बृद्ध-बृद्धाहरू रहन सक्तछन्। तर ती बृद्धाश्रमहरू साधन र स्रोत सम्मन्न एवं व्यवस्थित हुन जरुरी छ। यसको लागि सरकारी स्तरवाटै उचित व्यवस्था हुनु नितान्त आवश्यक देखिन्छ।

## राजनीतिक...

ओलीले स्पेनका लागि नेपालको राजदूत समेत बनाएका थिए। थामासेर्कु र यति एयरलायन्स एमालेको ठूलो डोनर हुन्।

**यतिको धन्दामा चुपचाप**

नेपाल ट्रस्टको जग्गामा यति समूहले गरेका अरु काममा समेत अख्तियारले मौनता साँध्यो। ०७६ पुसमा सरकारले नेपाल ट्रस्टको गोकर्णस्थित जग्गा यति समूहलाई थप २५ वर्ष लिजमा दिने भनी अवधि थपिदियो। तत्कालीन नेपाल ट्रस्ट ऐनअनुसार लिजको अवधि लम्ब्याउन कठिनाइ हुने सबै प्रावधान आफू अनुकूल संशोधन गरेपछि मात्रै सरकारले ट्रस्टको सञ्चालक समितिको सिफारिसमा मन्त्रिपरिषद्बाट अवधि थप गर्‍यो। नेपाल ट्रस्टको कार्यालयले राजधानीको कालीमाटीस्थित चार रोपनी जग्गा समेत प्रचलित कानुन मिचेर यति समूहलाई लिजमा दिएको थियो। ट्रस्टले ३० वर्षसम्म करिब १९ करोड रुपैयाँ बुझाउने गरी सम्झौता गरेको हो। यी सबै अनियमिततामा अख्तियार चुपचाप बस्यो। यी सबै बदमासीहरू केपी ओली प्रधानमन्त्री भएका समयमा भएका हुन्।

**ओम्नी प्रकरण**

०७६ चैतमा लकडाउन सुरु भएलगत्तै ओम्नी बिजनेस कर्पोरेट इन्टरनेसनल (ओबीसीआई) सँगको स्वास्थ्य सामग्री र खरिदमा अख्तियारले केही एक्सन लिएन। त्यसबेला कोरोनाका कारण अख्तियारको नियमित काम कारबाही समेत प्रभावित थियो। तर कर्मचारी सवार गाडी खानतलासी गरी रकम जफत गर्ने र रंगेहात खुद्रा मुद्दामा पक्राउ परेकालाई थुनामा यातना दिन सक्ने अख्तियारले ओम्नी समूहको स्वास्थ्य सामग्री खरिदमा समेत चाहेको भए छानबिन गरी मुद्दा चलाउने आधार थियो।

सार्वजनिक खरिद अनुगमन कार्यालयले मन्त्रीकै उपस्थितिमा समिति गठनको काम ऐन अनुकूल नभएको, कार्यालय प्रमुखको जिम्मेवारीमा खरिद हुनुपर्नेमा नभएको भन्दा समेत अख्तियारले छानबिन टुंग्याउन सक्रियता देखाएन। तत्कालीन उपप्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेलका छोरा ओम्नी समूहसँग जोडिएका थिए। तत्कालीन स्वास्थ्यमन्त्री भानुभक्त ढकालको मिलिभगतमा चीनबाट उपयोगमै नआउने करोडौं मूल्यमा स्वास्थ्य सामग्री खरिद गरिएको थियो। सेनाको हेलिकप्टर चार्टर गरी ल्याइएका स्वास्थ्य सामग्री बेकामे भेटिएपछि रक्षामन्त्री ईश्वर पोखरेलप्रति नेपाली सेना असन्तुष्ट भएको थियो। पोखरेललाई रक्षाबाट ओलीले हटाउनु परेको थियो।

**विमान खरिद प्रकरण**

नेपालभित्र भएको अनियमितता मुलुकको संवैधानिक निकायले नदेख्ने तर अरु मुलुकका निकायले बताइदिनुपर्ने अवस्थाको उदाहरण नेपाल वायुसेवा निगमको न्यारोबडी विमान खरिद प्रकरण हो। अनियमितताको कुनै छानबिन नभएको यो प्रकरणमा साढे ४ करोड घूस प्रवाह भएको विवरण फ्रान्सबाट बाहिरियो। ०७६ माघमा फ्रान्सको एयरबस कम्पनीले नेवानिलाई विमान बिक्रीका क्रममा करिब साढे ४ करोड घूस दिएको स्वीकार्‍यो। उसले ३ लाख ४० हजार युरो रकम खर्च गरेको स्वीकारेको हो। १८ लाख डलरको कुल वित्तीय प्रतिबद्धतालाई संकेत गर्दै सम्झौतामा सो भुक्तानी विदेशी सरकारी अधिकारीहरूका लागि घूसका रुपमा प्रयोग भएको उल्लेख थियो। सन् २००९ मा दुबईमा भएको एयर शोमा निगमका तत्कालीन प्रबन्ध निर्देशक सुगतरत्न कंसाकारले वाइडबडी र न्यारोबडीका एयरबस विमान खरिदको सम्झौता पत्रमा हस्ताक्षर गरेका थिए। उनीमाथि ७ लाख ५० हजार डलर बैना भुक्तानीको आरोपमा आयोगले भ्रष्टाचार मुद्दा लगाएको थियो। उनले सर्वोच्चबाट सफाइ पाइसकेका छन्।

संसदको सार्वजनिक लेखा समितिले २०७५ पुस तेस्रो साता तयार पारेको प्रतिवेदन अनुसार वाइडबडी खरिदमा ४ अर्ब ३५ करोड ५६ लाख रुपैयाँ अनियमितता भएको थियो। हालसम्मका कागजातबाट अनियमितताको अंक यकिन गरिएको भन्दै उपसमितिले एयरबस र बिचौलिया कम्पनी हाई फ्लाइ एक्सबीचको कारोबार रकम खुले अनियमितता अझै बढ्ने स्पष्ट पारेको थियो। अनियमितताका सबै विवरण उल्लेख गरिएको यो प्रकरणमा लाउडामा झैँ मुद्दा चलाउने आधार थियो। तर अख्तियारले यस प्रकरणमा कुनै चासो देखाएन। विमान खरिद काण्डमा शेरबहादुर देउवा, केपी ओली, पुष्पकमल दाहाल तीनैजना तानिनेवाला थिए।

**चमेलिया अनियमितता**

सार्वजनिक लेखा समितिले २०७१ मंसिर १७ गते चमेलया जलविद्युत आयोजना निर्माणमा अनियमितता भएको निष्कर्षसहित छानबिन र अनुसन्धान गर्न अख्तियारलाई निर्देशन दिएको थियो। त्यसबेलाको राजेन्द्र केसी संयोजकत्वको छानबिन उपसमितिले करिब ५५ करोड रुपैयाँ अनियमतता भएको निष्कर्ष निकालेको थियो। त्यतिबेला ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीको अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकले १ अर्ब ९ करोड ३८ लाख रुपैयाँको भेरिएसन स्वीकृत गरेको थियो। त्यसमा नीतिगत भ्रष्टाचार भएको थियो। राजनीतिक पावर जोडिएको यो विषयमा मुद्दा नै चलेन, त्यत्तिकै सामसुम पारियो।

**तारागाउँ विकास समिति**

तारागाउँ विकास समितिले बौद्धमा अन्तर्राष्ट्रिय ब्रान्ड हयातका नाममा तारागाउँ रिजेन्सी होटल सञ्चालन गरिरहेको छ। सरकारी ३० प्रतिशत शेयर रहेको तारागाउँ रिजेन्सी होटल लिमिटेडको शेयर। सञ्चालकहरूको मिलेमतोमा ३० प्रतिशतबाट झारेर ९ प्रतिशतमा सीमित गरिएको छ। संसदको अन्तर्राष्ट्रिय सम्बन्धले सांसद अग्नि खरेलको नेतृत्वमा उपसमिति बनायो छानबिनका लागि ०७५ मा। उपसमितिले तारागाउँ विकास समितिको नामको जग्गा विभिन्न बहानामा व्यापारी समूहले कब्जा जमाएको निष्कर्ष निकाल्यो। १५ करोड जग्गा र भवन लगायतमा २ करोड रुपैयाँ गरी १७ करोड रुपैयाँ लगानी रहेकोमा आ.व. ०७२।७३ सम्म तारागाउँ विकास समितिले कुनै प्रतिफल प्राप्त गर्न सकेन। यो खेलमा समितिका विभिन्न कार्यकालका पदाधिकारीहरू र राधेश्याम सर्राफ र दिनेशलाल समूहको मिलेमतो रहेको भनी प्रतिवेदनमा औंल्याइएको थियो।

तारागाउँ विकास समितिमा रहेको ३ सय ४ रोपनीमध्ये १ सय ५० रोपनी जग्गाको लालपूर्ण हाल तारागाउँ होटल्स लिमिटेडका नाममा छ। यो अनियमिततामा अख्तियारले अनुसन्धान गरी छानबिन समेत गरेको थियो। तारागाउँका सञ्चालकहरूले होटलको बाँकी शेयरसमेत हत्याउन अनेक उपाय गरेको कागजात अख्तियारमा पुगेको थियो। उनीहरूले होटल रंगरोगनका नाममा १८ करोड खर्च देखाएका छन्। छानबिन र कारबाही हुने भएपछि व्यापारिक समूहले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बारम्बार भेट गरी त्यसलाई रोके। मुद्दा चलेन फाइल तामेलीमा गयो।

**शिवराज श्रेष्ठ र एनसेल**

नेपाल राष्ट्र बैंकका तत्कालीन डिपुटी गभर्नर शिवराज श्रेष्ठको एउटा निर्णयका कारण १ अर्ब ९२ करोड रुपैयाँ शंकास्पद रुपमा मुलुकबाट बाहिरिएको थियो। श्रेष्ठमाथि छानबिन गर्न सरकारले गठन गरेको समितिले श्रेष्ठ सम्पत्ति शुद्धीकरणको शंकास्पद क्रियाकलापमा संलग्न रहेको आशंकाका साथ कारबाहीका लागि सरकारले नै निर्णय गर्नुपर्ने भनी सिफारिस गरेको थियो। तर सरकारले मन्त्रिपरिषद्बाटै श्रेष्ठलाई कारबाही गर्नु नपर्ने भन्दै उन्मुक्ति दिई पद बहाल गरायो। एनसेलले वैदेशिक लगानीकर्ताहरूले लाभांश लैजाने क्रममा ७७ प्रतिशत मात्रै लाभांश दिनुपर्नेमा शत प्रतिशत दिइएकाले उक्त रकम गैरकानुनी रुपमा मुलुकबाट बाहिरिएको छानबिन प्रतिवेदनमा उल्लेख भए पनि अख्तियारले मन्त्रिपरिषद्ले झैँ उन्मुक्ति दियो।

**पूर्वप्रधानसेनापतिको सम्पत्ति**

पूर्वप्रधानसेनापति राजेन्द्र क्षेत्रीको सम्पत्ति छानबिन को माग राखी परेको उजुरीमाथि समेत अख्तियारले छानबिन गर्न सकेन। नेपाली सेनामाथि अख्तियारले छानबिन गर्न नपाउने भए पनि अवकाश प्राप्त अधिकारीहरूमाथि भ्रष्टाचारको आरोपमा छानबिन गर्न कानुनले छेक्दैन। सेनाले गर्ने खरिद, ठेक्कापट्टा लगायतका क्रियाकलापबाट सैनिक अधिकारीहरूले लाभ लिने गरेको आरोप लाग्दै आएको छ।

**अन्य उदाहरण**

२०७७ सालमा रेल विभागले झापादेखि सुनसरीसम्मको खण्डमा ट्र्याक बेड बनाउने भनी टेन्डर निकालेको थियो। ३४ अर्बको ठेक्कामा तोकिएको सर्तले सीमित प्रतिस्पर्धा गराई राज्यकोषमा झन्डै १० अर्ब बराबरको नोक्सानी हुन लागेको भनी चौतर्फी आलोचना भयो। त्यसबारे परेको उजुरी अख्तियारले छानबिन गरी छोटो अवधिमै ठेक्का अगाडि बढाए हुने भनी अनुसन्धान टुंग्यायो। यो ठेक्कामा केही सत्तासीन शक्ति केन्द्रको रुचिबारे अख्तियारले थाहा पाइसकेको थियो।

ठमेलको छाया सेन्टरको जग्गा अनियमितता बारेको उजुरीमाथि अख्तियारले छानबिन गर्ने हिम्मत नै गरेन। त्यस्तै बालुवाटार जग्गा अनियमिततामा अख्तियारले राजनीतिब तहलाई छुँदै छोएन भन्दा हुन्छ। विजय गच्छदारलाई मात्र दोषी करार गर्न खोज्यो। सुकुम्बासी हैसियतका एमाले नेता विष्णु पौडेलले कुन आय स्रोतले बालुवाटारमा जग्गा किने भनेर खोजी गरेन। नीतिगत भ्रष्टाचारमा संलग्न त्यसबेलाका प्रधानमन्त्रीहरू डा. बाबुराम भट्टराई र माधवकुमार नेपाललाई पाता फर्काउन साहस गरेन। मेलम्चीको ठेक्कादेखि नेपाल टेलिकमको फोरजी विस्तार र प्रहरी प्रधान कार्यालयको खरिदमा भएको अनियमिततामा अख्तियारले अनुसन्धान अघि बढाउन सकेन।

राजनीतिक तहको संलग्नता रहेको नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहका नाइकेहरू केशव दुलाल र सानु भण्डारी लगायत पक्राउ परे। तर मानव तस्करीमा प्रत्यक्ष भूमिका निर्वाह गर्ने तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादल, एमाले सचिव टोपबहादुर रायमाझी, थापाका तत्कालीन सुरक्षा सल्लाहकार इन्द्रजित राई, कांग्रेस नेतृ सुजाता कोइराला, रायमाझीका छोरा सन्दिप र गिरोहमा संलग्न गृहका पदाधिकारीहरूलाई प्रहरीले अहिलेसम्म पक्राउ गर्न सकेको छैन।

सेक्युरिटी प्रेस खरिदमा ७० करोड घूस मागेको तत्कालीन सञ्चारमन्त्री गोकुल बाँस्कोटाको अडियो रेकर्ड बाहिरिँदा पनि अख्तियारले उनीमाथि कारबाही गरेन। माओवादी नेता कृष्णबहादुर महराले चाइनिजहरूसँग पैसा मागेको अडियो रेकर्ड काण्ड त्यत्तिकै सेलायो। मुद्रण कोषका कार्यकारी निर्देशक विकल पौडेल लगायतलाई २ अर्ब ६९ करोड ४० लाख बिगो जरिवाना र कैद सजाय माग गरेको छ विशेष अदालतसँग अख्तियारले। तर सिधै घूस माग्ने तत्कालीन मन्त्री बाँस्कोटालाई अख्तियारले दोषी देखेन। तत्कालीन माओवादी अर्थमन्त्री जनार्दन शर्माले अनाधिकृत व्यक्तिलाई अर्थमन्त्रालयमा प्रवेश गराई करको दर हेरफेर गराउँदा समेत अख्तियारले मौनता साँध्यो। सिसीटिभीको फुटेज लुकाएर शर्मा कारबाहीबाट उम्किए।

अख्तियार पूर्व विशिष्ट कर्मचारीहरूको कुलिङ पिरियड बिताउने ठाउँ जस्तो भएको छ। अख्तियार लगायतका संवैधानिक निकायहरू रिटायर्ड क्लब जस्ता बनेका छन्। अख्तियार प्रयोग गरिसकेका सेवानिवृत्त सचिवहरूलाई संवैधानिक निकायमा भर्ती गर्ने परिपाटी खारेज हुन जरुरी छ। खुला प्रतिस्पर्धाद्वारा लोकसेवा आयोगमार्फत पदाधिकारीहरू नियुक्त गर्ने व्यवस्था नभएसम्म राजनीतिक तहको संलग्नतामा हुने डरलाग्दा भ्रष्टाचारहरूमा शून्य सहनशीलता आउन असम्भव छ।

## रूख र...

देउवाले स्थानीय जनसभालाई सम्बोधन गर्दै भनिसकेका छन्– तपाईंहरूले रामचन्द्रजीलाई जिताएर पठाउनुभयो, मैले राष्ट्रपति बनाएँ अब गोविन्द भट्टराईलाई जिताएर पठाउनोस् मन्त्री बन्नुहुन्छ। तनहुँ २ मा कांग्रेसले पार्टीको सम्पूर्ण शक्ति प्रयोग गरिरहेको छ। महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले त्यहाँ डेराडन्डा नै जमाएका छन्। कांग्रेस नेतृत्व तहको बाक्लै भीड देखिएको छ तनहुँमा। होटल लजहरू कांग्रेसजनहरूले भरिभराउ छन्। गोविन्द भट्टराई स्थानीय भएकाले र कांग्रेस मत राम्रो रहेकाले उनको जितमा पहिले त्यति शंका गरिएको थिएन।

तर जब कांग्रेसकै स्वर्णिम वाग्लेले कांग्रेसबाट विद्रोह गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीको त्यहाँ घन्टी बजाउन पुगे कांग्रेस उम्मेदवार भट्टराई छायामा पर्न थाले। उनको भन्दा बढी चर्चा अहिले वाग्लेकै चलिरहेको छ। वाद, विचार र सिद्धान्तविहीन पार्टीका रुपमा चिनिएको, कार्यनीति र रणनीतिमा समेत स्पष्ट नभएको रास्वपाका लागि वाग्ले पथप्रदर्शक व्यक्तित्व मानिएका छन्। देउवा आरजु गुटको निरन्तर हेपाइका कारण कांग्रेस छोड्नु परेको बताउने वाग्लेलाई जसरी पनि हराएर देउवा देखाइदिने तयारीमा छन्। राष्ट्रिय स्वतन्त्र पार्टी भने वाग्लेले जिते पार्टीको लोकप्रियता चुलिने विश्लेषणमा छ। त्यही भएर नै सायद रास्वपा सभापति रवि लामिछाने आफ्नो चुनावी प्रचार छोडेर तनहुँमा आक्रमक प्रचारमा सरिक भएका छन्। यदि वाग्लेले जिते भने कांग्रेस कार्यकर्ता र समर्थक पंक्तिमा गहिरो मनोविज्ञान उत्पन्न हुन सक्छ। कांग्रेसप्रतिको जनाकर्षण ह्रास हुने मात्र होइन देउवा फोकटलाल सभापतिमा दरिने सम्भावना बढ्छ। नेता तथा कार्यकर्ताहरूको ध्यान रास्वपातिर खिचिनेछ र कांग्रेसमा पहिरो जान बेर लाग्ने छैन। यो यथार्थता पढिरहेको रास्वपाले पार्टीको भएभरको शक्ति तनहुँमा केन्द्रित गरिरहेको छ। रास्वपाका प्रायशः केन्द्रीय पदाधिकारी तनहुँ २ मै ओइरिएका छन्। कांग्रेस किल्ला भत्काएर प्रभुत्व स्थापना गर्न चाहिरहेको छ। यसले देशैभर रास्वपाको लोकप्रियताको मापन गर्न सक्ने सम्भवत रवि र उनको समूहको निचोड हुन सक्छ। तर एउटा क्षेत्रको उपनिर्वाचनको परिणामले सिंगो पार्टीको जनप्रियताको मापन गरिनु राजनीतिमा सही तर्क निकै बलशाली छ। कांग्रेसको भोट बैंक बिथोलिने बुझेको एमालेले त्यहाँ पूर्व आइजी सर्वेन्द्र खनाललाई उठाएको छ। खनाल तनहुँकै हुन्। मंसिर ४ को निर्वाचनमा काठमाडौं क्षेत्र नं. ६ बाट एमाले उम्मेदवार बनेका खनाल रास्वपा उम्मेदवार शिशिर खनालसँग पराजित भएका थिए। भट्टराई र वाग्लेमा कांग्रेसको मत बाँडिने भएका कारण खनाल जित्छु कि भन्ने मनोविज्ञानमा छन्।

बारा २ को निर्वाचन विशेषतः जसपा र त्यसका अध्यक्ष उपेन्द्र यादवको प्रतिष्ठासँग जोडिएको छ। शिवचन्द्र कुशवाहालाई जनमत पार्टीले उम्मेदवार बनाएर यादवलाई चुनौती दिएको छ। कुहबाहा माओवादीबाट जनमतमा बसाइँ सरेका हुन्। मंसिरको चुनावमा उनी झिनो मतान्तरले पराजित भएका थिए। जसपाले रामसहायकप्रसाद यादवलाई उपराष्ट्रपति बनाएपछि बारा २ मा उपनिर्वाचन हुन लागेको हो। उपेन्द्र यादव मंसिरको चुनावमा सप्तरी २ मा जनमतका सिके राउतसँग पराजित भएका थिए। संसद छिर्नकै लागि यादवले कुशवाहको क्षेत्र रोजेका छन्। त्यहाँ एमालेले पुरुषोत्तम पौडेल र रास्वपाले रमेश खरेललाई उम्मेदवार बनाएको छ। मुख्य प्रतिस्पर्धा भने यादव र कुशवाहाबीच नै हुने बताइन्छ।

## सिन्धुज्वाला...

एक लाखदेखि माथिको शेयर उठाइयो। यसरी शेयर उठाएको मध्ये करिब १५ करोड रकम विभिन्न शीर्षकमा खर्च भएको फाँटवारी देखाइएको छ भने बाँकी ४० करोड रकम एक रुपैयाँ पनि बाँकी नराखी सञ्चालकहरूले बाँडीचुँडी आफ्नो घर व्यवहार सुधारेका छन्।

यस सम्बन्धमा डा. गोविन्द पोखरेलसँग जानकारी लिँदा उनले आफू भ्रष्टाचार काण्डमा संलग्न नभएको बताउँदै बद्रीबहादुर कार्की र चूर्णप्रसाद श्रेष्ठले रकम हिनामिना गरेको र त्यसको जिम्मेवारी उनीहरूले लिँदै सञ्चालक समितिलाई निवेदन दिएको बताएका छन्। आफ्नो ७० लाखको मात्र शेयर रहेको र ४ करोड ५० लाख बराबरको शेयर हुनेले मात्र बोर्डमा बस्न पाउने भएकाले आफू अहिले सञ्चालक नरहेको उनले बताएका छन्। महालेखा परीक्षकको जिम्मेवारी निभाइसकेका बद्रीबहादुर कार्कीको हिसाबकिताब राम्रो होला भनेर आफूले लगानी गरेको तर पछि तिनै कार्की र चूर्णप्रसादले कम्पनी डुबाउँदा आफूलाई दुःख लागेको पोखरेल बताउँछन्।

यसैबीच पेरिसडाँडा नजिकै रहेको सिन्धुज्वालाको कार्यालयमा दुई समूहको भाले जुधाइ चलिरहेको छ। चूर्णप्रसाद श्रेष्ठले मनोजकुमार दुवाल र महेशबाबु तामाङ नामका डनहरूलाई अघि सारेर अर्जुनबन्धु रेग्मी अध्यक्ष रहेको समूहलाई कार्यालयबाट लखेटेका छन्। सिन्धुज्वालाका सम्पूर्ण कर्मचारी सडकमा पुगेका छन् भने डनको कब्जामा कार्यालय रहेको जानकारी नाम नबताउने शर्तमा एक जना कर्मचारीले दिएका छन्। चूर्णप्रसाद र अर्जुनबन्धु रेग्मीको समूहले छुट्टाछुट्टै साधारणसभा गरेका थिए भने कम्पनी रजिस्टारले रेग्मी समूहलाई आधिकारिक मानेको थियो। रेग्मीले सिन्धुज्वाला सम्हाल्न थालेपछि १५ करोड नयाँ लगानी गरेर कर्मचारीहरूको बाँकी तलब खुवाएर प्रोजेक्ट अगाडि बढाउने तयारी गरेको थियो। शर्मा एन्ड कम्पनीका रमेश शर्मा लगायतले कम्पनी अगाडि बढाउने प्रयत्न गरेको बेला चूर्णप्रसादको तालाबन्दी र हस्तक्षेपले सतचूर्ण पारेकोले गर्दा कम्पनीका लगानीकर्ताहरूको पैसा फिर्ता नहुने अवस्थामा पुगेको छ।

## व्यापारघाटा...

१७ प्रतिशत कम हो। अघिल्लो बर्षको चैत मसान्तमा व्यापार घाटा १३ खर्ब ६ अर्ब ८ करोड रहेको भन्सार विभागले बुधबार सार्वजनिक गरेको वैदेशिक व्यापारको तथ्याकं २०७९/८० लो सो कुरा देखाएको हो।

सरकारले आयात खुकुलो बनाएसँगै चैतमा यस वर्षकै धेरै आयात भएको हो। भन्सार विभागको तथ्यांक अनुसार चैतमा १ खर्ब ४३ अर्ब १२ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ। यो चालु वर्षकै ८ महिना यताकै सबैभन्दा बढी हो। चैत मसान्तसम्म कुल १२ खर्ब १ अर्ब ५० करोड रुपैयाँ वस्तु आयात भएको छ। सरकारले पुस १ देखि गाडी, मोबाइल लगायत विलासी वस्तुको आयात प्रतिबन्ध खुलाएको थियो भने माघ ५ देखि एलसी खोल्दा चाहिने नगद मार्जिनको प्रावधान हटाएको थियो।

निर्याता व्यापार पनि ९ महिने अवधिमा २६.३४ प्रतिशतले खुम्चिएको छ। गत आवको चैत मसान्त सम्म निर्यात १ खर्ब ६० अर्ब ५७ करोड रुपैयाँ रहेकोमा चालु आबको सोही अवधिमा १ खर्ब १८ अर्ब २७ करोडमा खुम्चिएको हो। चैतसम्म नेपालको वैदेशिक व्यापरमा आयातको हिस्सा ९१.०४ रहँदा निर्यातको हिस्सा ८.९६ प्रतिशत छ। निर्यात घट्दा वैदेशिक व्यापारमा यसको योगदान समेत ९.१८ प्रतिशतले ओरालो लागेको छ।

चैत मसान्तसम्म नेपालले कुल १३ खर्ब १९ अर्ब रुपैयाँ बराबरको कुल वैदेशिक व्यापार गरेको छ। यो अवधिमा नेपालले पेट्रोलियम पदार्थको आयातमा मात्र २ खर्ब ६१ अर्ब रुपैयाँ विदेश पठाएको छ। यसमा नेपाललाई शतप्रतिशत व्यापार घाटा रहेको छ। स्टील र आइरनको आयातमा यो अवधिमा १ खर्ब रुपैयाँ विदेशिएको छ। सोही प्रकृतिका वस्तुको निर्यात ७ अर्ब ३० करोड रुपैयाँ बराबरको गरेको पनि विभागको तथ्यांकले देखाएको छ।

९ महिनामा ३६ अर्ब ४४ करोड रुपैयाँ बराबरको सवारी साधन तथा यसको पार्टपूर्जाको आयात भएको बिभागको तथ्यांकले देखाएको छ। यो अवधिमा २५ अर्ब २५ करोड रुपैयाँ बराबरको तरकारीजन्य वस्तु आयात भएको छ। ९ महिनामा विद्युतीय उपकरण र यसको पार्टपूर्जा आयातमा ७३ अर्ब ६७ करोड रुपैयाँ विदेशिएको छ। नेपालबाट ९ अर्बको कार्पेट निर्यात भएको छ। आयातबाट नेपालले २ खर्ब ७६ अर्ब रुपैयाँ राजस्व संकलन गर्न सफल भएको छ।

नेपाल र भारतबीच नेपालका लागि सबैभन्दा ठूलो वैदेशिक व्यापार हुने गर्छ। आयात र निर्यात दुबैमा भारतसँग नेपालले धेरै व्यापार गर्छ। यो ९ महिनामा भारतबाट ७ खर्ब ५३ अर्ब रुपैयाँको वस्तु आयात हुँदा ८२ अर्ब ९८ करोड रुपैयाँ बराबरको निर्यात भएको छ। भारतसँग नेपालको व्यापार ६ खर्ब ७० अर्ब रुपैयाँले घाटामा रहेको छ। चीनसँग १ खर्ब ६२ अर्बको आयात भएकोमा निर्यात भने मात्र ६३ करोड रुपैयाँको मात्र भएको छ। अमेरिकाबाट १४ अर्ब ४७ करोडको वस्तु आयात भएकोमा १३ अर्ब ९० करोडको निर्यात भएको छ। जसले गर्दा तुलनात्मक रुपमा अमेरिकासँगको व्यापार कम घाटामा देखिन्छ।

## एसएसबीको...

पछिल्लो पटक चैत दोस्रो साता विद्युत् प्राधिकरण बेलौरी शाखाले लाइन व्यवस्थित गर्न खोजेको थियो। विगतमा खेतमा गाडिएको विद्युत् पोललाई हुलाकी सडक किनारमै गाड्न खोज्दा एसएसबीले अवरोध गरेको हो।

सीमा विवाद देखिएको क्षेत्रमा आइतबार प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकाय प्रमुखले अनुगमन गरेका छन्। प्रजिअको टोलीले स्थानीयसँग छलफल र भौगोलिक अवस्थाबारे जानकारी लिएको थियो। 'त्यो क्षेत्रमा कुनै विवाद छैन, नेपालको बस्ती भएको क्षेत्र हो,' प्रजिअ गोपालप्रसाद अर्यालले भने। उनले गत पुसमा भारत उत्तराखण्डको उधमसिंहनगरमा भएको सीमा क्षेत्रका सुरक्षा निकायका प्रमुखको बैठकमा यस विषयमा कुरा भएको बताए।

## सीमा...

बसेपछि अर्को बैठक बस्ने अझै सुरसार छैन। नेपाली अधिकारीहरूका अनुसार भारतीय पक्षले चासो नदिएका कारण बैठक बस्न विलम्ब भएको हो।

नेपाल र भारतको सिमाना सन् १८१६ को सुगौली सन्धि, सोही वर्ष राप्तीपूर्वका भूभाग नेपाललाई फिर्ता भएपछिको पूरक सन्धि र सुदूरपश्चिमका चार जिल्ला नेपालले पाएसँगै सन् १८७५ मा भएको अर्को पूरक सन्धिका आधारमा तय छ। सुस्ता र कालापानीबाहेकका क्षेत्रमा सीमांकन सकिएको छ र त्यस आधारमा सन् २००७ मा एक सय ८२ थान स्ट्रिप म्याप तयार भएको छ।

'बिडब्लुजीलाई सक्रिय बनाएर सुस्ता र कालापानीबाहेकको काम सम्पन्न गर्नुपर्छ। यसमा भएको ढिलाइले दुवै देशको हित हुँदैन। सोही नक्साका आधारमा सीमास्तम्भ मर्मत गर्ने, हराएका स्तम्भ खोज्ने र गाड्नेलगायतका काम गर्ने अख्तियारी दुवै सरकारले उक्त संयन्त्रलाई दिएका थिए। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पहिलो नेपाल भ्रमण (२०७१ साउन)मा बिडब्लुजी गठन गर्ने र तीन वर्षमा सीमांकनसहितका काम सम्पन्न गर्ने सहमति भएको थियो। तर समय अपुग भएपछि ०७४ भदौ १४ गते देहरादुनमा बसेको बिडब्लुजीको चौथो बैठकले सन् २०२२ सम्म काम सम्पन्न गर्ने तय गरेको थियो। कोभिडयता फिल्डमा काम सुरु नहुँदा र केन्द्रमा बैठक बस्न नसक्दा लक्ष्य पूरा भएन। नियमअनुसार बैठक भारतमा बस्नुपर्नेछ।' सीमाविद बुद्धिनारायण श्रेष्ठले भने।

## राजस्व...

रुपैयाँ बराबर राजस्व संकलन गर्ने लक्ष्य लिएकोमा ९ महिना सकिदा ४८.७ प्रतिशत अर्थात ६ खर्ब ८३ अर्ब मात्रै संकलन भएको छ। सो संकलित राजस्वले सरकारको चालु खर्च समेत नधानेको तथ्यांक देखिन्छ। कार्यालयको तथ्यांकअनुसार सो अवधिमा चालु खर्च ७ खर्ब ६ अर्ब छ। चालु खर्च कुल लक्ष्यको ५९.७ प्रतिशत हो। त्यस्तै ९ महिनामा पुँजीगत खर्च जम्मा १ खर्ब ७ अर्ब मात्रै छ। यो लक्ष्यको २८.१९ प्रतिशत मात्रै हो।

## जग्गाको...

भूउपयोग नियमावली-०७९ का अप्ठ्यारा प्रावधान हटाइएको भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले पनि प्रस्ट्याए। गत जेठ २३ मा नियमावली जारी हुँदा मंसिर २३ सम्म कृषि एवं गैरकृषि क्षेत्र छुट्याइसक्नुपर्ने र त्यसपछि १० वटै भागमा वर्गीकरण गर्नुपर्ने नियमावलीमा उल्लेख थियो।

मंसिर २३ पछि पालिकाहरूले १० वटै भागमा वर्गीकरण गर्नुपर्ने व्यवस्था थियो। तर वैशाख ४ सम्म १५६ वटा पालिकाले मात्र वर्गीकरण गरेको भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांक छ। पालिकाहरूले वर्गीकरण नगर्दा घरजग्गा कारोबार र कित्ताकाटमा कमी आएको थियो। यद्यपि महिनैपिच्छे घरजग्गा कारोबार, कित्ताकाट र राजस्वसमेत बढ्दै गएको भूमि विभागको तथ्यांक छ। तर आर्थिक संकट आउनुमा घरजग्गा कारोबार नै मुख्य कारण रहेको र त्यसलाई सल्ट्याउने प्रधानमन्त्री र अर्थमन्त्रीले सार्वजनिक कार्यक्रममै बताउँदै आएका छन्।

मन्त्रालयबाट भू-उपयोग नियमावलीको आवासीय क्षेत्रमा ४ आनाभन्दा कम कित्ताकाट गर्न नपाइने र नियमावली जारी भएको ६ महिनाभित्र कृषि क्षेत्र छुट्याइसक्नुपर्ने दुई प्रावधानलाई तत्काल सम्बोधन गर्नुपर्ने देखिएकाले गृहकार्य सुरु भएको सोमबार मन्त्रालयका सचिव दामोदर रेग्मीले जानकारी दिएका थिए।